सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ जेठ २०८३, मंगलबार (19 May 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आफ्नो पक्षमा दायर रिट तत्काल दर्ता गरेर पेसी तोक्न कामु प्रधानन्यायाधीशको आदेश

न्यायालयबाटै अवज्ञा, संसद्मा पनि उठ्यो प्रश्न । सर्वोच्च र कार्यपालिका आमने-सामने

शिल्पा कर्ण, कमलराज भट्ट

संवैधानिक परिषद्ले सिफारिस गरेका भावी प्रधानन्यायाधीशको संसदीय सुनुवाइ प्रक्रियामा छ । तर, कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले आफूलाई नै प्रधानन्यायाधीश बनाउनुपर्ने मागसहित दायर रिट तत्काल दर्ता गरेर मंगलबारका लागि पेसी तोक्न लिखित आदेश दिएपछि न्यायालयदेखि व्यवस्थापिकासम्म तरंगित भएको छ ।



■ **प्रस्तावित प्रधानन्यायाधीश शर्माको संसदीय सुनुवाइ आज**

■ **निवेदन दर्ता नगर्नु न्यायमार्गमा अवरोध : बार**

मल्लको आदेशपछि मुद्दा दर्ता गर्ने प्रशासनिक निकायको नेतृत्वमा रहेका मुख्य रजिस्ट्रार र रजिस्ट्रार कार्यालय छलेर निस्किए । उता, प्रतिनिधिसभा बैठकमा सत्तारुढ रास्वपा सांसदहरूले मल्लको आदेश सर्वोच्चको प्रशासनिक प्रक्रियामाथिको हस्तक्षेप भन्दै विरोध जनाए ।

वरिष्ठतम न्यायाधीश (मल्ल)लाई प्रधानन्यायाधीश सिफारिस गर्नुपर्ने मागसहित २५ वैशाखमा आएका तीनवटा रिट निवेदन सर्वोच्चले दरपीठ गरेको थियो । त्यसविरुद्ध निवेदकहरू २८ वैशाखमा निवेदन लिएर आएका थिए । तर, दर्ता भएको थिएन । यही गुनासो लिएर निवेदकहरूले सोमबार बिहानै कामु प्रधानन्यायाधीश मल्ललाई भेटेका थिए । त्यसपछि मल्लले सर्वोच्च प्रशासनलाई सोमबारै दिउँसो १ बजेभित्र निवेदन दर्ता गरी मंगलबारका लागि पेसी तोक्न आदेश दिएकी थिइन् ।

जबकि २४ वैशाखमा प्रधानन्यायाधीशमा सिफारिस डा. मनोजकुमार शर्माविरुद्ध संसदीय सुनुवाइ समितिमा उजुरी दिने समयसमेत सकिइसकेको छ । उनीविरुद्ध

» पृष्ठ ७ मा क्रमशः

कामु प्रधानन्यायाधीशको आदेशमा के थियो ?



'...प्रस्तुत विषयमा दर्ता गर्न ल्याएको निवेदन आजै (सोमबार) एक बजेभित्र सबै रिट निवेदनहरू तथा दरपीठ आदेशउपरको निवेदनसमेत दर्ता गरी भोलि मिति ०८३ जेष्ठ ५ गते मंगलबारको तारेख तोकी पेसीमा चढाइ नियमानुसार गर्नू र सोको जानकारी मलाई दिनू भनी यस अदालतको मुख्य रजिस्ट्रारको नाममा यो आदेश गरिदिएको छ ।'



विमल पौडेल

कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लको लिखित आदेश सर्वोच्च प्रशासनबाट कार्यान्वयन भएको छैन । आदेश आएपछि मुख्य रजिस्ट्रार विमल पौडेल र रजिस्ट्रार मानबहादुर कार्की कार्यालयमा थिएनन् । उनीहरू जानी-जानी हिँडेको निवेदनकर्ताहरूको दाबी छ ।

प्रतिनिधिसभा पनि तरंगित, सांसदहरू सवाल-जवाफमा



● **यज्ञमणि न्यौपाने**
सांसद, रास्वपा

कन्फ्लिक्ट अफ इन्ट्रेस्टको प्रिन्सिपल कता-कता आकर्षित भएर आजको दिनमा हठात्मा न्यायाधीशज्यूहरूको चेम्बरबाट कुनै आदेश हुँदै छन् । सर्वोच्च अदालतको कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लको आदेश अहिले छरपस्ट आएको छ । यो आदेश दिने इजलास संयुक्त हो कि, एकल हो कि, बृहत् हो कि पूर्ण इजलास ? संविधानको कुन धाराले गाइड गरेको इजलास हो, यहाँ देखिन्न ।



● **समीक्षा बॉस्कोटा**
सांसद, रास्वपा

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले चेक एन्ड ब्यालेन्स गर्ने हो । तर, यहाँ त सत्ता कब्जा गर्ने नियतले न्यायपालिका त्यो लेबलमा उत्रेर काम गर्न थाल्यो भने यसले न्याय सम्पादन गर्न सक्दैन । सुन्नमा आएअनुसार कामु प्रधानन्यायाधीश आफैंले डेलिगेसन बोलाएर दरपीठ भएका रिटहरूलाई दर्ता गर्न आदेश दिनु कत्तिको न्यायोचित हो ? यो हामीले छलफल गर्नैपर्छ ।



● **ऐन महर**
प्रमुख सचेतक, एमाले

प्रतिनिधिसभा नियमावलीको नियम २१(ग) मा संविधानको धारा १०५ (अदालतमा विचाराधीन मुद्दा र न्यायाधीशहरूको कार्यसम्पादनको विषयमा) ले बहसमा बन्देज गरेका विषयमा छलफल गर्न नहुने व्यवस्था छ । तर, पटक-पटक सदनमा न्यायाधीशहरूका कामकारबाहीमाथि, न्यायाधीशहरू र अदालतको अपमान हुने गरी तथा शक्ति पृथकीकरणको सिद्धान्तलाई खण्डित हुने गरी सांसदहरूले बोलेका शब्दहरू रेकर्डबाट हटाइयोस् ।

वरिष्ठ अधिवक्ता प्रा.डा. गान्धी पण्डित भन्छन्-

न्यायालयभित्र आज देखिएको मजाक माफीयोग्य छैन



संवैधानिक परिषद्को सिफारिसलाई चुनौती दिँदै दर्ता रिटलाई दरपीठ गरेकोमा त्यसविरुद्धको निवेदन दर्ता नगर्ने कार्य गर्नु र धेरै समय लिनु गलत नै हो । यति भन्दै गर्दा कायममुकायम प्रधानन्यायाधीशले च्याम्बरबाट जुन आदेश गर्नुभयो, त्यो भन् गलत भयो । किनकि न्यायाधीशले धारा १३६ अनुसार पेसी चढाउन निर्देशन दिन सक्छ, आदेश होइन । अर्को कुरा, इजलासबाट मात्र आदेश हुने हो, च्याम्बरबाट हुँदैन । फेरि भावी प्रधानन्यायाधीशको संसदीय सुनुवाइ प्रक्रिया चलिरहेको वेला र तीन-चार दिनमा निर्णय हुन सक्ने वेला यो किचलो गरिएको छ । यो मजाक माफीयोग्य छैन । न्यायालय नै राजनीतिको अखडा बनिसकेको छ, यो फोहोर सफा हुनुपर्छ । एकातिर सर्वोच्च, अर्कोतिर दुईतिहाइको सरकार । कार्यपालिका र न्यायपालिकाबिच द्वन्द्व हुने भयो ।

सर्वोच्चका पूर्वरजिस्ट्रार नारायण पन्थी भन्छन्-

समय तोकेरै 'रिट दर्ता गर भन्नू' प्रशासनमाथिको हस्तक्षेप हो



प्रधानन्यायाधीश सिफारिसको निर्णय भएयता कामु प्रधानन्यायाधीशले जुन 'लडाइँ बाँकी छ'जस्ता अभिव्यक्ति दिनुभएको छ ती सबैको आलोकमा अहिलेको न्यायालयलाई हेर्नु उपयुक्त हुन्छ । प्रशासनले न्यायिक प्रक्रिया रोक्न मिल्दैन । अहिले भावी र बहालवालाको चेपुवामा प्रशासन परेकोजस्तो देखिन्छ । प्रधानन्यायाधीश वा न्यायाधीश सौम्य, इमानदार हुने अपेक्षा गरिन्छ । तर, जुन हिसाबले न्यायालयको नेतृत्वकर्ताबाट अभिव्यक्ति आइरहेको छ, त्यसले न्यायालयलाई राम्रो गर्दैन । न्यायाधीशका तर्फबाट बार भिड्दा ठिकै होला, तर न्यायाधीश आफैंले मैले पाउनुपर्छ भन्नु उपयुक्त हुँदैन । फेरि जुन आज समय नै तोकेर ठाडै 'रिट नै दर्ता गर' भनेर आदेश भएको छ, त्यो प्रशासनमाथिको हस्तक्षेप हो । विवादमा आउन नहुने संस्था अहिले यस्तो अवस्थामा पुगेको छ । गन्जागोल भइसक्यो । संस्था कमजोर हुँदा फाइदा कसैलाई हुँदैन ।

विद्याको सदस्यता ओलीले पहिले रोके, अहिले खुलाए



संविधानले नरोके पनि विगतको राजनीतिक परिस्थितिले सदस्यता खारेज गरेको ओलीको स्वीकारोक्ति

(विस्तृत पृष्ठ ३)

सम्भव छ बागमती सभ्यताको पुनर्जीवन



अग्रलेख

● **इन्द्रप्रसाद गोतामे (जगतजंग)**

अव्यवस्थित सहरीकरण, जनसंख्याको तीव्र चाप र दिशाहीन पूर्वाधार विकासले काठमाडौं उपत्यकाका नदीहरूलाई मृतप्रायः बनाएको छ

(पृष्ठ ४)

आर्थिक वृद्धिको प्रमुख शक्ति बन्दै अफ्रिका



विश्व व्यापारमा अफ्रिका महादेशको हिस्सा जम्मा तीन प्रतिशतभन्दा कम छ, यद्यपि यसले विश्वको जनसंख्याको लगभग २० प्रतिशत भाग ओगटेको छ

(पृष्ठ ५)

निर्माणमा हुने ढिलाइ न्यूनीकरण गर्न कानुन मन्त्रालयको प्रतिवेदन

दुई महिनाभित्र पूर्वाधारसम्बन्धी मुद्दा फैसलाको व्यवस्था गर्न सुझाव



एउटा पक्षको तर्फबाट दुई घण्टाभन्दा बढी बहस गर्न नपाउने, फैसलाको पूर्णपाठ २१ कार्यदिनभित्र आउने व्यवस्था गर्नुपर्ने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

समस्याग्रस्त सहकारीका पीडितको बचत फिर्ता सुरु

पहिलो चरणमा १० हजारभन्दा कम बचत गरेकाले रकम पाउने, समस्याग्रस्त २३ सहकारीमा यस्तो संख्या ६ हजारहाराहारी



● **प्रतिभा रावल**
भूमि व्यवस्था तथा सहकारीमन्त्री

समस्याग्रस्त सहकारीका पीडितलाई उनीहरूको बचत फिर्ता दिन थालिएको छ । पहिलो चरणमा १० हजारमुनि बचत गरेकाले रकम पाएपछि क्रमशः अन्यले पाउनेछन् ।

टेकराज थामी/नयाँ पत्रिका

समस्याग्रस्त सहकारीका पीडितले आफ्नो बचत फिर्ता पाउन थालेका छन् । सोमबारदेखि सरकारले समस्याग्रस्त २२ सहकारीका बचतकर्ताको रकम फिर्ता दिन सुरु गरेको हो ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका

» पृष्ठ ७ मा क्रमशः

ऋण असुली प्रक्रिया पनि सुरु

बचतकर्ताको रकम फिर्तासँगै समितिले ऋण असुली कार्य पनि थालेको छ । तथ्यांकअनुसार समस्याग्रस्त २२ सहकारीका १३ हजार ७५ ऋणीबाट २३ अर्ब ६२ करोड ९६ लाख ५८ हजार ७९४ ऋण उठाउन बाँकी छ । ऋण भुक्तानीका लागि समितिले मंगलबार नै सूचना निकालेको छ । ऋण भुक्तानी नगर्ने ऋणीको धारा, बिजुली, सिफारिसजस्ता सार्वजनिक सेवा बन्द गर्ने भनिएको छ । त्यसबाहेक उनीहरूको नाम कालोसूचीमा चढाई सार्वजनिक गरिनेछ । सम्पत्ति लिलाम हुनेछ र कैद एवं जरिवानासमेत तोकिनेछ । यसरी असुल गरिएको ऋण कोषमा दाखिला गरिनेछ । त्यसबाहेक ठगीमा संलग्न सहकारीका सञ्चालक, कर्मचारी, बोर्ड सदस्यबाट रकम असुल गरिनेछ । त्यसमध्ये केही रकम सरकारलाई शोधभर्ना गरिनेछ भने बाँकी रकम बचतकर्तालाई फिर्ता गरिनेछ । समितिका अनुसार सम्बन्धित सहकारीबाट उठेको रकम सोही सहकारीको बचतकर्तालाई फिर्ता गरिनेछ ।

होल्डिङ सेन्टरमा आश्रय लिइरहेका सुकुमवासी परिवारले खोले गुनासाका पोका

■ पीडा, आँसु, आक्रोश र अनिश्चित भविष्य बोकेर बनेपाको होल्डिङ सेन्टरमा बसेकाहरूले भेट्न पुगेको संसदीय समितिसमक्ष बालबालिकाको मानसिक स्वास्थ्यमा परेको असरदेखि रोजगारी र औषधि खान नपाएको पीडा पोखेका छन् ।

■ होल्डिङ सेन्टरमा बसेकाहरू भन्दै थिए-
'डोजर चलेपछि बच्चाहरू बोल्नै छाडे, हामीमाथि अनागरिकझैं व्यवहार भएको छ ।'





बनेपास्थित होल्डिङ सेन्टरमा राज्य व्यवस्था समितिको टोली । तस्बिरहरू : **अमुल थापा**/नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

उपत्यकाका नदीकिनारबाट हटाइएपछि बनेपास्थित होल्डिङ सेन्टरमा आश्रय लिइरहेका सुकुमवासी परिवारले सोमबार पुगेको संसदीय टोलीसमक्ष पीडा, आँसु, आक्रोश र अनिश्चित भविष्यमिश्रित असुरक्षाका गुनासा पोखेका छन् । गुनासा पोखेकाहरूका अनुसार बच्चाहरू

» पृष्ठ ७ मा क्रमशः



Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रिय कार्यालय:
चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np
Website: www.gurkhasfinance.com.np

धितोमा रहेको सम्पत्ति पूनः लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सुचना

(प्रकाशित मितिः २०८३।०२।०५ नयाँपत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिनु भएको कर्जा रकम संस्थासंग कर्जा लिदा गर्नु भएको शर्त कबुलियत बमोजीम भुक्तानी नगरी शर्तहरू उल्लंघन गर्नु भएकोले बक्यौता रकम भुक्तानीका लागि संस्थाबाट पटक-पटक मौखिक, लिखित तर-ताकेतागर्नुका साथै कर्जा चुक्ता/भुक्तानी गर्न आउन भनि ३५ (पैंतिस) दिने सार्वजनिक सूचना, धितोमा रहेको सम्पत्ति लिलाम विक्री सम्बन्धी विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीहरू तथा जमानीकर्ताहरूले सोको पूर्ण बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले पूनः यो सूचना प्रकाशित गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना लगायतका अन्य दै दस्तुर समेत चुक्ता/भुक्तान गर्न/गराउनको लागि सम्बन्धित ऋणी, जमानतकर्ताहरू समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ताहरू लगायत सम्बद्ध सबैलाई ने.रा. बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई जारी एकीकृत निर्देशन, बमोजीम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा जानकारी गराउदै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ र अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणीले कर्जा लिंदा सुरक्षण वापत यस संस्थालाई धितो बन्धक लेखि/लेखाई दिएको तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरिने भएको हुँदा खरिद गरि लिन चाहने व्यक्ति, संघ संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा निम्न मिति, समय र स्थानमा निम्न शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन आव्हान गरिन्छ । प्राप्त शिलबन्दी फारमहरू आठौं दिन (सो दिन बिदा भएमा सो को भोली पल्ट) खोलिने हुँदा सो सम्पत्ति खरिद गरी लिन इच्छुक महानुभावहरूको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारण बस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति वित्तीय संस्था आँफैले सकार गरी लिन वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजीम वित्तीय संस्थाले लेना रकम असुल उपर गरी लिन सक्नेछ । उक्त सम्पत्तिबाट वित्तीय संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजीम बाँकी लेना रकम असुल उपर गर्नका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा अन्य आवश्यक कानूनी कारवाही समेत अगाडी बढाईने व्यहोरा सम्बन्धीत सरोकारवाला सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

क्र.सं	ऋणीको विवरण
१.	**शाखा कार्यालय : डिल्लीबजार, काठमाडौं (शिर्षक : व्यापार कर्जा)** नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा मिति २०६६/०६/०१ मा दर्ता भई दर्ता नं. ६६३० ९/०६६/०६७ र स्थायी लेखा नं. ३०३८१७४९५ कायम भएको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४, कुलेश्वर स्थित रजिष्टर्ड कार्यालय रहेको **अल्पाइन अफसेट प्रेस प्रा.लि.** **जमानीकर्ताको विवरण** (१) रत्नमान श्रेष्ठको नाति, तिल नारायण श्रेष्ठको छोरा, झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ४ स्थायी वतन भई हाल का.जि.का.म.न.पा. वडा नं. १४ बस्ने **दिनेश कुमार श्रेष्ठ (ना.प्र.नं. ९७७३११७३९ जारी मिति : २०४१।१०।११ जि.प्र.का. झापा)** (२) रत्नमान श्रेष्ठको नाति, तिल नारायण श्रेष्ठको छोरा, झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ४ स्थायी वतन भई हाल का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने **ईन्द्र कुमार श्रेष्ठ (ना.प्र.नं. ९७७३८०४२ मिति : २०३५।१२।२४ जि.प्र.का. झापा)** (३) छत्र वहादुर श्रेष्ठको छोरी, ईन्द्र कुमार श्रेष्ठको पत्नि झापा जिल्ला दमक न.पा. वडा नं. ११ स्थायी वतन भई हाल का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने **मुना कुमारी श्रेष्ठ (ना.प्र.नं. २३११,४१५७९ मितिः २०५२।०७।२९ जि.प्र.का. झापा)** **धितोको विवरण** (१) दिनेश कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला छैमले गा.वि.स. वडा नं. ४, नस्सा सीट नं. ४च स्थित कित्ता नं. १९ र १०० क्षेत्रफल १-१४-१-० र २-२-२-० (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
२.	**शाखा कार्यालयः न्यूरोड, काठमाडौं (शिर्षकः व्यापार कर्जा)** नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७/११/१७ मा दर्ता भई, दर्ता नं. २५७४८९/०७७/०७८र स्थायी लेखा नं.६०९९५१६४०कायम भएको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२२, महाबौद्ध स्थित **सति रेडिमेड गार्मेट प्रा.लि.** **जमानीकर्ताको विवरण** (१) तिलक वहादुर कार्कीको नातिनी, जित वहादुर कार्कीको छोरी, दोलखा जिल्ला माटी गा.वि.स. वडा नं. ७, स्थायी वतन भई, हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३, कालीमाटी बस्ने **सावित्री कार्की (ना.प्र.नं. ५७५/३०३ जारी मिति २०५१।०६।१० जि.प्र.का.दोलखा)** (२) तिलक वहादुर कार्कीको नातिनी, जित वहादुर कार्कीको छोरी, दोलखा जिल्ला माटी गा.वि.स. वडा नं. ७, स्थायी वतन भई, हल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३, कालीमाटी बस्ने **भगवती कार्की (ना.प्र.नं.** ५७४/४१३५ **जारी मिति** २०५२।११।१० **जि.प्र.का.दोलखा)** (३) सहदेव गुप्ताको नाती, सुरेन्द्र गुप्ताको छोरा, सर्लाही जिल्ला फरहदवा गा.वि.स. वडा नं. ५ स्थायी वतन भई, हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३, कालीमाटी बस्ने **सुशिल कुमार गुप्ता (ना.प्र.नं. १९३०५७/९५४ जारी मिति २०६३।१०।२९ जि.प्र.का. सर्लाही)** **धितोको विवरण** (१) **सावित्री कार्की**को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला फर्पिङ भिमसेनस्थान गा.वि.स. वडा नं. १, हाल दक्षीणकाली न.पा. वडा नं. ६, नक्सा सीट नं. १ क स्थित कि.नं. क्रमशः ४९५ र ४९७ को जग्गा क्षेत्रफल क्रमशः ०-४-२-० र ०-४-०-० (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
३.	**शाखा कार्यालयः न्यूरोड, काठमाडौं (शिर्षकः व्यापार कर्जा)** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा मिति २०७८।०६।१८ मा दर्ता भई, दर्ता नं. २७४३९४/०७८/०७९ र स्थायी लेखा नं. ६१०१२०६११ कायम भएको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १३ स्थित रजिष्ट्रर्ड कार्यालय रहेको **प्रेम इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि.** **जमानीकर्ताको विवरण** (१) भूवन सिं थापाको नाति, वेद मान सिं थापाको छोरा, ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १६, स्थायी वतन भई, हाल, ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १ बस्ने **प्रमिला थापा (ना.प्र.नं.: ३/७७८ जारी मितिः २०४६।०२।०२ जि.प्र.का.ललितपुर)** (२) बलराम भारतीको नातिनी, विकास कुमार भारतीको छोरी, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. २, स्थायी वतन भई, हाल ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १ बस्ने **प्रबिसा भारती (ना.प्र.नं.: ०५-०१-७६-१२६५६ जारी मितिः २०७६/१०/२० जि.प्र.का.मोरङ्ग)** (३) बलराम भारतीको नातिनी, विकास कुमार भारतीको छोरी, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. २, स्थायी वतन भई, हाल ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १ बस्ने **बिप्रश भारति (ना.प्र.नं.: ०५१०६६/९१४० जारी मितिः २०६८/०६/२३ जि.प्र.का.मोरङ्ग)** (४) सहदेव गुप्ताको नाति, सुरेन्द्र गुप्ताको छोरा, सर्लाही जिल्ला फरहदवा गा.वि.स. वडा नं. ५, स्थायी वतन भई, हाल, काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १३ बस्ने **सुशिल कुमार गुप्ता (ना.प्र.नं.: १९३०५७/९५४ जारी मितिः २०६३।१०।२९ जि.प्र.का. सर्लाही)** **धितोको विवरण** (१) **प्रमिला थापाको** नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला बालकोट गा.वि.स.वडा नं. १, नक्सा सीट नं. १ स्थित कि.नं ७०० को जग्गा क्षेत्रफल ०-६-२-० (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
४.	**शाखा कार्यालय : बौद्ध, काठमाडौं (शिर्षक : एस.एम.ई कर्जा)** नेपाल सरकार उद्योग तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा बबरमहल, काठमाण्डौंमा मिति २०७६/०५/२४ मा दर्ता भई दर्ता नं. १५०९१६/०७६/७७ र स्थायी लेखा नं. ६०३८०७१४७ कायम भएको काठमाडौं जिल्ला बुढानीलकण्ठ न.पा. वडा नं. १० स्थित **सरस्वती फर्निचर एण्ड फर्निसिङ सेन्टर ।** **जमानीकर्ताको विवरण** (१) दल वहादुर सुयालको नाति, जगत वहादुर सुयालको छोरा, सिन्धुली जिल्ला कपिलाकोट गा.वि.स. वडा नं. ४, परिवर्तित सिन्धुली जिल्ला मरिण गाउँपालिका वडा नं. २ स्थायी वतन भई, हाल काठमाण्डौं जिल्ला बुढानीलकण्ठ न.पा. वडा नं. १० बस्ने **गणेश बहादुर सुयाल (ना.प्र.नं. २ ९३९८ जारी मितिः२०५९/१२/२३ जि.प्र.का. सिन्धुली)** (२) रत्न वहादुर थापाको नातिनी, पदम वहादुर थापा मगरको छोरी, सिन्धुली जिल्ला कपिलाकोट गा.वि.स. वडा नं. ३, परिवर्तित सिन्धुली जिल्ला मरिण गाउँपालिका वडा नं. १ स्थायी वतन भई, हाल काठमाण्डौं जिल्ला बुढानीलकण्ठ न.पा. वडा नं. १० बस्ने **देवकी थापा मगर (ना.प्र.नं.२०१०३०।१०१७८ जारी मितिः २०७०/०२/२३ जि.प्र.का. सिन्धुली)** **धितोको विवरण** (१) **गणेश बहादुर सुयाल**को नाममा मालपोत कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको, काभ्रेपलाञ्चोक जिल्ला उग्रचण्डी नाला गा.वि.स. वडा नं. २, नक्सा सीट नं. २ स्थित कि.नं ५६६ को जग्गा क्षेत्रफल ०-४-१-० (१३५.१३ व.मी.) घर-जग्गा लिगलगापात समेत ।
५.	**शाखा कार्यालय : बनेपा, काभ्रेपलाञ्चोक (शिर्षक : व्यक्तिगत कर्जा)** पञ्च सिं तामाङको नाति, विचार सिं तामाङको छोरा, काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. १ स्थायी वतन भई, हाल काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ८, पाकुचा बस्ने **राम बहादुर लामा तामाङ (ना.प्र.नं. ३०१०३७/१६८१३६ जारी मितिः २०६५।०१।१३ जि.प्र.का.काभ्रेपलाञ्चोक)** **जमानीकर्ताको विवरण** (१) पूर्ण बहादुर तामाङको छोरी, पञ्च सिं तामाङको बुहारी, विचार सिं तामाङको पत्नि काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. १ स्थायी वतन भई, हाल काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ८, पाकुचा बस्ने **ठूली तामाङ** (ना.प्र.नं. ४०/२०६० मितिः २०४४।१०।२० जि.प्र.का.काभ्रेपलाञ्चोक)
	(२) पञ्च सिं तामाङको नाति, विचार सिं तामाङको छोरा, काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. १ स्थायी वतन भई, हाल काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ८, पाकुचा बस्ने **कृष्ण बहादुर तामाङ (ना.प्र.नं. १२६४५५ जारी मितिः २०६०।१२।१८ जि.प्र.का.काभ्रेपलाञ्चोक)** (३) सानु पेमा धोर्जे लामाको छोरी, राम बहादुर लामा तामाङको पत्नि, काभ्रेपलाञ्चोक जिल्ला उग्रचण्डी गा.वि.स. वडा नं. ९, नाला हाल, काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ८, पाकुचा बस्ने **रिता लामा (ना.प्र.नं. ३०१००३/१६४०२७ मितिः२०६४।०७।१८ जि.प्र.का.काभ्रेपलाञ्चोक)** (४) पञ्च सिं तामाङको नातिनी, विचार सिं तामाङको छोरी, काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. १ हाल, काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ८, पाकुचा बस्ने **संचिता तामाङ (ना.प्र.नं. ०१-६९-०८९५८ मितिः२०६९/०९/०६ जि.प्र.का.काभ्रेपलाञ्चोक)** **धितोको विवरण** (१) **ठूली तामाङ, कृष्ण बहादुर तामाङ, रामबहादुर लामा तामाङ र संचिता तामाङ**को संयुक्त नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. १, नक्सा सीट नं. १ स्थित कित्ता नं. ३१२ को जग्गा क्षेत्रफल २-७-२-० (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलापात समेत ।
६.	**शाखा कार्यालय : दमक झापा (शिर्षक : व्यापार कर्जा)** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगर मा मिति २०६५/०५/१८ मा दर्ता भई दर्ता नं. २२०६९/०६५ र स्थायी लेखा नं.३०२९९१४४६ कायम भएको मोरङ जिल्ला उर्लाबारी गा.वि.स.वडा नं.३ स्थित **सुमित्रा सुन चाँदी पसल (प्रो बाल कृष्ण कार्की)** **धन/जमानीकर्ताको विवरण** (१) लीला धर कार्की को नाति, डिक वहादुर कार्कीको छोरा, मोरङ जिल्ला मधुमल्लाा गा.वि.स. वडा नं. ८ स्थायी वतन भई, हाल मोरङं जिल्ला उर्लाबारी न.पा. वडा नं. ३, बस्ने **बाल कृष्ण कार्की (ना.प्र.नं. १३४६/३०७० जारी मिति : २०४३।१०।२४ जि.प्र.का. मोरङ)** (२ डिक वहादुर कार्की को बुहारी, बाल कृष्ण कार्कीको पत्नी, मोरङ जिल्ला मधुमल्लाा गा.वि.स. वडा नं. ८ स्थायी वतन भई, हाल मोरङं जिल्ला उर्लाबारी न.पा. वडा नं. ३, बस्ने **विष्णु माया कार्की (ना.प्र.नं. १११९५/१३१९ जारी मिति : २०५४।१०।२६ जि.प्र.का. मोरङ)** (३) डिक वहादुर कार्की को नाति, बाल कृष्ण कार्कीको छोरा, मोरङ जिल्ला मधुमल्लाा गा.वि.स. वडा नं. ८ स्थायी वतन भई, हाल मोरङं जिल्ला उर्लाबारी न.पा. वडा नं. ३, बस्ने **भविन कार्की (ना.प्र.नं. ०५२०४३/५०७८ जारी मिति : २०६७।०५।१० जि.प्र.का. मोरङ)** **धितोको विवरण** (१) **बाल कृष्ण कार्की**को नाममा मालपोत कार्यालय बेलबारी मोरङ मा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं. ५ नक्सा सीट नं. ५/ङ स्थित कित्ता नं. ३४२२ र ३४२३ को जग्गा क्षेत्रफल ०-५-०-० र ०-३-१३-२ (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत । (२) **बाल कृष्ण कार्की**को नाममा मालपोत कार्यालय बेलबारी मोरङ मा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं. ८ नक्सा सीट नं. ८/ग स्थित कित्ता नं. १३६ र १३७ को जग्गा क्षेत्रफल १-५-३-० र १-५-०-० (विघा- कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
७.	**शाखा कार्यालयः धरान, सुनसरी (शिर्षकः व्यापार व्यापार)** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा मिति २०६०।०२।१३ मा दर्ता जनिई दर्ता नं. २३८८८।०५९।६० र स्थायी लेखा नं.३०१८४६६६२कायम भएको सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १८ स्थित **विद्या सागर ईङ्गलिस बोर्डिङ्ग स्कुल प्रा.लि.** **धन/जमानीकर्ताको विवरण** (१) धन वहादुर जिमीको नाति, मान वहादुर जिमीको छोरा, संखुवासभा जिल्ला, मादी गा.वि.स. वडा नं. ४, स्थायी वतन भई, हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १७ बस्ने **लेखमणी जिमी (ना.प्र.नं. १०१२।१६६५९ मिति २०३७।०१।०८ जि.प्र.का संखुवासभा)** **धितोको विवरण** (१) **समुन्द्र राई**को नाममा मालपोत कार्यालय धरान सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला घोपा गा वि.स. वडा नं. २ नक्सा सीट नं. २घ, स्थित कित्ता नं. ५८ र ५९ को जग्गा क्षेत्रफल ०-५-५-० र ०-५-५-० (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
८.	**शाखा कार्यालयः धरान, सुनसरी (शिर्षकः व्यक्तिगत कर्जा)** जित वहादुर राईको छोरी, लेखमणी जिमीको पत्नि, संखुवासभा जिल्ला मादी गा.वि.स.वडा नं. ४, स्थायी वतन भई, हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १७ बस्ने **समुन्द्र राई (ना.प्र.नं. १९८०।६५३०९ मिति २०५३।०७।१५ जि.प्र.का संखुवासभा)** **धन/जमानीकर्ताको विवरण** (१) मान वहादुर जिमीको नातिनी, लेखमणी जिमीको छोरी, संखुवासभा जिल्ला, मादी गा.वि.स. वडा नं. ४, स्थायी वतन भई, हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १७ बस्ने **शकुन्तला जिमी (ना.प्र.नं. १०२०३६।४४५ मिति २०७३।०३।१२ जि.प्र.का संखुवासभा)** (२) डिल्ली प्रसाद प्रसाईको छोरी, हुम्केन जिमी राईको पत्नि मोरङ जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. १, स्थायी वतन भई, हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १७ बस्ने **शान्ता प्रसाई (०५२०२४-७११८ मिति २०६८।०२।२४ जि.प्र.का मोरङ)** (३) धन वहादुर जिमीको नाति, मान वहादुर जिमीको छोरा, संखुवासभा जिल्ला, मादी गा.वि.स. वडा नं. ४, स्थायी वतन भई, हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १७ बस्ने **लेखमणी जिमी (ना.प्र.नं. १०१२।१६६५९ मिति २०३७।०१।०८** **धितोको विवरण** (१) **समुन्द्र राई**को नाममा मालपोत कार्यालय धरान सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला घोपा गा वि.स. वडा नं. २ नक्सा सीट नं. २घ, स्थित कित्ता नं. ५८ र ५९ को जग्गा क्षेत्रफल ०-५-५-० र ०-५-५-० (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
९.	**शाखा कार्यालय : छपराडी, सिराहा (शिर्षकः व्यक्तिगत कर्जा)** जोखन महतोको नाति, बहुरी महतोको छोरा, सिरहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. ४ को परिवर्तित सिरहा जिल्ला लहान न.पा. वडा नं. १३, घलेटोल बस्ने **राम खेलाउन महतो (ना.प्र.नं.: १५८७३।७२४९ जारी मितिः २०६१।०३।२७ जि.प्र.का.सिरहा)** **धन/जमानीकर्ताको विवरण** (१) जोगेन्द्र महतोको छोरी, राम खेलाउन महतोको पत्नि, सिरहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. ४ को परिवर्तित सिरहा जिल्ला लहान न.पा. वडा नं. १३, घलेटोल बस्ने **रामवती देवी महतो (ना.प्र.नं.: १५२००३।५ जारी मितिः २०६६।०८।०२ जि.प्र.का.सिरहा)** **धितोको विवरण** (१) **राम खेलाउन महतो**को नाममा मालपोत कार्यालय लहान सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २(ग) स्थित कित्ता नं. २१० को जग्गा क्षेत्रफल ०-२-२-५ (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
१०.	**शाखा कार्यालय : छपराडी,सिरहा (शिर्षक : व्यापार कर्जा)** मध्येश प्रदेश सरकार, उद्योग, पर्यटन तथा वन मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०७९।०७।१७ मा दर्ता भई, दर्ता नं. १६७६९।०७९।८० र स्थायी लेखा नं. १२५२४३६९६ कायम भएको सिरहा नैनपुर-१ख, हाल सिरहा जिल्ला धनगढीमाई न.पा वडा नं. १० स्थित **फेशन मार्ट (पो. उर्मीला कुमारी साह)** **धन/जमानीकर्ताको विवरण** (१) रामचन्द्र साहु तेलीको छोरी, संजय कुमार साहको पत्नि सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने **उर्मीला कुमारी साह (ना.प्र.नं.: १५-०१-७५-०८६३९ जारी मितिः २०७५।०८।२० जि.प्र.का.सिरहा)** (२) रास लाल साहु तेलीको नाति, बद्री साहु तेलीको छोरा, सरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने **संजय कुमार साह (ना.प्र.नं.: १५-०१-७१-०६६१३ जारी मितिः २०७१।०९।१६ जि.प्र.का. सिरहा)** (३) नन्दी लाल साहको नाति, रासलाल साहु तेलीको छोरा, सिरहा जिल्ला असनपुर गा.वि.स. वडा नं. ८ स्थायी वतन भई हाल सरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने **बद्री साहु तेली (ना.प्र.नं.:९३३८।६३ जारी मितिः २०६३।०५।०६ जि.प्र.का. सिरहा)** (४) दुर्गा प्रसाद साहुको छोरी, बद्री साहु तेलीको पत्नि सिरहा जिल्ला असनपुर गा.वि.स. वडा नं. ५ स्थायी वतन भई हाल सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने **श्यामकुमारी साहु तेलिन (ना.प्र.नं.: ०२५९५३५६ जारी मितिः २०५४।०१।०३ जि.प्र.का. सिरहा)** **धितोको विवरण** (१) **उर्मिला कुमारी साह**को नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला फुलकाहाकट्टी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९(क) स्थित कित्ता नं. क्रमशः १७२६, १७२७ र १७२५, को जग्गा क्षेत्रफल क्रमशः ०-०-१५-०, ०-१-०-० र ०-१-०-० (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत । (२) **उर्मिला कुमारी साह**को नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला नैनपुर गा.वि.स.वडा नं. १ नक्सा सिट नं.१(क) स्थित कित्ता नं. १३८४ र को जग्गा क्षेत्रफल ०-०-१०-० र (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
११.	**शाखा कार्यालय : छपराडी,सिरहा (शिर्षक : व्यक्तिगत कर्जा)** अवध महतोको नातिनी धनराज महतोको छोरी सिरहा जिल्ला सुखिपुर गा.वि.स. वडा नं. ५ को परिवर्तित सिरहा जिल्ला सुखिपुर न.पा. वडा नं. ८ बस्ने **रेनु कुमारी महतो (ना.प्र.नं.: १५१०५३।१९७८६ जारी मितिः २०६८।१२।०६ जि.प्र.का.सिरहा)** **धन/जमानीकर्ताको विवरण** (१) वलदेव महतो कोइरीको नाति, राम नारायण महतो कोइरीको छोरा सिरहा जिल्ला सुखिपुर गा.वि.स. वडा नं. ५ को परिवर्तित सिरहा जिल्ला सुखिपुर न.पा. वडा नं. ८ बस्ने **धनिराम महतो कोइरी (ना.प्र.नं.: १२२०३।६३ जारी मितिः २०६३।०८।०३ जि.प्र.का.सिरहा)** (२) बहुरी महतो कोइरीको नाति, वलदेव महतो कोइरीको छोरा, सिरहा जिल्ला सुखिपुर गा.वि.स. वडा नं. ५ को परिवर्तित सिरहा जिल्ला सुखिपुर न.पा. वडा नं. ८ बस्ने **राम नारायण महतो कोइरी (ना.प्र.नं.: ३५०।११३९ जारी मितिः २०४४।११।०५ जि.प्र.का.सिरहा)** (३) वलदेव महतो कोइरी नाति, राम नारायण महतो कोइरीको छोरा सिरहा जिल्ला सुखिपुर गा.वि.स. वडा नं. ५ को परिवर्तित सिरहा जिल्ला सुखिपुर न.पा. वडा नं. ८ बस्ने **कृष्ण कुमार महतो (ना.प्र.नं.: १५१०५३-२६०७ जारी मितिः २०६६।१२।०९ जि.प्र.का.सिरहा)** (४) राम प्रकाश महतोको छोरी, कृष्ण कुमार महतोको पत्नि सिरहा जिल्ला सुखिपुर गा.वि.स. वडा नं. ८ को परिवर्तित सिरहा जिल्ला सुखिपुर न.पा. वडा नं. ८ **रिंकु कुमारी महतो (ना.प्र.नं.: १५-०१-७९-११९८३ जारी मितिः २०७९।१०।११ जि.प्र.का.सिरहा)**

क्रमश : बाँकी पृष्ठ ३ मा

विद्याको सदस्यता ओलीले पहिले रोके, अहिले खुलाए





संविधानले नरोके पनि विगतको राजनीतिक परिस्थितिले सदस्यता खारेज गरेको ओलीको स्वीकारोक्ति

प्रेम गौतम/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले १० महिनाअघि आर्फैले सुनाएको निर्णय उल्टाउँदै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण गर्ने निर्णय गराएका छन् । भक्तपुरको गुण्डुस्थित आफ्नै निवासमा सोमबार बसेको सचिवालय बैठकमा ओलीले भण्डारीको सदस्यता नवीकरण गर्ने प्रस्ताव गरेका हुन् । बैठकमा उद्घाटन मन्तव्य राख्ने क्रममै ओलीले निवेदन प्राप्त भएको भन्दै पेस गरेका थिए ।

'अध्यक्षले यसरी निवेदन आएको छ भनेर टेबुल गर्नुभयो । यस्तो निवेदन आएको छ, यो गर्दै भन्नुभयो । हामी सबैले सदस्यता दिऔं भन्यौं । त्यही निर्णय भयो,' सचिव पद्मा अर्यालले नयाँ पत्रिकासँग भनिन् । ओलीको प्रस्तावमा सबैले समर्थन जनाएका थिए । भण्डारीले आफ्नो सदस्यता नवीकरण ११औं महाधिवेशनअघि नै गरिसकेकी थिइन् । तर, केन्द्रीय कमिटी बैठकमा ओलीले प्रस्तावसमेत नगरी सदस्यता नवीकरण नगर्ने निर्णय सुनाएका थिए । गत ५ र ६ साउनमा बसेको केन्द्रीय कमिटी बैठकमा ओलीले भण्डारीको सदस्यता नवीकरण नगर्ने र राजनीतिमा आउन रोक लगाउने निर्णय सुनाएका थिए ।

बैठकको निर्णय सार्वजनिक गर्दै एमालेले ७ साउनमा पूर्वराष्ट्रपति भण्डारीको पार्टी सदस्यता नवीकरण र पार्टी राजनीतिमा सक्रिय हुने विषयमा भनेको थियो, 'पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण र पार्टी राजनीतिमा सक्रिय हुने विषयले पार्टीको गम्भीर ध्यानाकर्षण गराएको छ । नेपालको संविधानको भाग-६ धारा (६१) मा राष्ट्रपतिको व्यवस्था गरेको छ । सोही धाराको (२)मा राष्ट्रपति देशको राष्ट्राध्यक्ष हुने, सोही धाराको (३) मा राष्ट्रिय एकताको प्रवर्द्धन, सोही धाराको (४) मा संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुने र धारा-२६७ को (२)को व्यवस्था बमोजिम नेपाली सेनाको परमाधिपति हुने व्यवस्था छ । यसले मुलुकको राष्ट्राध्यक्ष, राष्ट्रिय एकताको प्रतीक, संविधानको पालनकर्ता र संरक्षणकर्ता, सेनाको परमाधिपति, राष्ट्रिय गौरव, गणतन्त्रको प्रतीक, साझा व्यक्तित्व र देशको अभिभावक भएकाले कुनै पनि दलविशेषको पार्टी सदस्य र कार्यकर्ता वा नेता हुने कुरा यो गौरवमय जिम्मेवारी लिएको व्यक्तिबाट सम्भव हुँदैन र मिल्दैन भन्ने निष्कर्ष निकालेको छ । यसले जनतामा, प्रणालीमा, व्यवस्थामा र संविधानको मर्म र भावनामा गलत अभ्यास हुने ठहर गरेको छ । त्यसकारण बैठकले पूर्वराष्ट्रपतिलाई उच्च सम्मान व्यक्त गर्ने निर्णय गरेको छ ।'

ओलीले संविधानले नरोक्ने तर्क गरेका थिए । विगतमा राजनीतिक परिस्थितिमा कारण फरक निर्णय गर्नुपरेको पनि ओलीले बताएका थिए । 'संविधानले रोक्दैन, विगतमा राजनीतिक परिस्थितिका कारणले फरक निर्णय गरेका थियौं । निवेदन आएको छ, अब दिऔं,' ओलीले बैठकमा भनेका थिए ।

एमाले सचिव अर्यालले पूर्वराष्ट्रपतिको अनुरोधमा सदस्यता नवीकरणको निर्णय भएको बताइन् । राजनीतिक व्यक्तिले राजनीतिमा आउन इच्छा जाहेर गरेपछि बाटो खुला गरिएको उनले बताइन् । 'उहाँको सदस्यताको विषय पहिलेदेखि नै चलेको थियो । पूर्वराष्ट्रपतिज्यूले सदस्यतासँग जोडिएको पृष्ठभूमिसहित अनुरोध गर्नुभएको थियो । विगतमा सम्मानित व्यक्तिलाई एउटा पार्टीको कार्यकर्ता बनाइराख्दा विवादित हुन्छ कि भन्ने पार्टीलाई लागेको थियो । राजनीति भनेको आस्था हो । अहिले उहाँ पूर्व भइसक्नुभएको छ । राजनीतिक व्यक्तिले राजनीतिमा आउन इच्छा जाहेर गरेपछि बाटो खुला गरिएको हो ।' जिम्मेवारीको विषय भने समयसँगै अघि बढ्ने उनले बताइन् । अहिले सदस्यता नवीकरण गर्ने निर्णय भएको छ । जिम्मेवारी लिने, काम गर्ने बाटो खुला भयो,' उनले भनिन् ।

गत २१ फागुनको निर्वाचनमा एमाले पराजित भएपछि केपी ओलीलाई अध्यक्षबाट हटाउने छलफल बढ्दै जाँदा भण्डारीको सदस्यता नवीकरणको निर्णय भएको छ । ईश्वर पोखरेल पक्षका नेताहरूले भण्डारीको सदस्यता नवीकरण गर्नुपर्ने विषय निरन्तर उठाउँदै आएका थिए ।

उपमहासचिव लेखराज भट्टले भण्डारीको सदस्यता नवीकरण गर्ने निर्णय भएको र जिम्मेवारीबारे थप छलफल हुने बताए । 'आज एउटा महत्त्वपूर्ण निर्णय भएको छ । पूर्वराष्ट्रपति विद्या भण्डारीलाई सदस्यता दिने निर्णय भएको छ,' उनले भने । यससँगै भण्डारीलाई एमालेको राजनीतिमा सक्रिय हुने बाटो खुलेको छ ।

बैठकमा ११ एजेन्डा तय

एमालेको सचिवालय बैठकमा छलफलका लागि ११ एजेन्डा पेस भएका छन् । सचिवालय बैठकमा छलफलका लागि एजेन्डा पेस भएको भट्टले जानकारी दिए । ८ जेठमा गुन्डुमा बस्ने बैठकमा यी एजेन्डामाथि छलफल हुने उनले बताए । बैठकमा पदाधिकारीहरूको वरीयता क्रम निर्धारण, सरकारको कामको समीक्षा, सदस्यता नवीकरण र विस्तार, पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन, संविधान संशोधन सुझाव कार्यदल गठन, निर्वाचनको समीक्षा प्रतिवेदन तयारी कार्यदल, पार्टी कार्यालय भवन निर्माण, केन्द्रीय कार्यालय निर्माण, नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानको निर्देशक कमिटी गठनलगायत एजेन्डा रहेका छन् ।

बलात्कार तथा यौनजन्य हिंसापीडितलाई चाँडो न्याय दिन कानुनमा सुधार गर्न सुझाव

समान उमेर समूहका किशोर-किशोरीबिच सहमतिमा हुने सम्बन्धलाई सम्बोधन गर्न छुट्टै कानुनी व्यवस्था गर्ने

टेकराज थामी/नयाँ पत्रिका

सरकारी समितिले जबर्जस्ती करणी र त्यसपछि हुने हत्या, यौनजन्य हिंसा तथा बालबालिकाविरुद्ध हुने कसुरमा संलग्नलाई दण्ड-सजाय र पीडितलाई चाँडो न्याय दिन कानुनमा सुधार गर्नुपर्ने सुझाव दिएको छ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव पाराश्वर ढुंगानाको संयोजकत्वमा गठित नौ सदस्यीय समितिले कानुन संशोधनलगायतका सुझावसहित २५ वैशाखमा कानुनमन्त्री सोविता गौतमलाई अध्ययन प्रतिवेदन बुझाएको हो । प्रतिवेदन सार्वजनिक भने गरिएको छैन ।

समितिले पीडितलाई तत्काल न्याय दिन मुख्यतः नीतिगत, कानुनी र संस्थागत सुधार आवश्यक रहेको सुझाव दिएको समितिका सदस्यसचिव मानबहादुर अर्यालले बताए । 'जबर्जस्ती करणी र त्यसपश्चात् हुने हत्या, यौनजन्य हिंसा तथा बालबालिकाविरुद्ध हुने कसुरमा संलग्नलाई दण्ड-सजाय र पीडितलाई चाँडो न्याय दिन कानुन संशोधन गर्न आवश्यक देखियो । अध्ययनपछि समितिले गत २५ वैशाखमा प्रतिवेदन सरकारलाई पेस गरिसकेको छ,' उनले भने, 'समितिको सुझावअनुसार सरकारले काम गर्ला भन्ने अपेक्षा गर्दैं ।'

नेपाल प्रहरीको तथ्यांकअनुसार मुलुकभर प्रत्येक दिन कम्तीमा ६ महिला बलात्कारको सिकार



कानुनमन्त्री गौतम



कानुनसचिव ढुंगाना

यौनजन्य हिंसा तथा बालबालिकाविरुद्ध कसुर अपराधको अर्को डरलाग्दो पाटो हो । तर, पीडितले सहजै न्याय पाउने अवस्था छैन । सोहीकारण सरकारले विद्यमान कानुन संशोधन गर्न कानुनसचिव पाराश्वर ढुंगानाको संयोजकत्वमा अध्ययन समिति गठन गरेको थियो ।

हुन्छन् । बलात्कारका घटनामा पीडित हुने १५ देखि २५ वर्ष उमेर समूहका महिला धेरै छन् । बलात्कारपछि हत्या गरिएका घटना पनि प्रशस्तै छन् । यौनजन्य हिंसा तथा बालबालिकाविरुद्ध कसुर अपराधको अर्को डरलाग्दो पाटो हो । तर, पीडितले सहजै न्याय पाउने अवस्था छैन । सोहीकारण सरकारले विद्यमान कानुन संशोधन गर्न कानुनसचिव ढुंगानाको संयोजकत्वमा अध्ययन समिति गठन गरेको थियो ।

१५ दिनको अध्ययनपछि समितिले नीतिगत सुधारअन्तर्गत पीडित राहत कोषको प्रभावकारिता, वैकल्पिक न्याय प्रणाली, झुटा उजुरीमा क्षतिपूर्ति, उजुरी संयन्त्रको विस्तार र जनचेतना तथा साक्षरता बढाउनुपर्ने सुझाव दिएको छ । प्रतिवेदनमा भनिएको छ, 'कसुरदारबाट भराइने जरिवाना वा कैद नबसी तिरेको जरिवानाबापतको ५० प्रतिशत रकम राज्यकोषमा नभई 'पीडित राहत कोष'मा जम्मा गर्ने नीति अवलम्बन गर्ने, सानातिना कसुरहरूमा अभियोजन गर्नुपूर्व पुनः स्थापकीय न्याय र मिलापत्रजस्ता वैकल्पिक प्रणालीको प्रयोग गर्ने नीति लिने, झुटा उजुरीका कारण अनावश्यक थुनामा परेका निर्दोष व्यक्तिलाई उजुरीकर्ताबाट क्षतिपूर्ति दिलाउने नीतिगत व्यवस्था गर्नेछ ।'

त्यस्तै, कानुनी सुधारअन्तर्गत मर्यादित शब्दावलीको प्रयोग, हदम्यादमा वृद्धि र बाल न्यायमा सुधार गरिनुपर्ने सुझाव दिएको छ । प्रतिवेदनमा भनिएको छ, 'मुलुकी अपराध संहितामा 'वेश्यागमन'जस्ता शब्दहरूको सट्टा 'आर्थिक वा अन्य लेनदेनको आधारमा करणी लिने-दिने कार्य' भनी मर्यादित शब्दहरू प्रयोग गर्ने, करणीसम्बन्धी कसुरमा मौजुदा हदम्यादमा पुनरवलोकन गर्ने, बालबालिकालाई फौजदारी दायित्व हुने उमेर १० वर्षबाट बढाएर १२ वर्ष पुऱ्याउने र उमेर पुगेकालाई हुने कैद सजायको तुलनामा बालबालिकालाई हुने कैद सजायको अधिकतम हद (जस्तै : पाँच वर्ष वा सात वर्षभन्दा बढी नहुने गरी) तोक्ने ।'

संस्थागत सुधारअन्तर्गत बालबालिकाविरुद्धको कसुरमा संलग्न हुनेविरुद्ध अनुसन्धान गर्न विशेष प्रहरी इकाइ गठन गरिनुपर्ने भनिएको छ । पीडितमैत्री संरचना निर्माण, विशेषज्ञ स्वास्थ्य परीक्षण, भाषागत सहजताजस्ता विषय पनि सुधार गर्नुपर्ने भनिएको छ । प्रतिवेदनमा भनिएको छ, 'बालबालिका संलग्न कसुरको अनुसन्धान गर्न छुट्टै र विशेष तालिमप्राप्त प्रहरी एकाइको गठन गर्ने र सो नभएसम्म बाल न्यायसम्बन्धी तालिमप्राप्त कर्मचारी तोकन उपयुक्त हुने । बालबालिकालाई नियन्त्रणमा लिँदा छुट्टै निगरानी कक्षको प्रबन्ध गर्ने र बाल सुधारगृहहरूको व्यवस्थापनमा एकरूपता ल्याउने र पीडितमैत्री कक्ष तथा पीडित मैत्रीवातावरण सिर्जना गर्ने ।'

इरानमा पाँच महिनादेखि नेपाली नागरिक झ्रा थुनामै

काठमाडौं/ इरानमा पाँच महिनाअघि पक्राउ परेका नेपाली नागरिक अमृत झ्रा रिहा नभएको परराष्ट्र मन्त्रालयले प्रस्टीकरण दिएको छ । सोमबार जारी विज्ञप्तिमा परराष्ट्रले झ्रा इरानको बन्दर अब्बासस्थित कारागारमा पुर्पक्षका लागि थुनामा रहेको तथा कानुनी प्रक्रियामा सहजीकरण भइरहेको पनि जनाएको छ । यसअघि परराष्ट्र मन्त्रालय तथा परराष्ट्रमन्त्री शिशिर खनालले झ्रा रिहा भइसकेको सूचना सार्वजनिक गरेकोमा परराष्ट्रले त्यसलाई सच्याएको छ ।

झ्रा गत जनवरीमा इरानको वेसम टापुमा अवैध सामान तस्करी तथा ओसारपसारको आरोपमा पक्राउ परेका थिए । अमेरिका-इजरायल र इरानबिच २८ फेब्रुअरी २०२६ मा द्वन्द्व सुरु हुनुअघि नै, जनवरी २०२६ को प्रारम्भमा अमृत झ्रा र अन्य ६ जना विदेशी नागरिकलाई इरानी सुरक्षाकर्मीहरूले पक्राउ गरेको परराष्ट्रले सोमबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

परराष्ट्रका अनुसार २ वैशाखमा इरानका लागि नेपाली अनरारी कन्सल सश्राम सान्टाईले कतारस्थित नेपाली कार्यवाहक राजदूत कुमार राईलाई अमृत झ्रा रिहा भएको जानकारी दिएका थिए । सूचनामा 'आजको निरन्तर पहलपछि अमृतको रिहाइसम्बन्धी खबर प्राप्त भएको छ । उहाँको रिहाइपत्र जारी भइसकेको छ र उहाँ आजदेखि स्वतन्त्र हुनुहुन्छ' भन्ने उल्लेख गरिएको थियो । सोही जानकारीका आधारमा मन्त्रालयका सम्बन्धित महाशाखाबाट परराष्ट्रमन्त्री र सचिवलाई जानकारी दिइएको र त्यहीअनुसार परराष्ट्रले सूचना सार्वजनिक गरेको प्रस्ट पारिएको छ । त्यहाँको विषम परिस्थिति, सञ्चारमाध्यमको चासो र परिवारलाई समेत जानकारी भइसकेको अवस्थालाई ध्यानमा राख्दै मन्त्रालयले झ्रा रिहा भएको अनौपचारिक जानकारी सार्वजनिक गरेको थियो ।

पृष्ठ २ को बाँकी अंश

धितोको विवरण

(१) **राम नारायण महतो कोइरी**को नाममा भूमि व्यवस्थापन तथा अभिलेख विभाग, भूमिसुधार तथा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला सुखिपुर गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. ४क स्थित कित्ता नं. ३९३ को जग्गा क्षेत्रफल ०-१८-५-० (विघा-कट्ठा-धुर-कन्वा) जग्गा घर-जग्गा लिगलगापात समेत ।

१२. **शाखा कार्यालयः छपराडी, सिरहा (शिर्षकः व्यक्तिगत कर्जा)**

वलदेव दासको नातिनी, रसाई दास तत्माको छोरी, सिरहा जिल्ला लहान न.पा. वडा नं. १० बस्ने **नैन कुमारी दास** (**ना.प्र.नं.: १५३००५/१५०**

जारी मितिः २०६३/१२/२८ जि.प्र.का.सिरहा)

धन/जमानीकर्ताको विवरण

(१) कैलु दासको नाति, सताउन दास तत्माको छोरा, सिरहा जिल्ला लहान न.पा. वडा नं. १० बस्ने **मिन्तीलाल दास** (**ना.प्र.नं.: ३२९६ जारी मितिः २०५३/११/०९ जि.प्र.का.सिरहा**)

धितोको विवरण

(१) **नैन कुमारी दास**को नाममा भूमिसुधार तथा व्यवस्थापन विभाग मालपोत कार्यालय, राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला दौलतपुर गा.वि.स.वडा नं. १, नक्सा सिट नं. १(क) स्थित कित्ता नं. १०८ र १६६ को जग्गा क्षेत्रफल ०-२-१५-० र ०-०-१३-० (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।

१३. **शाखा कार्यालयः छपराडी,सिरहा (शिर्षकः व्यक्तिगत,अधिविकर्ष कर्जा)**

सन्ती लाल चौधरीको नाति, मनभरन चौधरीको छोरा, सिरहा जिल्ला धनगढीमाई नगरपालिका वडा नं. ३ बस्ने **दिपेश चौधरी** (**ना.प्र.नं.: १५-०१-७५-०२१३३ जारी मितिः २०७५।०२।२२ जि.प्र.का.सिरहा**)

जमानीकर्ताको विवरण

(१) मंगल चौधरीको नाति, सन्ती लाल चौधरीको छोरा, सिरहा जिल्ला हनुमाननगर गा.वि.स. वडा नं. १ परिवर्तित सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **मनभरण चौधरी** (**ना.प्र.नं.: ३५६६०४५० जारी मितिः २०४५।०२।१७ जि.प्र.का.सिरहा**)

(२) रामस्वरूप चौधरीको नातिनी, दोरिक लाल चौधरीको छोरी, सिरहा जिल्ला महनौर गा.वि.स. वडा नं. ४ परिवर्तित सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **चन्द्रिका कुमारी चौधरी** (**ना.प्र.नं.: १५३०५२/४९५ जारी मितिः २०६३।१२।०९ जि.प्र.का.सिरहा**)

(३) पुरण चौधरीको नातिनी, बुधिचन चौधरीको छोरी सिरहा जिल्ला हनुमाननगर गा.वि.स. वडा नं. १, परिवर्तित सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ३ **पनिया थरूनी** (**ना.प्र.नं.: ३५६६०४५३ जारी मितिः २०३५।०२।२६ जि.प्र.का.सिरहा**)

धितोको विवरण

(१) **मनभरण चौधरी**को नाममा मालपोत कार्यालय लाहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला हनुमाननगर गा.वि.स.वडा नं. २, नक्सा सिट नं. २ स्थित कित्ता नं. ११८० र ११८२ को जग्गा क्षेत्रफल ०-९-१५.२५ र ०-९-१५.२५ (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।

१४. **शाखा कार्यालयः छपराडी, सिरहा (शिर्षक : व्यापार कर्जा)**

नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान (सिरहा) मा मिति २०७३।०५।१५ मा दर्ता भई, दर्ता नं. ५५८४/०७३/७४ र स्थायी लेखा नं. ६००३४३५६१ कायम भएको सिरहा जिल्ला धनगढीमाई नगरपालिका वडा नं. १० स्थित **मुकेश किराना जेनरल पसल (प्रो. दिलिप कुमार मंडल**)

जमानीकर्ताको विवरण

(१) सुन्दर मण्डलको नाति, जगन मण्डलको छोरा, सिरहा जिल्ला धनगढी गा.वि.स. वडा नं. ५ परिवर्तित सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं.११ स्थायी वतन भई, हाल सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. १० बस्ने **दिलिप कुमार मंडल** (**ना.प्र.नं.: १३१४३०५८ जारी मितिः २०५२।०३।३०ज.प्र.का.सिरहा**)

(२) स्वरुप मण्डलको नातिनी, लक्ष्मण मण्डलको छोरी सिरहा जिल्ला धनगढी गा.वि.स. वडा नं. ५ परिवर्तित सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं.११ स्थायी वतन भई, हाल सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. १० बस्ने **पंची देवी मण्डल** (**ना.प्र.नं.: १५३०२२/३१९ जारी मितिः २०६३।१२।२० जि.प्र.का.सिरहा**)

धितोको विवरण

(१) **दिलिप कुमार मंडल**को नाममा मालपोत कार्यालय, लहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला नैनपुर गा.वि.स.वडा ५, नक्सा सिट नं. ५ख स्थित कित्ता नं. १३५० र १८१४ क्षेत्रफल ०-१-० र ०-०-६ (विघा-कट्ठा-धुर-कन्वा) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।

बोलपत्र सम्बन्धी शर्तहरू

१. शिलबन्दी बोलपत्र आवेदन फाराम माथि सूचनाको क्र.सं. १, २ र ३ मा उल्लेखित धितोको हकमा कर्जा असुली विभाग डिल्लीबजार काठमाडौं, क्र.सं. ४ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय बौद्ध काठमाडौं, क्र.सं. ५ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय बनेपा काभ्रेपलाञ्चोक, क्र.सं. ६ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय दमक झ्रापा, क्र.सं. ७ र ८ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय धरान सुनसरी, क्र.सं. ९, १०, ११, १२, १३ र १४ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय छपराडी सिरहाबाट रू. १,०००।- (पछि फिर्ता नहुने गरि) दाखिला गरी प्राप्त गर्न सकिने छ, साथै बोलपत्र फाराम मिति २०८३।०२।११ गते दिउँसो १:०० भित्र उल्लेखित विभाग/शाखा कार्यालयहरूमा दर्ता गरी सक्नु पर्नेछ ।

२. माथि उल्लेखित सम्पत्ति घर-जग्गा निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित शाखा कार्यालयमा सम्पर्क राखि निरीक्षण गर्न सकिनेछ ।

३. प्राप्त कुनै पनि बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने कारण जनाई वा नजनाई रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ र सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशनमा ल्याउन वा जानकारी दिन संस्था बाध्य हुने छैन ।

४. अन्य शर्तहरु बोलपत्र फारमा उल्लेख भए बमोजीम हुनेछ र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ ।

गोप्य शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः	शिलबन्दी बोल पत्र खोलिने मितिः	समयः
२०८३।०२।११ गते सोमबार, दिनको १:०० बजे भित्र	२०८३।०२।१२ गते मंगलबार	दिनको १:०० बजे

बोलपत्र खोलिने स्थान : (क्र.सं. १, २ र ३ मा उल्लेखित धितोको हकमा कर्जा असुली विभाग डिल्लीबजार काठमाडौं, क्र.सं. ४ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय बौद्ध काठमाडौं, क्र.सं. ५ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय बनेपा काभ्रेपलाञ्चोक, क्र.सं. ६ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय दमक झ्रापा, क्र.सं. ७ र ८ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय धरान सुनसरी, क्र.सं. ९, १०, ११, १२, १३ र १४ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय छपराडी सिरहा)

(कर्जा असुली विभाग डिल्लीबजार काठमाडौं, सम्पर्क नं. ०१-४५३७४०१, शाखा कार्यालय बौद्ध काठमाडौं, सम्पर्क नं. ०१-४५६११५५, शाखा कार्यालय बनेपा काभ्रेपलाञ्चोक सम्पर्क नं. ०११-६६३१४८, शाखा कार्यालय दमक झ्रापा सम्पर्क नं. ०२३-५७५३८९/९०, शाखा कार्यालय धरान सुनसरी सम्पर्क नं. ०२५-५३८७८९/९०/९१ र शाखा कार्यालय छपराडी सिरहा सम्पर्क नं. ९८५२८३१५२०)

■ मेडिकल काउन्सिलको दोहोरो चरित्र

विदेशी नागरिकता लिएका डाक्टरको लाइसेन्स खारेज गर्ने आफ्नै निर्णय उल्टायो

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपाल मेडिकल काउन्सिलले नेपाली नागरिकता त्यागेर विभिन्न देशको नागरिक बनिसकेको डाक्टरको लाइसेन्स खारेज गर्ने गरी गत ११ र १८ वैशाखमा सार्वजनिक सूचना निकाल्यो । पहिलो चरणमा १९ र दोस्रो चरणमा १७ गरी ३६ जनाको चिकित्सकीय दर्ता प्रमाणपत्र खारेज गर्ने निर्णय भयो । सूचना जारी भएको तीन दिनमा स्वतः लाइसेन्स खारेज हुने भनेर काउन्सिलको बोर्ड बैठकले निर्णय नै गऱ्यो । तर, आफूले गरेको निर्णय कार्यान्वयनबाट काउन्सिल आफैं पछि हटेको छ । २९ वैशाखमा बसेको काउन्सिलको बैठकले त्यसअघिको निर्णय उल्टाएको हो ।

मेडिकल काउन्सिलका निमित्त रजिस्ट्रार डा. दीपेन्द्र पाण्डेले डाक्टरकै लाइसेन्स खारेज गरिने निर्णय कडा र अव्याहारिक देखिएकाले स्थगित गरिएको बताए ।

'हामीले ३६ जना चिकित्सकको लाइसेन्स खारेज गर्ने निर्णय गरी सोहीअनुसार सूचनासमेत प्रकाशन गऱ्यौं, तर त्यो हतारमा भएको निर्णय थियो । उक्त निर्णय गर्दा बसेको बैठकमा पूर्ण सहभागिता पनि थिएन,' उनले भने, 'त्यसैले उल्टाएका हौं ।' उनका अनुसार अब नेपाली नागरिकता छाडेका चिकित्सकलाई गैरआवासीय चिकित्सकको दर्ता प्रक्रिया अघि बढाइनेछ । जसअनुसार चिकित्सकले गैरआवासीय नागरिक चिकित्सकका रूपमा काउसिन्लमा नाम दर्ता गराउन सक्नेछन् ।

चिकित्सकको दर्ता खारेज गर्दा उनीहरू हाल रहेको देश र कार्यरत अस्पतालले समेत कारबाही गर्ने देखिएपछि काउन्सिलले निर्णय फिर्ता लिएको हो । काउन्सिलका अनुसार दोहोरो नागरिकता लिएका तथा विदेशमा कार्यरत नेपाली चिकित्सक संख्या ५० भन्दा बढी छ । ती चिकित्सकले शैक्षिक योग्यता नेपालमै प्राप्त गरेका हुन् । यसअघि कारबाही गर्ने भनिएका सबै डाक्टरहरू विदेशमा कार्यरत र दोहोरो नागरिकता लिएकाहरू थिए । काउन्सिलले पहिलो चरणमा १९ र त्यसपछि बाँकीलाई कारबाही गर्ने निर्णय गरेको थियो । काउन्सिलका अनुसार ती चिकित्सक अमेरिका, क्यानडा, न्युजिल्यान्ड, जर्मनी, अस्ट्रेलिया र भारतलगायत देशमा कार्यरत छन् र त्यहाँको नागरिकतासमेत लिइसकेका छन् । यसबारे सम्बन्धित चिकित्सकलाई औपचारिक जानकारी दिइसकिएको थियो । सम्बन्धित चिकित्सकले समेत आपत्ति जनाएपछि काउन्सिल पछि हटेको हो ।

● **डा. दीपेन्द्र पाण्डे**, निमित्त रजिस्ट्रार, नेपाल मेडिकल काउन्सिल



हामीले ३६ जना चिकित्सकको लाइसेन्स खारेज गर्ने निर्णय गरी सोहीअनुसार सूचनासमेत प्रकाशन गऱ्यौं, तर त्यो हतारमा भएको निर्णय थियो । उक्त निर्णय गर्दा बसेको बैठकमा पूर्ण सहभागिता पनि थिएन । त्यसैले उल्टाएका हौं ।

लाइसेन्स खारेज गरिएका चिकित्सकमा डा. सुमिन्द्रा पुन, डा. शैलेशकुमार जयसवाल, डा. भूपेश खड्का, डा. आरती रानाभाट, डा. रमेशराज पहारी, डा. सन्जोक घले, डा. ऋषिराज बराल, डा. प्रभु पाण्डे, डा. तृप्ति महर्जन, डा. सिर्जना श्रेष्ठ, डा. सुनिता विष्ट, डा. दीपा मल्ल, डा. सौरभ जिसी, डा. जेनिस श्रेष्ठ, डा. प्रभाष रेग्मी, डा. दीपिका ज्ञवाली, डा. हेमु चौरसिया, डा. समीक्षा शर्मा र डा. मनोरमा पाण्डेलगायत थिए । तर, काउन्सिलको निर्णय फिर्ता भएपछि लाइसेन्स खारेजको नियम लागू नहुने भएको छ ।

■ सुत्केरी मृत्यु प्रकरण

छानबिन गर्दै काउन्सिल

काठमाडौं/ चितवनस्थित बकुलहर रत्ननगर अस्पतालमा शिशुलाई जन्म दिएलगत्तै सुत्केरीको मृत्यु प्रकरणमा नेपाल मेडिकल काउन्सिलले छानबिन थालेको छ । नवजात शिशुलाई जन्म दिएपछि अस्पतलकै लापरबाहीले मृत्यु भएको भन्दै उनका पति सुजन विश्वकर्मा २५ दिनदेखि न्याय खोज्दै भौतारिरहेका छन् । उनले अस्पतालकै लापरबाहीले श्रीमतीको मृत्यु भएको भन्दै कारबाही माग गरेका छन् । तर, हालसम्म उपचारमा संलग्न चिकित्सकलाई कारबाहीका लागि दिएको निवेदनसमेत प्रहरी, जिल्ला प्रशासन कार्यालय र अस्पतालले लिन मानेका छैनन् ।

उजुरी दर्ता नभएको र लापरबाही गर्ने अस्पतालमाथि छानबिनसमेत नभएको भन्दै मृतकका श्रीमान् विक चार दिनअघि काखमा नवजात शिशु बोकेर माइतीघरमा प्रदर्शनमा उत्रिएका थिए । त्यसपछि छानबिनका लागि मेडिकल काउन्सिलले बल्ल चासो दिएको थियो । काउन्सिलका निमित्त रजिस्ट्रार डा. दीपेन्द्र पाण्डेले उक्त घटनालाई प्राथमिकतामा राखेर छानबिन भइरहेको बताए । 'त्यो घटनामा धैरैलाई चासो छ, काउन्सिलले प्राथमिकता दिएर छानबिन थालेको छ । संयोजक डा. अजय साहले गर्नुभएको छ, वास्तविकता पत्ता लगाउँछौं, छानबिनपछि कसको गल्ती रहेछ थाहा हुन्छ,' उनले भने ।

सम्भव छ बागमती सभ्यताको पुनर्जीवन

अव्यवस्थित सहरीकरण, जनसंख्याको तीव्र चाप र दिशाहीन पूर्वाधार विकासले काठमाडौं उपत्यकाका नदीहरूलाई मृतप्रायः बनाएको छ



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

काठमाडौं उपत्यकाको भौगोलिक स्वरूप र यसको सांस्कृतिक पहिचान यहाँका नदीहरूसँग अभिन्न रूपले जोडिएको छ। बागमती, विष्णुमती, मनोहरा र हनुमन्तेजस्ता नदीहरू केवल जलका स्रोत मात्र होइनन्, यी त उपत्यकाका आध्यात्मिक धमनी र ऐतिहासिक धरोहर हुन्। तर, विगत केही दशकको अव्यवस्थित सहरीकरण, जनसंख्याको तीव्र चाप र दिशाहीन पूर्वाधार विकासले यी नदीलाई 'मृत'प्रायः बनाएको छ।

आज बागमती र यसका सहायक नदीहरूमा कञ्चन जल होइन, उपत्यकाको विषाक्त फोहोर र प्रशोधन नगरिएको ढल बगिरहेको छ। यो केवल वातावरणीय प्रदूषण मात्र होइन, हाम्रो आधुनिक सभ्यता र राज्य संयन्त्रमाथि लागेको एउटा कलंक पनि हो जुन बागमती प्रदेश सरकारले यसलाई एउटा सामान्य परियोजनाका रूपमा मात्र नहेरी 'प्रदेशको गौरवको आयोजना'का रूपमा स्विकार्दै १८१ किलोमिटरको जलसञ्जाललाई पुनर्जीवन दिने आँट गर्नुपर्छ। यो यात्रा कठिन छ, तर प्राविधिक स्पष्टता र राजनीतिक दृढ इच्छाशक्ति हुने हो भने पूर्णतः सम्भव छ।

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र विभिन्न जलविज्ञानसम्बन्धी अध्ययनले काठमाडौं उपत्यकाभित्र तत्काल ढल व्यवस्थापन र करिडोर सुधार गर्नुपर्ने मुख्य नदी तथा खोलाहरूको कुल लम्बाइ १८१ किलोमिटर रहेको तथ्य स्थापित गरेका छन्।

काठमाडौं उपत्यकाको जलाधार क्षेत्रलाई मुख्य नौवटा नदी र अन्य सहायक खोलाहरू गरी कुल १७ वटा जलप्रणालीले सिञ्चित गरेका छन्। यस गुरुयोजनाले समेट्ने सबैभन्दा लामो खण्ड बागमती नदीको हो, जसले ४४ किलोमिटरको दूरी तय गर्छ। यसैगरी, मनोहरा र हनुमन्ते दुवैको लम्बाइ २८-२८ किलोमिटर रहेको छ। धोबीखोलाले १८.४० किलोमिटर, विष्णुमतीले १७.६० किलोमिटर, बल्खु खोलाले १६.२० किलोमिटर, कर्मनाशा (कोइकु)ले १४.४० किलोमिटर र नक्खु खोलाले १०.५० किलोमिटर क्षेत्र ओगटेका छन्। तुलनात्मक रूपमा छोटो साङ्ला (महादेव) खोलाको लम्बाइ ३.९० किलोमिटर छ।

यी नौवटा मुख्य नदीका अतिरिक्त उपत्यकाका अन्य सहायक खोलाहरू जस्तै- टुकुचा (इक्षुमती), गोदावरी, सामाखुसी, स्यालमती, नागमती, मनमती, भचाखुसी र इन्द्रमती गरी १७ वटै सानाठुला जलाधारको एकीकृत पुनरुत्थान नै यस गुरुयोजनाको मुख्य लक्ष्य हुनुपर्छ। यी १७ वटै नदीको १८१ किलोमिटर क्षेत्रमा नदीको दुवै किनारमा इन्टरसेप्टर ढल बिच्छ्याउँदा कुल ३६२ किलोमिटर लामो 'सेबरेज पाइपलाइन' निर्माण गरिनुपर्छ। यो सञ्जाललाई ढलमुक्त बनाउनु नै उपत्यकाको वातावरणीय सुधार र सभ्यता पुनर्स्थापनाको पहिलो सर्त हो।

जलवायु परिवर्तनको वर्तमान विश्वव्यापी संकटले बागमतीको पुनरुत्थानलाई झन् चुनौतीपूर्ण र अनिवार्य बनाएको छ। वर्षाको अनिश्चित ढाँचाका कारण मनसुनको समयमा आउने आकस्मिक बाढीले नदी किनारका अव्यवस्थित ढल प्रणालीलाई ध्वस्त पारिरहेको छ। अर्कातर्फ, हिउँदमा नदीको प्राकृतिक बहाव अत्यन्तै न्यून हुने हुँदा सिधै मिसाइने ढलको सघनताले नदीको जैविक अक्सिजन मागलाई घातकस्तरमा पुऱ्याएको छ।

नदीमा सिधै ढल मिसाउँदा त्यसबाट 'मिथेन'जस्ता हरितगृह ग्यासको उत्सर्जन हुन्छ, जसले स्थानीय तापमान वृद्धिमा प्रत्यक्ष भूमिका खेल्छ। १८१ किलोमिटर क्षेत्रलाई सफा राख्नु भनेको केवल पानीको रङ बदल्नु मात्र होइन, यो कार्बन उत्सर्जन घटाउनु र बढ्दो 'अर्बन हिट आइल्यान्ड' प्रभावलाई कम गर्नु पनि हो। यसले उपत्यकाको पारिस्थितिक प्रणाली, जैविक विविधता र जलीय जीवनलाई पुनर्जीवित गराई सहरलाई 'बस्नयोग्य' बनाउँछ।

विगत दुई दशकमा बागमती सफाइका नाममा राज्य र दातृ निकायको करिब २१-२२ अर्ब रुपैयाँ खर्च भइसकेको छ। सर्यौं हप्ताका सार्वजनिक सफाइ अभियानले जनचेतना त जगाए, तर नदीको पानीको गुणस्तरमा तात्त्विक परिवर्तन आउन सकेन। यसका मुख्य दुई कारणलाई यो गौरवको आयोजनाले सम्बोधन गर्नुपर्छ :

१. विगतका प्रयास नदीमा थुप्रिएको फोहोर निकाल्नेमा मात्र सीमित रहे। तर, जबसम्म १८१ किलोमिटरको क्षेत्रमा ढललाई पूर्ण रूपमा इन्टरसेप्ट गरी 'प्रणालीगत' रूपमा प्रशोधन गरिँदैन, तबसम्म बाहिरी सफाइले मात्र नदी सफा हुँदैन। यो आयोजनाले 'मुहानमै ढल रोक्ने' दिगो प्रविधि अनानाउनुपर्छ।

२. विगतमा गुह्येश्वरी वा चोभारजस्ता केन्द्रीकृत ठुला प्लान्टमा मात्र भर पर्दा ढल संकलन प्रभावकारी हुन सकेन। यो नयाँ गुरुयोजनाले 'विकेन्द्रीकृत प्रशोधन केन्द्र'को अवधारणामार्फत प्रत्येक पाँच-सात किलोमिटरमा फोहोर पानी प्रशोधन गर्ने हुँदा लगानी खेर जाने जोखिम हुँदैन।

यस विशाल आयोजनालाई सफल बनाउन परम्परागत केन्द्रीकृत प्रणालीभन्दा विकेन्द्रीकृत ढल प्रशोधन प्रणाली र अत्याधुनिक इन्जिनियरिङ मोडल बढी व्यावहारिक र दिगो हुन्छ। यसका मुख्य तीन प्राविधिक खम्बाहरू निम्न छन् :



क) नदीको प्राकृतिक बहाव क्षेत्रबाहिर दुवै किनारमा उच्च क्षमताका ठुला आरसिसी पाइप बिच्छ्याएर बस्तीको ढल संकलन गरिनुपर्छ। यी पाइपलाइनहरूमा प्रत्येक १०-१० मिटरको अन्तरालमा म्यानहोल (प्रवेश द्वार) निर्माण गरिनुपर्छ। यसले ढल अवरुद्ध भएमा मेसिन वा प्राविधिकद्वारा सजिलै सफा गर्न सकिने सुनिश्चितता प्रदान गर्छ। यस प्रणालीले गर्दा ढल र नदीको पानी आपसमा मिसिन पाउँदैन।

ख) १८१ किलोमिटरको क्षेत्रमा रणनीतिक रूपमा १५ देखि २० वटा विकेन्द्रीकृत प्रशोधन केन्द्रहरू निर्माण गरिनुपर्छ। नदीमा ढलको सिधै प्रवेशलाई पूर्ण निषेध गरी संकलन गरिएको ढललाई प्रशोधन केन्द्रमा पठाएर त्यहाँबाट पूर्ण रूपमा शुद्धीकरण गरिएको पानीलाई मात्र पुनः नदीमा मिसाइनुपर्छ। यसका साथै नदीलाई थप कञ्चन बनाउन निश्चित २०-३० मिटरका खण्ड बनाएर पानीलाई वैज्ञानिक तवरले जमाउने र थिग्र्याउने विधि प्रयोग गरी शुद्धीकरण प्रक्रियालाई थप सुदृढ बनाइनुपर्छ।

> बागमती जलसञ्जालमा पर्ने १८१ किलोमिटर क्षेत्रलाई सफा राख्नु भनेको केवल पानीको रङ बदल्नु मात्र होइन, यो कार्बन उत्सर्जन घटाउनु र बढ्दो 'अर्बन हिट आइल्यान्ड' प्रभावलाई कम गर्नु पनि हो

ग) नदी करिडोरभरि सिसिटिभी क्यामेरा जडान गरी २४सै घण्टा निगरानी गरिनुपर्छ। नदीमा फोहोर फाल्ने वा ढल मिसाउने जोकोहीलाई प्रविधिको माध्यमबाट पहिचान गरी कडा आर्थिक जरिवाना र कानुनी कारबाही गर्ने 'डिजिटल सेल' स्थापना गरिनुपर्छ।

घ) नदीमा पानीको प्राकृतिक बहाव कायम राख्न र उपत्यकाको घट्दो भूमिगत जलस्तरलाई सुधार्न 'वर्षात्को पानी पुनर्भरण'लाई आयोजनाको अभिन्न हिस्सा बनाइनुपर्छ। उपत्यकाका प्रत्येक घरले आफ्नो घरको छानाबाट आउने वर्षात्को पानीलाई सिधै ढलमा नमिसाई जमिनमुनि पठाउने अनिवार्य व्यवस्था मिलाउनुपर्ने नीति लिइनुपर्छ। यसका लागि घरनक्सा पास गर्दा वा विशेष अनुदान/कर छुटको माध्यमबाट नागरिकलाई प्रोत्साहित गरिनुपर्छ।

सरकारले सार्वजनिक जग्गा, उद्यान र करिडोरका खुला क्षेत्रमा ठुला 'रिचार्ज सफ्ट' र पोखरीहरू निर्माण गर्नुपर्छ। यसले वर्षाको समयमा हुने बाढीलाई नियन्त्रण गर्नेछ भने हिउँदमा नदीहरूलाई पुनः रसाउने शक्ति प्रदान गर्नेछ।

यति विशाल र बहुआयामिक परियोजना सञ्चालन गर्न करिब ४०० देखि ५०० जना प्रत्यक्ष प्राविधिक कर्मचारी आवश्यक पर्नेछन्। यसमा वरिष्ठ सिभिल इन्जिनियर, वातावरणीयविज्ञ, हाइड्रोलोजिस्ट, ल्याब टेक्निसियन, इलेक्ट्रो-मेकानिकल इन्जिनियर र आइटीविज्ञहरू रहनेछन्। यस आयोजनाले नेपालका युवा इन्जिनियरलाई स्वदेशमै बसेर गौरवपूर्ण काम गर्ने र आफ्नो दक्षता प्रदर्शन गर्ने ऐतिहासिक अवसर प्रदान गर्नेछ। वैदेशिक पलायन रोक्न र आन्तरिक प्राविधिक क्षमता वृद्धि गर्न यो आयोजना कोशेढुंगे साबित हुनेछ।

नेपालका चालू ढल आयोजनाको लागत विश्लेषण गर्दा एक किलोमिटर क्षेत्रमा इन्टरसेप्टर ढल र आवश्यक प्रशोधन केन्द्र निर्माण गर्न औसत १५ देखि २५ करोड रुपैयाँ लाग्ने देखिन्छ। यस आधारमा १८१ किलोमिटरको यो बृहत् परियोजनाका लागि करिब ३६ अर्बदेखि ४५ अर्ब कुल लागत अनुमान गर्न सकिन्छ। यो आयोजनालाई पाँच देखि सात वर्षको आवधिक गुरुयोजनाभित्र सम्पन्न गर्न सकिन्छ।

क) परियोजनालाई दिगो बनाउन र कर्मचारीको तलबभत्ता व्यवस्थापन गर्न एक वैज्ञानिक 'ढल व्यवस्थापन कर'को अवधारणा लागू गरिनुपर्छ। उपत्यकाका प्रत्येक घर, जसले यो ढल प्रणाली प्रयोग गर्छन्, उनीहरूबाट मासिक वा वार्षिक रूपमा निश्चित न्यूनतम शुल्क संकलन गरिनुपर्छ। यसरी संकलित रकमलाई सोझै प्रशोधन केन्द्रहरूको सञ्चालन र मर्मतमा खर्च गर्नुपर्छ, जसले आयोजनालाई सरकारी अनुदानविनै 'आत्मनिर्भर' बनाउन सक्छ।

ख) यो ४५ अर्बको लगानीले उपत्यकाको जग्गाको मूल्यमा उल्लेख्य वृद्धि गर्नेछ। सफा नदी-किनारमा पर्यटकीय पूर्वाधार, साइकल लेन र हरियाली प्रवर्द्धन हुँदा यसले वार्षिक अर्बौंको राजस्व सिर्जना गर्नेछ। सबैभन्दा महत्त्वपूर्ण कुरा, वातावरणीय सुधारका साथै जलजन्य रोगहरूमा आउने कमीले गर्दा नागरिकको स्वास्थ्योपचारमा खर्च हुने अर्बौंको बचत नै यो आयोजनाको सबैभन्दा ठुलो प्रतिफल हुनेछ।

धेरैले यसलाई 'असम्भव' र 'महँगो' आयोजना भन्न सक्छन्। तर, विश्वका धेरै देशले मरेका नदीलाई पुनर्जीवन दिएका उदाहरण छन्। लन्डनको टेम्स नदी र दक्षिण कोरियाको चियोङेचोन खोला यसका ज्वलन्त उदाहरण हुन्, जुन कुनै समय ढलकै रूपमा रहेका थिए।

बागमती प्रदेश सरकारले यसलाई आफ्नो 'गौरवको आयोजना' घोषणा गरेर एकीकृत कमान्ड, वित्तीय स्रोतको सुनिश्चितता र डिजिटल अनुगमनको संयन्त्र बनाउनुपर्छ। यो आयोजना सफल हुँदा प्रदेश सरकारको छवि केवल एउटा प्रशासनिक निकायबाट 'सभ्यता संरक्षक'मा रूपान्तरण हुनेछ।

१८१ किलोमिटरको बागमती र यसका सहायक नदीको सञ्जाललाई ढलमुक्त बनाउनु आजको पुस्ताको अनिवार्य दायित्व हो। विगतका गल्तीहरूबाट पाठ सिक्दै र नयाँ प्रविधिलाई अंगीकार गर्दै यो गुरुयोजना अघि बढाउनुपर्छ। यो केवल ढल व्यवस्थापन या बागमती प्रदेशको मात्र आयोजना होइन, नेपालकै सांस्कृतिक पहिचान र गौरवको पुनर्स्थापना पनि हो। पैसा र प्रविधि जुट्न सक्छन्, तर त्यसका लागि नेतृत्वमा 'हामी गरेरै छाड्छौं' भन्ने दृढ इच्छाशक्ति र नागरिकको सक्रिय साथ रहनु आवश्यक छ। बागमती प्रदेशको आगामी नीति तथा कार्यक्रममा यो गुरुयोजनालाई समावेश गरिनु नै समृद्ध र स्वच्छ उपत्यकाको प्रस्थानविन्दु हुनेछ। आउने पुस्तालाई एउटा स्वच्छ, सुन्दर र बस्नयोग्य उपत्यका उपहार दिनका लागि यो साहसिक निर्णय लिने समय यही हो।

बागमतीलगायत उपत्यकाका सबै नदी कञ्चन बग्न सक्छन्, मात्र हाम्रो एउटा दृढ संकल्पको खाँचो छ।

(गोतामे बागमती प्रदेश सभाका सदस्य हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **दीपेश घिमिरे**लाई



एमालेले पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण गर्नुले के संकेत गर्छ ?

यसले एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बिच पार्टी एकता हुने सम्भावनाबारे चलिरहेको बजार हल्लालाई थप बल दिएको छ। तर, यसले राष्ट्रपति संस्थाको गरिमा र तटस्थतालाई भने गम्भीर क्षति पुऱ्याएको छ। राष्ट्रकै अभिभावक बनिसकेको व्यक्ति दलीय राजनीतिमा पुनः फर्किनुहुन्नथ्यो। त्यसैले, पूर्वराष्ट्रपति विद्या भण्डारीको पार्टी सदस्यता नवीकरणबाट दुई पार्टीबिच एकता त होला, तर एउटा सम्मानित संस्थाको तटस्थता र सम्मानमाथि भने गम्भीर प्रश्न बाँकी नै रहनेछ।

सदस्यता दिनु एमाले अध्यक्ष केपी ओलीको दाउपेच मात्र हो कि नेतृत्व हस्तान्तरणको संकेत पनि हो ?

यसबाट नेतृत्व हस्तान्तरण भए पनि पुस्तान्तरण हुन सक्दैन। विगतमा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाले 'डेलिभरी' दिन नसक्नुमा केपी ओलीसँगसँगै तत्कालीन राष्ट्रपति भण्डारीको पनि समान भूमिका थियो। त्यसैले, यो सदस्यता नवीकरण स्वार्थको गठजोड मात्र हो। प्रचण्डको नेतृत्व ओलीले नस्विकार्ने र ओलीको नेतृत्व प्रचण्डले नस्विकार्ने स्थितिमा भण्डारीको नेतृत्व दुवैले स्विकार्ने सम्भावना देखिन्छ। यसले पुस्तान्तरणमा भने कत्ति पनि योगदान गर्दैन।

यसबाट उल्टै तत्कालका लागि पार्टीमा रूपान्तरण र नेतृत्वमा पुस्तान्तरणको ढोका बन्द हुने त होइन ?

'कम्युनिस्ट आइडियोलोजी' बोकेका पार्टीहरूमा रूपान्तरण र पुस्तान्तरणको माग भइरहेको समयमा भण्डारीको सदस्यता नवीकरणले अझै पनि पुरानै पुस्तामा नेतृत्व अल्झिरहने संकेत गरेको छ। नयाँ पुस्ताको नेतृत्वमा दुई पार्टी एक हुन सकेको भए त्यसले पार्टीलाई नयाँ बाटोमा लगेर फरक सन्देश दिन सक्थ्यो। तर, यस्तो सम्भावनालाई यो सदस्यता नवीकरणले झनै पर धकेलिदिएको छ। यसबाट पार्टीमा सामान्य 'डेन्टिङ पेन्टिङ' त होला, तर रूपान्तरण र पुस्तान्तरणसहितको 'भाइब्रेसन'को सम्भावना भने केही समयका लागि टरेको छ।

प्रेरक प्रसंग

सन्त कविर, लोटा र गंगाजल

काशीका एकजना ब्राह्मण बडो कर्मकाण्डी थिए। कर्मकाण्डका विधिविधानमाथि उनको ठुलो विश्वास थियो। बिहानको समयमा पूजापाठ नगरी उनी कहिल्यै अन्न ग्रहण गर्दैनथे। यो क्रम निरन्तर चलिरहेकै थियो। बिस्तारै उनी वृद्धावस्थामा प्रवेश गरे। उनी निकै रोगी भए। रोगले थलिएपछि उनी क्रमशः अन्त्यनजिक पुगे। आफ्नो जीवनको अन्त्यनजिक आइपुगेको अनुभव भएपछि उनले सोचे, 'मर्नुअगाडि एक घुट्को गंगाजल त पिउनैपऱ्यो, यसले मैले जानी-नजानी गरेका सबै पाप पखालिनेछन्। साथै मोक्ष पनि प्राप्त हुनेछ र मेरो सिधै स्वर्गमा प्रवेश हुनेछ।'



त्यसै क्रममा अचानक सन्त कविरदास घुम्दैघुम्दै ती ब्राह्मणको घरमा पुगे। ब्राह्मणको हालचाल सोधेर उनले उनको सेवा गर्ने इच्छा प्रकट गरे। कविरदासको सदीक्षाबाट ब्राह्मण द्रविभूत भए। उनले भने, 'प्यारो छोरा, मलाई कसैको सेवाको आवश्यकता छैन। म अब धेरै बाँच्दा पनि बाँच्दिनँ। वश, तिमीले मलाई एक लोटा गंगाजल ल्याइदेऊ। म मर्नुअगाडि गंगाजल ग्रहण गरेर पापमुक्त हुन चाहन्छु।'

कविरदास गएर आफ्नो लोटामा गंगाजल लिएर आए। यो देखेपछि ब्राह्मणले भने, 'तिमीलाई आफ्नो लोटामा गंगाजल ल्याउन कसले भन्यो ? जुलाहाको लोटाले गंगाजल ग्रहण गरेर म पापमुक्त हुन सक्दिनँ। उल्टो आफ्नो छँदाखाँदाको धर्म पनि भ्रष्ट हुनेछ।'

कविरदासले शान्त स्वरमा भने, 'पण्डितजी, जब गंगाजलले एउटा जुलाहाको लोटालाई पवित्र बनाउन सक्दैन भने त्यो गंगाजलबाट तपाईं आफूचाहिँ कसरी पापमुक्त हुन सक्नुहोला ?'

ब्राह्मणले सन्त कविरको यस प्रश्नको जवाफ दिन सकेनन्। उनी एक टक लगाएर उनको मुख हेर्न थाले। उनको आँखाबाट आसु बग्न थाल्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

ओलीको चालबाजी त हैन ?

एमाले अध्यक्ष केपी ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीको एक कार्यक्रममा प्रमुख अतिथि बनाएर आफूलाई भण्डारीलाई पार्टीमा फर्काउन तयार रहेको सन्देश दिएका छन्। आफ्नै गुटका नेताहरूले समेत नेतृत्व छाड्न दबाब दिइरहेको समयमा भण्डारीको साथ लिएर आफू थप केही समय पार्टी नेतृत्वमा अडिने चालबाजी त होइन ? नत्र, यतिखेर भण्डारीको आगमनले के साँच्चै एमालेले पुनर्जीवन पाउला त ? के ओलीको ठाउँमा भण्डारी आउँदैमा एमालेमा रूपान्तरण होला त ? के यसले एमाले नेतृत्वमा पुस्तान्तरण होला त ? यस विषयमा गम्भीर विमर्शको खाँचो देखिन्छ।

● **गौरव पराजुली**, सानेपा, ललितपुर

आयोजनामा ढिलाइ किन ?

'लुम्बिनी प्रदेशका चारवटै गौरवका आयोजनाको निर्माण कछुवा गतिमा' शीर्षकको समाचार पढ्दा बडो दुःख लाग्यो। छिटो सेवाप्रवाह होला, विकास, निर्माणले छिटो गति लेला भनेर प्रदेश संरचना बनाइएको हो। तर, प्रदेशकै गौरवका आयोजनाहरूसमेत यसरी अलपत्र भएका समाचार सुन्दा कसलाई पो दुःख नलाग्ला र ? प्रदेशको राजधानीमै भइरहेको यस्तो ढिलासुस्ती देख्दा बाँकी अन्यत्र कस्तो हालत होला, सहजै अनुमान लगाउन सकिन्छ। आयोजनाहरूमा ढिलासुस्ती अन्त्य गरियोस्।

● **मञ्जु परियार**, बुटवल- ६, रुपन्देही

कीर्तिमानी आरोहीलाई बधाई

सगरमाथा आरोहणमा कामिरिता र लाक्पा शेर्पाले आफ्नै रेकर्ड तोडेर नयाँ कीर्तिमान राख्न सफल भएको समाचार पढियो। कामिरिता शेर्पाले ३२औँपटक सगरमाथाको सफल आरोहण गरेर धेरैपटक सगरमाथा आरोहण गर्ने नयाँ कीर्तिमान बनाएका हुन् भने लाक्पा शेर्पाले ११औँपटक सगरमाथाको सफल आरोहण गरेर महिलातर्फ सबैभन्दा बढीपटक सगरमाथा आरोहणको कीर्तिमान बनाएकी हुन्। दुवै कीर्तिमानी शेर्पालाई बधाई तथा शुभकामना छ। भविष्यमा थप सफलता प्राप्त होस्।

● **अन्जु महतारा**, दिक्तेल, खोटाङ

प्रतिपक्षीको विरोध किन ?


हिजो निर्वाचन लड्दा बालेन्द्र शाहले प्रस्ट भनेका थिए, म बोल्न होइन गर्न आएको हो। उनले निर्वाचन प्रचार-प्रसारमा जम्माजम्मी १७ मिनेट भाषण गरेर सबैलाई चकित पारे। बोलेर नथाक्ने नेताका लागि यो एउटा ठुलो पाठ भयो। निर्वाचनको मतपरिणाम हेर्ने हो भने रास्वपा पहिलो दल मात्र भएन, उसले लगभग दुईतिहाइ मत पायो। यो भनेको जनताको माया होइन र ? जनमतको सबैले सम्मान गर्नुपर्छ। रास्वपालाई बालेन बोल्दैनन्, काम गर्छन् भन्ने थाहा थियो। त्यसैले उनकै नेतृत्वमा सरकार बनाउन रवि लामिछाने अघि सरेका हुन्। उनको योजना सफल भयो। यो भनेको रास्वपालाई जनताको माया होइन ? जनताले विश्वास गरेका छन् भने बालेन सरकारलाई डर केको ?

अहिले चौतर्फी एउटै कुरा गुन्जिएको छ, संसद्मा नीति तथा कार्यक्रममा प्रधानमन्त्री बालेन्द्र शाहले बोलेनन्। किन बोलेनन् ? बोल्नैपर्ने हो र ? नबोल्दा के फरक पर्छ ? उनका तर्फबाट अर्थमन्त्री स्वर्णिम वाग्लेले बोलिहाले। ऐनमा पनि सरकार प्रमुखले इच्छाएका व्यक्तिले संसद्मा उत्तर दिन मिल्छ भन्ने छ। यो सब जान्दाजान्दै पनि विरोधचाहिँ केका लागि ? के प्रतिपक्षी भएपछि विरोध गर्नैपर्ने हो र ? के एमाले, कांग्रेस, माओवादी, राप्रपालगायत दलको उद्देश्य देश बनाउने नै हो ? सबैको साझा उद्देश्य देश बनाउने नै हो भने रास्वपाले त्यसको जिम्मा लिएको छ, जनताले उसलाई अभिभारा सुम्पेका छन् भने विरोधचाहिँ किन गर्नु ?

● **पुरुषोत्तम घिमिरे** जोरपाटी काठमाडौं
ghimirepuru@gmail.com

जोखिममा इन्टरनेटको मेरुदण्ड मानिने समुद्रमुनिका केबल

समुद्रको पिँध भूराजनीतिक प्रतिस्पर्धाको क्षेत्र बन्दा यसको परिणामले लामो समय विश्वको स्थिरतालाई असर पार्न सक्छ



देश/विदेश

● मेरिडिथ प्रिमरोज जोन्स

(जोन्स आरएमआइटी विश्वविद्यालयकी 'ओसिनिया साइबर सेक्युरिटी सेन्टर'का अनुसन्धाता हुन्)

गत्त साता इरानी सरकारी मिडियाले 'स्ट्रेट अफ हर्मुज' क्षेत्रको समुद्रमुनि रहेको इन्टरनेट केबलका सञ्चालकसँग आफ्नो तटनजिकको क्षेत्र प्रयोग गरेकामा तेहरानले शुल्क उठाउन लागेको समाचार प्रसारण गऱ्यो। यो समाचार प्रसारण हुनु केही दिनअघि मात्र इरानले 'स्ट्रेट अफ हर्मुज'को पिँधमा रहेका इन्टरनेट केबल आफ्नो पहुँचभन्दा टाढा नरहेको चेतावनी दिएको थियो।

धेरै मानिसले इन्टरनेटलाई 'भर्चुअल क्लाउड'का रूपमा सोच्ने गर्छन्, तर यसको भौतिक आधार भने समुद्रको पिँधमा रहेको थोरैलाई मात्र थाहा होला। अहिले विश्वको समुद्री पिँधमा बिच्छ्याइएका ५०० भन्दा बढी केबल (तार)को सञ्जालले अन्तर्राष्ट्रिय डेटा ट्राफिकको ९५ प्रतिशतभन्दा बढी हिस्सा बोक्छन्।

समुद्रमुनि बिच्छ्याइएका इन्टरनेट-केबल मध्यपूर्वका समुद्रका पिँध हुँदै अघि बढ्छन्। त्यस भेगका साँघुरो समुद्रीमार्गले जहाजका लागि मात्र होइन, 'डिजिटल चोकपोइन्ट'को समेत काम गर्छन्। यी समुद्री इन्टरनेट कोरिडोरले युरोप, एसिया र अफ्रिकाका प्रमुख आर्थिक केन्द्रलाई जोड्छन्। सन् २०२४ मा लालसागर क्षेत्रको समुद्रमुनिको केबलमा क्षति पुग्दा युरोप र एसियाबिचको इन्टरनेट ट्राफिकको कुल २५ प्रतिशत हिस्सा प्रभावित बनेको थियो।

विगतमा रणनीतिक पूर्वाधारअन्तर्गत तेलका पाइपलाइन, बन्दरगाह वा पावर ग्रिड पर्थे। तर, पछिल्लो समय डेटा (तथ्याकंसम्बन्धी) पूर्वाधार पनि राष्ट्रिय तथा आर्थिक सुरक्षाका लागि उत्तिकै महत्त्वपूर्ण बनेको छ। समुद्री पिँधमा बिच्छाइएका इन्टरनेट केबलको सुरक्षामाथिको मुख्य चुनौती यी पूर्वाधार एकै क्षेत्र हुँदै अघि बढ्ने भएकाले निम्तिएको हो। अधिकांश इन्टरनेट केबललाई समुद्रमुनिको एउटै मार्गमार्फत बन्डल-बन्डलका रूपमा लगिएको हुन्छ। साथै, तिनलाई प्रायः साँघुरो समुद्री चोकपोइन्ट लगिन्छ। यसले निसाना बनाउन चाहनेलाई सहजता प्रदान गर्छ। यही एकै क्षेत्रमा रहने भएकाले जानाजानी वा आकस्मिक रूपमा जुन रूपमा इन्टरनेट केबल काटिए पनि यसले एकैसाथ धेरै क्षेत्रको कनेक्टिभिटी टुट्छ।

इन्टरनेट केबलमा समय-समयमा क्षति पुगिरहेको हुन्छ। तथापि, यसको मर्मतकार्य भने जटिल हुन्छ। विशेष गरी विवादित वा सैन्यीकृत समुद्री भागमा रहेको केबल मर्मतमा विशेष समस्या आउँछ। मर्मत गर्न प्रयोग हुने जहाजलाई सुरक्षित पहुँच दिलाउनकै लागि अन्तर्राष्ट्रिय समन्वय आवश्यक पर्छ।

समुद्री पिँध रहेका इन्टरनेट केबलमा क्षति पुग्दा त्यसले गम्भीर परिणाम निम्त्याउन सक्छ। पहिलो, तत्कालीन प्रभाव विश्वव्यापी इन्टरनेट कनेक्टिभिटी खण्डीकरणका रूपमा देखापर्छ। संसारका जुनसुकै कुनामा जतिखेरै कुराकानी गर्न सकिने अहिलेको हाम्रो क्षमता पहिलो सिकार हुन्छ। प्रभावित केबलबाट इन्टरनेट सेवा पुगेको क्षेत्रमा सेवा सुस्त वा पूर्ण अवरुद्ध हुन सक्छ। (न्यून 'ब्याकअप' पूर्वाधार भएका देशहरू, जसमा विशेष गरी अफ्रिका, मध्यपूर्व र दक्षिण एसियाका देश सबैभन्दा बढी प्रभावित हुनेछन्।) यसको असर वित्तीय क्षेत्रमा पनि पर्छ। विश्वव्यापी सेयरबजारको लेनदेन, भुक्तानी सञ्जालदेखि अन्तर्राष्ट्रिय बैंकिङ लेनदेनलाई अहिलेको द्रुत तथा भरपर्दो डेटाप्रवाहले सम्भव बनाएको हो। इन्टरनेटविना यिनमा धक्का लाग्नेछ।

छोटो अवधिको अवरोधले समेत सेयर बजारमा द्रुत उतारचढाव हुनेदेखि लेनदेनमा ढिलाइ हुनेलगायत अवस्था आई लगानीकर्तामा अनिश्चितता निम्त्याउन सक्छ। विश्वव्यापी अर्थतन्त्रको धेरै मात्रामा अन्तरसम्बन्धित भएकाले एउटा क्षेत्रमा आउने डिजिटल अस्थिरताले द्रुत रूपमा अन्य भागमा पनि वित्तीय झट्का निम्त्याउन सक्छ। यदि इन्टरनेट केबलको अवरोध स्ट्रेट अफ हर्मुज वा स्वेज नहरजस्ता महत्त्वपूर्ण समुद्री व्यापारमार्गमा द्वन्द्व वा अस्थिरता सँगसँगै आयो भने बिमाबजार, ढुवानी उद्योग र ऊर्जा आपूर्ति शृंखलामा पनि अनिश्चितता आउँछ।

इन्टरनेट केबलमा आउने अवरोधको सैन्य र रणनीतिक परिणाम अझ गम्भीर साबित हुन सक्छन्। सशस्त्र सेनाका लागि लामो दूरीको सुरक्षित सञ्चार तथा वास्तविक-समयमा हुने समन्वयले धेरै महत्त्व राख्छ। पछिल्लो समय कमान्ड-एन्ड-कन्ट्रोल प्रणालीदेखि ड्रोन सञ्चालन र रसदको योजनासम्म समुद्रमुनिका केबलमाथि निर्भर छ। यी नेटवर्कमा पुग्ने क्षतिले सेनालाई कम प्रभावकारी बनाउनेछ। मित्रशक्तिसँगको समन्वय कठिन बन्छ र निर्णयमा गलत गणनाको खतरा बढ्छ।

इन्टरनेट केबलमाथिको आक्रमणलाई अन्य सैन्य लक्ष्यमा गरिने प्रत्यक्ष आक्रमणका रूपमा हेरिँदैन। फेरि क्षति कसले पुऱ्यायो भनेर पत्ता लगाउन पनि गाह्रो पर्छ। हुन त बाल्टिक सागर क्षेत्रका इन्टरनेट केबलमा भएका क्षतिका लागि प्रायः रुसको हात रहेको मानिन्छ, तथापि, ऊविरुद्ध कुनै स्पष्ट कानुनी कदम चाल्न सकिँदैन। यस्तो कानुनी अस्पष्टताले कालान्तरमा द्वन्द्व बढाउने जोखिम सिर्जना गर्छ। विशेषतः अवरोध आकस्मिक थियो या आपराधिक या युद्ध कदम भन्ने निर्धारण गर्न नसक्ने अवस्थामा तनाव उच्च रहँदा यस्तो अवस्था आउँछ।

अमेरिका-इरान द्वन्द्वले पहिले नै बनाइसक्नुपर्ने समुद्रमुनिका नयाँ इन्टरनेट केबल निर्माणमा ढिलाइ भइसकेको छ। यसले एक बृहत्तर वास्तविकतालाई उजागर गरिदिएको छ : डिजिटल भनिने संसारको जग वास्तविक संसारमा बनेको छ र त्यो अभेद्य छैन।

इन्टरनेट केबलमा जानाजान गरिने क्षतिको असर सानो क्षेत्रमा सीमित रहँदैन। यसले विश्वव्यापी सञ्चार, अर्थतन्त्र र सुरक्षा प्रणालीलाई प्रभावित बनाउँछ। समुद्रको पिँधमा भूराजनीतिक प्रतिस्पर्धाको क्षेत्र बन्दा यसको परिणामले लामो समय विश्वको स्थिरतालाई असर पार्न सक्छ।

द कन्भरसेसनबाट

आर्थिक वृद्धिको प्रमुख शक्ति बन्दै अफ्रिका

विश्व व्यापारमा अफ्रिका महादेशको हिस्सा जम्मा तीन प्रतिशतभन्दा कम छ, यद्यपि यसले विश्वको जनसंख्याको लगभग २० प्रतिशत भाग ओगटेको छ

अफ्रिका महादेश उपनिवेश मुक्त भएको पनि ५० वर्षभन्दा बढी समय भइसकेको छ। तर, अझै पनि पश्चिमी देशले यस महादेशलाई विश्व अर्थतन्त्रको किनाराका रूपमा मात्र हेर्छन्। पश्चिमा देशहरूले अफ्रिकालाई कच्चा पदार्थको स्रोतबाहेक अरू केही मान्दैनन्। यस पुरानो दृष्टिकोणले उच्च मूल्यका उत्पादन उद्योग र एकीकृत आपूर्ति शृंखला विकास गर्ने अफ्रिकाको क्षमतामा बाधा पुऱ्याइरहेको छ। समग्रमा अमेरिकाको आर्थिक वृद्धि नै प्रभावित भएको छ। फलस्वरूप, अफ्रिका र अन्य क्षेत्रबिचको प्रतिव्यक्ति आयमा खाडल बढ्दै गएको छ। विश्व व्यापारमा यस महादेशको हिस्सा जम्मा ३ प्रतिशतभन्दा कम छ। यद्यपि, अफ्रिकाले विश्वको जनसंख्याको लगभग २० प्रतिशत भाग ओगटेको छ।



● हिपोलाइट फोप्याक

'अफ्रिकन एक्सपोर्ट-इम्पोर्ट बैंक'का पूर्वप्रमुख अर्थशास्त्री फोप्याक कोलम्बिया विश्वविद्यालयअन्तर्गतको 'दिगो विकास समाधान सञ्जाल'का फेलो हुन्।

विश्वमा धेरै देशले 'अति वृद्ध जनसंख्याको (६५ वर्ष र सोभन्दा माथिका जनसंख्या २० प्रतिशत बढि)'को सीमा पार गर्दै जाँदा अन्तर्राष्ट्रिय समुदायले अफ्रिकालाई सहायक र परिधीय भूमिकामा सीमित गर्न रोक्नुपर्छ। विश्व अर्थतन्त्रलाई मागका नयाँ चालकको खाँचो पर्छ र अफ्रिका त्यो आवश्यकता पूरा गर्न विशिष्ट रूपमा उपयुक्त छ। वास्तवमा, अफ्रिकाको जनसांख्यिकीय गतिशीलता, पूर्वाधारमाथि विशाल लगानी आवश्यकताले गर्दा आगामी वर्षमा विश्वव्यापी व्यापार र लगानीमा यसले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ।

अफ्रिकाको जनसांख्यिकीय वृद्धि कुनै अन्य भागसँग तुलना हुँदैन। यसको जनसंख्या सन् २०५० सम्ममा २.५ अर्ब पुग्ने अपेक्षा गरिएको छ। नाइजेरियाले त्यस समयसम्म अमेरिकालाई उछिन्नेर विश्वको तेस्रो सबैभन्दा बढी जनसंख्या भएको देश हुने अनुमान गरिएको छ। ऊभन्दा अगाडि भारत र चीन मात्र हुनेछन्। अझ यो शताब्दीको अन्त्यसम्ममा, विश्वको जनसंख्याको लगभग ४० प्रतिशत हिस्सा अफ्रिकी हुने तथ्यांकले देखाउँछ।

अझ महत्त्वपूर्ण कुरा, विश्वमा काम गर्ने उमेर समूहमा हुने खुद वृद्धिमा अफ्रिकाको मुख्य योगदान हुनेछ। जबकि अन्य भेगका देशहरूले घट्दो श्रमशक्तिका कारण परनिर्भर जनसंख्याको भार सामना गर्नुपर्ने अवस्था आइरहेको छ। हालैका तथ्यांकका अनुसार १ प्रतिशतको विश्वव्यापी औसतभन्दा बढी जनसंख्या वृद्धि भएका अर्थतन्त्रहरूले औसतमा ३.१% को वास्तविक कुल ग्राहस्थ उत्पादन (जिडिपी) वृद्धिदर अनुभव गर्दा नकारात्मक जनसंख्या वृद्धिदर भएका देशले आफ्नो जिडिपीमा केवल १.४% वृद्धि हासिल गरेका छन्। अफ्रिकी जिडिपी पहिले नै विश्वको औसतभन्दा बढिले वृद्धि भएरहेको छ। प्रायः दीर्घकालीन प्रक्षेपणले महादेशको बलियो जनसांख्यिकीय बनोटले गर्दा यसले विश्वव्यापी अर्थतन्त्रलाई शक्ति प्रदान गर्न महत गर्ने संकेत गर्छ।



कुनै देशको आर्थिक वृद्धिलाई पुँजी, श्रम र प्रविधिको उत्तम मिश्रण आवश्यक पर्छ। तथापि, रोजगारी सिर्जना र उपभोक्ता खर्चको निरन्तर वृद्धिबिचको सुदृढीकरण अन्तर्क्रिया यसमा महत्त्वपूर्ण हुन्छ। ऐतिहासिक रूपमा, जनसांख्यिकीय शक्तिले मानवपुँजी विकासलाई समर्थन गरेको छ। यसले घरेलु मागको विस्तारलाई दिगो बनाउँछ। यस सन्दर्भमा, अफ्रिकाको युवाशक्ति श्रम आपूर्ति तथा माग सिर्जना गर्ने दुवै सन्दर्भमा एक महत्त्वपूर्ण सम्पत्ति हो।

सम्पन्न देशहरूमा अहिले जनसंख्या वृद्धि स्थिर हुनथालेकाले उपभोग्य वस्तुको मागको वृद्धि सुस्त हुँदा अफ्रिकामा यसमा निरन्तर विस्तार भइरहेको छ। किनकि द्रुत सहरीकरणले नयाँ उपभोक्ता बजार खडा गर्दछ र आम्दानी बिस्तारै बढ्छ। सन् २०५० सम्ममा, करोडौँ अफ्रिकी मध्यमवर्गमा सामेल हुने प्रक्षेपण छ, र महादेशमा उपभोक्ता तथा व्यावसायिक खर्च १६.१ ट्रिलियन अमेरिकी डलर पुग्ने अनुमान छ। यसले उपभोग्य सामान र सेवाको महत्त्वपूर्ण माग सिर्जना गर्दछ।

अफ्रिकाले परिवर्तनको प्रचुर सम्भावना बोकेको छ। विश्वको सबैभन्दा कम स्तरको औद्योगीकरण भएको यस महादेशले विश्वव्यापी उत्पादनमा दुई प्रतिशतभन्दा थोरै योगदान पुऱ्याउँछ। यस्तोमा अफ्रिकामा उत्पादकत्व वृद्धिमा ठुलो काम गर्न सकिन्छ। 'बक्साइट' नामक खनिज यसको उदाहरण हो। खानीबाट बाहिर निकाल्दा ८७४ अर्ब डलरको यो धातु एलुमिनामा परिष्कृत गरिएपछि ५.२ ट्रिलियन डलर मूल्यको हुन्छ। अझ एलुमिनालाई एल्युमिनियममा पगालेपछि यसको मूल्य १५.४ ट्रिलियन अमेरिकी डलरमाथि पुग्छ। यसरी कच्चा पदार्थलाई उच्च मुल्यमा वृद्धि गर्न सकिन्छ। यसका लागि महादेशले आफ्ना कच्चा पदार्थ निर्यात गर्नुको सट्टा प्रशोधनमा ध्यान दिनुपर्छ। यसले विशाल आर्थिक अवसर प्रदान गर्दछ।

यो अवसरको सदुपयोग गर्नका लागि अफ्रिकाको पूर्वाधार घाटालाई सम्बोधन गर्नुपर्छ। पूर्वाधारमा खर्च वृद्धि, विशेष गरी निर्माण, खानी, निर्माण र सेवा क्षेत्रमा गरिने लगानीले दीर्घकालीन उत्पादकत्व लाभको चरण तय गर्नेछ। यसले विश्वव्यापी अर्थतन्त्रमै ठुलो सकारात्मक प्रभाव पार्नेछ। पूर्वाधार, मानवपुँजी विकास तथा नीतिगत सुधारमा गरिने पर्याप्त वित्तपोषणमार्फत अफ्रिकाले औद्योगीकरण छलाङ मार्न सक्छ र यसको जनसंख्या वृद्धिलाई दिगो आर्थिक गतिशीलतामा रूपान्तरण गर्न सक्छ। र, कालान्तरमा विश्व अर्थतन्त्रको लागि एक शक्तिशाली जनसांख्यिकीय लाभांश सिर्जना गर्न सक्छ।

> अफ्रिकाले परिवर्तनको प्रचुर सम्भावना बोकेको छ। बढ्दो जनसंख्या, उपयोगमा आउन नसकेको विशाल उपभोक्ता बजार र बेवास्तामा परेको औद्योगिक क्षमता तथा विशाल स्रोत साधनलाई ध्यान दिँदा विश्वको भावी आर्थिक वृद्धि अफ्रिकाको हातमा छ।

अफ्रिकी महादेशीय खुला व्यापार क्षेत्रको कार्यान्वयन यो संरचनात्मक रूपान्तरणलाई उत्प्रेरित गर्ने दिशामा एक प्रमुख कदम हुनेछ। किनभने अधिक एकीकृत बजारले लागत लाभलाई बढावा दिन्छ र औद्योगिक वृद्धिलाई प्रोत्साहन गर्छ। उत्पादित सामानहरू पहिले अफ्रिकी महादेशीय खुला व्यापार क्षेत्रमा खपत गरिनेछ। सामान अफ्रिकाभित्र प्रतिस्पर्धी हुँदै गएपछि तिनलाई विश्वव्यापी बजारहरूमा विस्तार गर्न सकिन्छ।

द्रुतगतिमा बढ्दो जनसंख्या, उपयोगमा आउन नसकेको विशाल उपभोक्ता बजार र त्यस्तै बेवास्तामा परेको औद्योगीकरण क्षमता तथा विशाल स्रोतलाई ध्यान दिँदा विश्वको भावी आर्थिक वृद्धि अफ्रिकाको हातमा छ। सम्पन्न अर्थतन्त्रले संरचनात्मक समस्याको सामना गर्दा, अफ्रिका परिवर्तनकारी वृद्धिको ठुलो सम्भावना बोकेर बसेको छ। यदि अफ्रिकी देशहरूले २१औँ शताब्दीको विश्वव्यापी आर्थिक विस्तारको स्तम्भ बनाउने हो भने सबैभन्दा पहिले यस्तो विस्तारलाई सघाउने प्रभावकारी नीति आवश्यक पर्छ। अफ्रिकाको सम्भावनालाई साकार पारिएन भने, बुढो हुँदै गएको बाँकी संसारले समृद्धिलाई जोगाइराख्न संघर्ष गर्नेछ। त्यसैले, अफ्रिकाको सफलता अब यस भेगको मात्र मुद्दा होइन, बरु विश्वव्यापी अनिवार्यता बनेको छ।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज

मे १९



सन् २०१८ : बेलायती राजकुमार ह्यारीले अमेरिकी अभिनेत्री मेगन मर्केलसँग विवाह गरे। सेन्ट जर्ज च्यापल विन्डसर क्यासलमा भएको वैवाहिक समारोह अफ्रिकी-अमेरिकी संस्कृतिमा धुमधामसँग गरिएको थियो, जुन कुनै पनि अघिल्लो ब्रिटिस राजपरिवारको संस्कारविपरीत थियो।

१५३६ : व्यभिचारको आरोपमा दोषी पाइएपछि इंग्ल्यान्डका राजा हेनरी आठौँकी दोस्री पत्नी तथा रानी एलिजाबेथ प्रथमकी आमा एनी बोलिनको टाउको काटियो।

सन् १९१९ : मुस्तफा केमाल अतातुर्कले टर्कीको स्वतन्त्रता युद्धको सुरुवात गरे। उनले सुरु गरेको युद्ध चार वर्षपछि समाप्त भयो। टर्की गणतन्त्र स्थापना भएपछि अतातुर्क त्यहाँको पहिलो राष्ट्रपति बने।

सन् १९६३ : अमेरिकामा मार्टिन लुथर किंगले ब्रिमिनघम जेलबाट पठाएको खुलापत्र प्रकाशित। लुथर किंगले खुलापत्रमा नश्लवाद र पृथक्तविरुद्ध आफ्नो अहिंसात्मक प्रतिरोधबारे उल्लेख गरेका थिए। उक्त खुलापत्र संयुक्त राज्य अमेरिकामा नागरिक अधिकार आन्दोलनका लागि केन्द्रीय ग्रन्थमध्ये एक हो।

१९६७ : अमेरिकी युद्ध विमानले पहिलोपटक भियतनामको हनोईमा बम प्रहार गरे।

युद्ध अन्त्यका लागि अमेरिकासँग वार्ता भइरहेको छ : इरान

तेहरान / इरानले युद्ध अन्त्यका लागि अमेरिकासँग वार्ता भइरहेको जनाएको छ। इरानको विदेश मन्त्रालयका प्रवक्ताले मध्यस्थकर्ताको रूपमा पाकिस्तानमार्फत अमेरिकासँग वार्ता भइरहेको बताएका हुन्। तस्निम समाचार एजेन्सीले वार्ता टोलीनिकट स्रोतलाई उद्धृत गरे अनुसार इरानले पाकिस्तानमार्फत १४ बुँदे प्रस्ताव पेस गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शान्ति सम्झौताको लागि 'घडीले टिकटिक' आवाज दिएको भन्दै इरानलाई चेतावनी दिएका छन्। यसअघि अमेरिका र इरानबिच हुने भनिएको दोस्रो चरणको वार्ता अन्तिम समयमा रद्द भएको थियो। वार्ता अनिश्चित बनिरहेका वेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनको भ्रमण गरेका थिए। अमेरिका-इरान शान्तिवार्ताका लागि पाकिस्तानले भित्रभित्रै कूटनीतिक पहल गरिरहेको छ।



यसैबिच इजरायली नौसेनाले भूमध्यसागरको अन्तर्राष्ट्रिय पानीमा रहेको ग्लोबल सुमुद फ्लोटिलाबाट डुंगा रोक्न र कब्जा गर्न थालेको छ। फ्लोटिलाले प्यालेस्टिनीहरूलाई सहायता पुऱ्याएर गाजामा इजरायलको नाकाबन्दी तोड्न खोजिरहेको छ। इरानका विदेशमन्त्री अब्बास अराघचीले साउदी विदेशमन्त्री फैसल बिन फरहान अल साउदसँगको फोनवार्तामा 'वर्तमान कूटनीतिक प्रक्रिया र पछिल्लो क्षेत्रीय विकाससँग सम्बन्धित मुद्दा'बारे छलफल गरेको बताएका छन्। यसैबिच, जर्मनीले युएई र अन्य क्षेत्रीय साझेदारमाथि भएका नयाँ आक्रमणको निन्दा गरेको छ। जर्मन चान्सलर फ्रेडरिक मेर्जले दुबई युएई र खाडीमा रहेका अन्य जर्मन साझेदारहरूमाथि भएका 'नयाँ' आक्रमणको निन्दा गरेका छन्। 'आणविक सुविधामा भएका आक्रमणहरूले सम्पूर्ण क्षेत्रका मानिसहरूको सुरक्षालाई खतरामा पार्छन्। हिंसाको थप वृद्धि हुनुहुँदैन,' मेर्जले सामाजिक सञ्जालमा भने।

मेर्जले इरान फेरि अमेरिकासँग वार्तामा संलग्न हुनुपर्ने, आफ्ना छिमेकीहरूलाई धम्की दिन बन्द गर्नुपर्ने र निर्बाध ढंगले हर्मुज जलमार्ग खोलिनुपर्ने बताए।

दुबईका उद्योग तथा उन्नत प्रविधिमन्त्रीले आइतबार बाराका आणविक भट्टीमा भएको ड्रोन आक्रमणको निन्दा गरेका छन्। 'बराकामा आक्रमण गर्नु शान्तिपूर्ण परियोजनामाथि आतंकवादी आक्रमण हो, जुन उच्चतम सुरक्षा मापदण्डमा निर्मित छ र यसले युएईभरिका घर, अस्पताल र उद्योगलाई शक्ति प्रदान गर्दछ,' एडिएनओसीका सिइओ सुल्तान अल जाबेरले सामाजिक सञ्जालमा भने।

द्वन्द्वले गाजामा पानीको संकट

गाजा सिटी / इजरायलसँग जारी द्वन्द्वका कारण गाजामा पानीको संकट देखिएको छ। इजरायली सेनाको कारबाही, संरचना ध्वस्त, विद्युत् आपूर्ति अवरुद्ध, इन्धन र अत्यावश्यक सामग्रीमा रोक लगाइएका कारण पानीको संकट देखिएको हो। प्यालेस्टाइनी जल प्राधिकरणले गाजा क्षेत्रमा पानीको गम्भीर संकट उत्पन्न भएको भन्दै चिन्ता व्यक्त गरेको छ।

गाजावासीले प्रतिदिन औसतमा केबल तीनदेखि पाँच लिटर पानी मात्र पाउँछन्, जबकि स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डअनुसार न्यूनतम १५ लिटर हुनुपर्ने हो। स्थानीय बासिन्दा पिउन नमिल्ने नुनिलो पानी प्रयोग गर्न बाध्य भएका छन्। प्राधिकरणले इजरायललाई मानव अधिकारको उल्लंघन गरेको आरोप लगाउँदै तत्काल सैनिक आक्रमण रोक्न, नाकाबन्दी अन्त्य गर्न र पानी आपूर्ति सेवामा संलग्न कामदारको सुरक्षा सुनिश्चित गर्न माग गरेको छ।

पानीको अभावका कारण मानिसहरूको जीवनयापन कष्टकर हुँदै गएको छ। हरेक दिन प्रत्येक परिवार स्वच्छ पिउने पानीका लागि ठूलो संघर्ष गर्नुपरेको छ। सरसफाइ तथा लुगा धुने प्रयोजनमा प्रयोग हुने पानी प्राप्त गर्न घन्टौं समय लाग्छ। यसैबिच संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले गाजाका २० लाख मानिसलाई प्रति महिना ६२ हजार टन खाना चाहिने बताएको छ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०२/०५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग जारी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: नेपालगंज, बाँके

१. ऋणीको विवरण
राम गोपाल गुप्ताको नाति, राधेश्याम गुप्ताको छोरा, बाँके जिल्ला, हिरमिनिया गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको अखिलेश गुप्ता (ना.प्र.प.नं. ६६३०२७/२२१, बाँके)
व्यक्तिगत जमानतकर्ताको विवरण
राधेश्याम गुप्ताको बुहारी, अखिलेश गुप्ताको पत्नि, हिरमिनिया गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको दिब्या वैश्य (ना.प्र.प.नं. ६६१०२७/२११७ बाँके)
२. ऋणीको विवरण
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/११/०६ मा दर्ता नं. २८४४७३/०७८/०७९ कायम भई दर्ता भएको बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १८ स्थित ठेष्टी थकाली भान्सा घर प्रा.लि.
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. महेशराज न्यौपानेको बुहारी, संजिब न्यौपानेको पत्नी, प्युठान जिल्ला, ओखरकोट गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको निर्माचा जि.सी. (ना.प्र.प.नं. ४७४६२, प्युठान)
२. लिलाधर न्यौपानेको नाति, महेशराज न्यौपानेको छोरा, दाङ्ग जिल्ला, टरिगाउ गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको संजिव न्यौपाने (ना.प्र.प.नं. ३३६४, बाँके)
३. ऋणीको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय डोल्पामा प्राइभेट फर्म रजिस्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०६५/०६/०१ मा दर्ता नं. २१७०/०६५/६६ कायम भई दर्ता भएको डोल्पा जिल्ला, ठुलीभेरी न.पा. वडा नं. ७ स्थित द क्रिपर कन्स्ट्रक्सन प्रोप्राइटर: त्रिलोचन डाँगी
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. भक्तिलाल डाँगीको नाति, पूर्ण बहादुर डाँगीको छोरा, डोल्पा जिल्ला, जुफाल गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको त्रिलोचन डाँगी (ना.प्र.प.नं. ५७-१-००२ /९६३४, डोल्पा)
२. भक्तिलाल डाँगीको बुहारी, पूर्ण बहादुर डाँगीको पत्नी, डोल्पा जिल्ला, ल्हा गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको लाल कूमारी बुढाथोकी (ना.प्र.प.नं. ५३९, डोल्पा)
३. पूर्ण बहादुर डाँगीको बुहारी, त्रिलोचन डाँगीको पत्नी, डोल्पा जिल्ला, रिमी गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको लता शाही (ना.प्र.प.नं. ५७-१-०१३ /७८०१, डोल्पा)
४. भक्तिलाल डाँगीको नाति, पूर्ण बहादुर डाँगीको छोरा, डोल्पा जिल्ला, ठुलीभेरी न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको आयुश डाँगी (ना.प्र.प.नं. ५७-०१-७४-०००१७, डोल्पा)
५. दत डाँगीको नाति, भक्तिलाल डाँगीको छोरा, डोल्पा जिल्ला, जुफाल गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको पूर्ण बहादुर डाँगी (ना.प्र.प.नं. ६००/६९३, डोल्पा)

शाखा कार्यालय: चन्द्रगढी, झापा

ऋणीको विवरण
कृष्ण प्रसाद तिम्सिनाको नाति, लक्ष्मी प्रसाद तिमसीनाको छोरा, झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको अनीरुद्र तिमसीना (ना.प्र.प.नं. १८६०१९६३, झापा)
व्यक्तिगत जमानतकर्ताको विवरण
लक्ष्मी प्रसाद तिमसीनाको बुहारी, अनीरुद्र तिमसीनाको पत्नी, झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको सीमा तिम्सीना (ना.प्र.प.नं. ०४१००७/२४९६ झापा)

शाखा कार्यालय : पेप्सीकोला, काठमाण्डौ

ऋणीको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/१२/२१ मा दर्ता नं. १४७३९२/०७२/०७३ कायम भई दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित कालिन्चोक कन्स्ट्रक्सन प्रा.लि.
व्यक्तिगत जमानतकर्ताको विवरण
१. हर्क बहादुर घिमिरेको नाति, कटक बहादुर घिमिरेको छोरा, दोलखा जिल्ला, काब्रे गा.वि.स./उ.म.न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको रमेश घिमिरे (ना.प्र.प.नं. २२११५४/९२४, दोलखा)
२. कटक बहादुर घिमिरेको बुहारी, रमेश घिमिरेको पत्नी, दोलखा जिल्ला, काब्रे गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको अम्बिका घिमिरे, (ना.प्र.प.नं. १३७२/१३९०, दोलखा)

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ५ जेठ ०८३

डलरको मूल्य नयाँ उचाइमा, एक डलरको १५४.४६ रुपैयाँ

नयाँ पत्रिका

नेपाली बजारमा डलरको मूल्य फेरि नयाँ उचाइमा पुगेको छ। नेपाल राष्ट्र बैंकले मंगलबारका लागि डलरको खरिद मूल्य १५३.८६ रुपैयाँ र बिक्री मूल्य १५४.४६ रुपैयाँ तोकेको छ, जुन हालसम्मकै उच्च हो।

यसअघि शनिबारदेखि सोमबारसम्म डलरको खरिद मूल्य १५३.२५ रुपैयाँ र बिक्री मूल्य १५३.३८५ रुपैयाँ तोकेको थियो। डलरको मूल्यले मंगलबार त्यो रेकर्ड तोडेर नयाँ रेकर्ड राखेको हो। शुक्रबार डलरको खरिद मूल्य १५२.९३ रुपैयाँ र बिक्री मूल्य १५३.५३ रुपैयाँ थियो।

नेपाली मुद्रा भारतीयसँग पेग (विनिमय दर स्थिर) हुँदा भारतमा डलरको मूल्य बढेसँगै स्वतः नेपालमा पनि मूल्य बढेको हो। पश्चिम एसियामा जारी तनावका कारण भारतीय अर्थतन्त्र प्रत्यक्ष प्रभावित भइरहेको छ। इरान युद्धका कारण कच्चा तेलको मूल्यमा उच्च वृद्धि भइरहेको छ। भारत धेरै तेल आयात गर्ने मुलुकमा पर्छ।

सोही कारण मूल्य बढेपछि तेल आयातमा भारतले धेरै विदेशी मुद्रा खर्च गर्नुपरेको छ। युद्धले विश्व आपूर्ति शृंखला प्रभावित भएसँगै भारतको वैदेशिक व्यापारमा त्यसको असर परेको छ। अहिले भारतमा व्यापार घाटा पनि बढ्दो छ। भारतबाट पुँजी पलायन बढ्दै गएको छ। जसले गर्दा भारतमा अहिले डलरको माग उच्च भएको छ। डलरको मागले मूल्य बढाएको छ, त्यसको प्रत्यक्ष असर नेपालमा पनि परेको हो। डलर सञ्चिति जोगाउन भारतले अहिले सुन र चाँदी आयात प्रतिबन्ध गरेको छ।

इजरायल र अमेरिका मिलेर गत २८ फेब्रुअरी (१६ फागुन)मा इरानमाथि गरेको आक्रमण र त्यसपछि मध्यपूर्वी मुलुकमा देखिएको तनावका कारण भारतमा डलरको मूल्य बढ्दै आएको छ। त्यसपछि नेपाली मुद्रा बजारमा पनि डलरको मूल्य स्वतः निरन्तर बढ्दै आएको छ।

डलरको मूल्य उच्च भएका दिन

दिन	डलरको मूल्य
वैशाख ४	१४९.४२
वैशाख ११	१५०.८८
वैशाख २३	१५२.७६
वैशाख २५	१५१.११
वैशाख ३०	१५३.३१
जेठ १	१५३.५३
जेठ २	१५३.८५
जेठ ५	१५४.४६

डलरको मूल्य बढ्दाका फाइदा-बेफाइदा

डलरको मूल्य बढेपछि विदेशी मुद्रामा हुने आम्दानी बढ्नेछ। अर्थात्, रेमिट्यान्स, निर्यात, विदेशी पर्यटनमार्फत हुने आम्दानी बढ्नेछ। तर, आयात भने महँगो हुनेछ। यसैगरी, नेपालले तिर्ने वैदेशिक ऋण पनि महँगो हुनेछ। विदेशबाट लिएको ऋण नेपालले डलरमा भुक्तानी गर्नुपर्छ। त्यसले गर्दा डलरको मूल्य बढेको अवस्थामा वैदेशिक ऋणको दायित्व पनि महँगो पर्नेछ। यद्यपि, डलरको मूल्य बढ्नु भनेको नेपाली मुद्रा कमजोर हुनु हो।



नेप्सेसँगै कारोबार रकम पनि घट्यो

काठमाडौं / साताको पहिलो कारोबार दिन सोमबार सेयर बजारमा झिनो अंकको गिरावट आएको छ। सो दिन बजार १.०३ अंकले घटेर नेप्से परिसूचक २७३०.९१ विन्दुमा बन्द भएको छ।

नेप्सेसँगै कारोबार रकम पनि घटेको छ। यसअघिको पछिल्लो कारोबार दिन तीन अर्ब नौ करोड रुपैयाँभन्दा बढीको कारोबार भएकामा सोमबार दुई अर्ब ४५ करोडभन्दा बढीको सेयर किनबेच भएको नेप्सेले जनाएको छ।



उक्त दिन तीन सय ३९ कम्पनीको ५८ लाख कित्ता ४३ हजारपटक खरिद-बिक्री भएको छ। यीमध्ये एक सय ३२ कम्पनीको सेयर मूल्य घटेको छ भने एक सय १९ कम्पनीको बढेको छ। बाँकी १८ कम्पनीको स्थिर छ।

नेप्सेका १३ वटा उपसमूहमध्ये बैंक, विकास बैंक, जलविद्युत्, लगानी र 'अन्य' समूहको सूचक बढ्दा बाँकीको घटेको छ। 'अन्य'को सर्वाधिक ०.३१ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा निर्जीवन बिमा समूह छ। यो समूहको सूचक ०.६९ प्रतिशतले घटेको हो। सोमबार इंगवा हाइड्रोपावरको मूल्य ८.४२ प्रतिशत बढ्दा बाँकीको वृद्धि ६.३२ प्रतिशतमुनि छ। निफ्रा ऊर्जा ऋणपत्रको मूल्य ५.२६ प्रतिशत घटेको छ।

■ निर्माणमा हुने ढिलाइ न्यूनीकरण गर्न कानुन मन्त्रालयको प्रतिवेदन

दुई महिनाभित्र पूर्वाधारसम्बन्धी मुद्दा फैसलाको व्यवस्था गर्न सुझाव

एउटा पक्षको तर्फबाट दुई घण्टाभन्दा बढी बहस गर्न नपाउने, फैसलाको पूर्णपाठ २१ कार्यदिनभित्र आउने व्यवस्था गर्नुपर्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पूर्वाधार निर्माण तथा विकास आयोजनासम्बन्धी अदालतमा पर्ने मुद्दामा दुई महिनाभित्र फैसला गर्ने गरी कानुनी र संस्थागत व्यवस्था गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले बनाएको अध्ययन समितिले सुझाव दिएको छ। २५ चैतमा मन्त्रालयका सचिव पाराश्वर ढुंगानाको संयोजकत्वमा बनाएको अध्ययन समितिको प्रतिवेदनले यस्तो सुझाव दिएको हो। मन्त्रालयले सोमबार उक्त प्रतिवेदन सार्वजनिक गरेको छ।

खरिद प्रक्रिया, मुआब्जा, जग्गा अधिग्रहण र संरक्षित क्षेत्रलगायतका विषयमा अदालतमा पर्ने मुद्दा र त्यसको निरुपणमा हुने ढिलाइले सडक, सिँचाइ, विद्युत्, प्रसारणलाइनजस्ता परियोजनाको निर्माणकार्य अत्यन्त प्रभावित भएको उक्त प्रतिवेदनले नै देखाएको छ। त्यो समस्या समाधान गर्न मुद्दाको निरुपण प्रक्रियालाई द्रुत गतिमा अघि बढाउनुपर्ने सुझावसहित प्रतिवेदन समितिले बुझाएको छ।

'जग्गा प्राप्ति, घर तथा लिगलगापात मूल्यांकन तथा मुआब्जा निर्धारणजस्ता मुद्दा-मामिलाका सम्बन्धमा सुरु अदालतले डेडिकेटेड फास्ट ट्र्याक तोकी मुद्दा परेको मितिले बढीमा दुई महिनाभित्र र पुनरावेदन तहमा सो मुद्दा साधकसरह स्वतः पेस हुने व्यवस्था गरी सुरु अदालतले फैसला गरेको मितिले बढीमा दुई महिनाभित्र अन्तिम किनारा लगाउने व्यवस्था गर्नुपर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ।

यस्ता मुद्दामा अन्तरिम वा अल्पकालीन अन्तरिम आदेश जारी भएको दुई महिनाभित्रै अन्तिम आदेश आउने व्यवस्था गर्नुपर्ने समितिको सुझाव छ। अहिले अन्तरिम आदेश आएपछि मुद्दाको अन्तिम किनारा लाग्न वर्षौं लाग्ने गरेको छ। त्यसले परियोजनाको निर्माण नमज्जाले प्रभावित भएको छ। त्यो समस्या समाधान गर्न दुई महिनामै अन्तिम आदेश आउने व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

'अन्तरिम आदेश जारी भएपछि मुद्दा अन्तिम किनारा लाग्न लामो समय लाग्ने अवस्थाको अन्त्य गर्न अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी भएको मुद्दामा त्यस्तो अन्तरिम आदेश जारी भएको दुई महिनाभित्रै अन्तिम आदेश दिने व्यवस्था गर्ने,' प्रतिवेदनमा भनिएको छ।

यस्तै, अन्तरिम आदेश जारी भएको मुद्दामा निरन्तर अनुगमन र सुपरिवेक्षण गर्ने र अन्तरिम आदेशबाट अर्को पक्षलाई भएको क्षतिको क्षतिपूर्ति व्यहोर्ने व्यवस्था गर्नुपर्ने पनि समितिको सुझाव छ। अध्ययन समितिका सदस्य तथा पूर्वाधार विकास मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले अदालतमा पर्ने मुद्दाबाट पूर्वाधार विकासमा पर्ने असरलाई न्यूनीकरण गर्ने गरी अध्ययन गरिएको बताए। 'अदालतमा पर्ने उजुरी तथा मुद्दाबाट सार्वजनिक निर्माण प्रभावित भएको देखियो। त्यसको असर भने प्रत्यक्ष जनतालाई परेको छ। त्यही विषयलाई नै केन्द्रमा राखेर अध्ययन गरेका छौँ,' उनले भने, 'अहिले न्याय खोज्दा प्राथमिक विकल्प छोडेर सिधै अदालत जाने र अदालतले पनि त्यसलाई मान्यता दिने गरेको पाइन्छ। अदालतले सही नियतले निर्णय गरे पनि त्यसको असर नकारात्मक देखियो। समग्रमा मुद्दाबाट पूर्वाधार निर्माणमा परेको असरलाई न्यूनीकरण गर्न सकिने सुझावसहित प्रतिवेदन तयार गरेका छौँ। यसको कार्यान्वयन भयो भने यस क्षेत्रमा भएका समस्या समाधान हुने आशा छ।'





अध्ययन समितिका सदस्य सुशीलबाबु ढकाल भन्छन्-

अदालतमा पर्ने उजुरी तथा मुद्दाबाट सार्वजनिक निर्माण प्रभावित भएको देखियो। त्यसको असर भने प्रत्यक्ष जनतालाई परेको छ। त्यही विषयलाई नै केन्द्रमा राखेर अध्ययन गरेका छौँ, अहिले न्याय खोज्दा प्राथमिक विकल्प छोडेर सिधै अदालत जाने र अदालतले पनि त्यसलाई मान्यता दिने गरेको पाइन्छ। अदालतले सही नियतले निर्णय गरे पनि त्यसको असर नकारात्मक देखियो। समग्रमा मुद्दाबाट पूर्वाधार निर्माणमा परेको असरलाई न्यूनीकरण गर्न सकिने सुझावसहित प्रतिवेदन तयार गरेका छौँ।

■ २१ दिनमा फैसलाको पूर्णपाठ आउनुपर्ने

समितिले यस्ता मुद्दामा ढिलासुस्ती बनाउने अभ्यास रोकी समयमै मुद्दा फर्स्योट हुने व्यवस्था गर्न पनि सुझाव दिएको छ। यस्ता मुद्दामा हुने ढिलासुस्तीबाट आयोजनाको समय र लागत अत्यधिक बढ्न गई कार्यान्वयनमा समेत अवरोध उत्पन्न हुने गरेको छ। त्यसले गर्दा आयोजनालाई समयमै सम्पन्न हुने गरी मुद्दाहरू छिटो-छरितो रूपमा निरूपण गर्न सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावलीहरू संशोधन गर्नुपर्नेसमेत समितिको सुझाव छ।

यस्ता मुद्दामा वास्तविक सरोकारवाला निकायलाई मात्रै विपक्षी बनाउन समितिले सुझाव दिएको छ। धेरै सरोकारवालालाई विपक्षी बनाउँदा मुद्दा लम्बिने समितिको निष्कर्ष छ। तसर्थ, वास्तविक सरोकारवालालाई मात्रै विपक्षी बनाउने व्यवस्था गर्नुपर्ने समितिको सुझाव छ।

यस्तै, यस्ता मुद्दामा एउटा पक्षको तर्फबाट दुई घण्टाभन्दा बढी समय बहस गर्न नपाउने व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। यसैगरी, कानुन व्यवसायी वा पक्षले पेसी स्थगित गर्न नपाउने व्यवस्था गर्न पनि सुझाव दिइएको छ।

यस्तै, फैसलाको पूर्णपाठ समयमा नै तयार गर्ने व्यवस्था गर्नुपर्ने सुझाव पनि समितिले दिएको छ। 'सर्वोच्च अदालतबाट फैसला भएपछि फैसलाको पूर्णपाठ आउन लामो समय लाग्ने गरेको अवस्था छ। फैसलाको पूर्णपाठ बढीमा २१ कार्यदिनभित्र आउने व्यवस्था गर्ने,' प्रतिवेदनमा भनिएको छ, 'सर्वोच्च अदालतको हकमा प्रधानन्यायाधीश र उच्च अदालतको हकमा सर्वोच्च अदालतका न्यायाधीश तथा मुख्य न्यायाधीशले फैसलाको पूर्णपाठ समयमा तयार गरे-नगरेको निरन्तर अध्ययन र अनुगमन गर्ने व्यवस्था गर्ने।'

■ मुद्दा विचाराधीन हुँदा पनि काम निरन्तर

मुद्दा विचाराधीन अवस्थामा पनि विकासका कामलाई निरन्तरता दिने व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। 'पछि हारजित हुँदा तिर्नु-बुझाउनुपर्ने हानि-नोक्सानीको मूल्यबराबरको रकम सुरुमा नै निर्धारण गरी एउटा छुट्टै खाताको व्यवस्था गरी त्यस्तो खातामा सुरक्षित राख्ने व्यवस्था गरी विनाबाधा-अवरोध पूर्वाधार आयोजनाको निरन्तर कार्यान्वयन गर्न सकिने गरी सार्वजनिक खरिद ऐन, न्याय प्रशासन ऐन, मध्यस्थता ऐन, सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावलीहरूमा संशोधन गर्नुपर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ।

■ छुट्टै इजलास, विज्ञ न्यायाधीश

समितिले पूर्वाधार तथा विकास निर्माणसम्बन्धी मुद्दा हेर्न छुट्टै इजलास तथा न्यायाधिकरण गठन गर्न सुझाव दिएको छ। त्यसका लागि सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावलीहरूमा आवश्यक संशोधन गर्न भनिएको छ।

यस्ता मुद्दाहरूको सुनुवाइ र कारबाहीको स्पष्ट समयसीमा निर्धारण गर्नुपर्ने पनि समितिको सुझाव छ। 'रिट निवेदन सुनुवाइका लागि सर्वोच्च अदालत वा उच्च अदालतमा छुट्टै विशेषज्ञ न्यायाधीशसहितको डेडिकेटेड फास्ट ट्र्याक पूर्वाधार इजलास तोकी रिट निवेदन दायर भएको मितिले सुनुवाइ र कारबाही ६० दिनभित्र गरिसक्नुपर्ने गरी स्पष्ट समयसीमा निर्धारण गर्ने,' प्रतिवेदनमा भनिएको छ।

■ पूर्वाधार न्यायाधिकरण बनाउन सुझाव

समितिले विषयविज्ञ न्यायाधीशसहितको पूर्वाधार न्यायाधिकरण गठन गर्नसमेत सुझाव दिएको छ। 'वर्तमान न्यायिक संरचनामा प्राविधिक तथा जटिल निर्माणसम्बन्धी मुद्दाहरू टुंगिन लामो समय लाग्ने गरेको पाइन्छ। यसका कारण विकास आयोजनाहरू ठप्प हुने, लागत अत्यधिक वृद्धि भई अर्बौं क्षति हुने तथा सर्वसाधारण नागरिक प्रत्यक्ष रूपमा प्रभावित हुने अवस्था सिर्जना भएको छ,' प्रतिवेदनमा भनिएको छ, 'यो अवस्थालाई मध्यनजर गर्दै विशेष अधिकार क्षेत्र तोकी प्राविधिक ज्ञान भएका विशेषज्ञ न्यायाधीश तथा विज्ञहरूको संलग्नतामा तीन महिनाभित्र मुद्दा किनारा लगाउने गरी एउटा पूर्वाधार न्यायाधिकरण गठन गर्न उपयुक्त देखिन्छ।'

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति २०८३/०२/०५ गते नयाँ पत्रिका दैनिक

यस विकास बैंकको शाखा कार्यालय विराटनगर, मोरङबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुन: अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति
२०८३/०२/१९ गते स्थान : शाखा कार्यालय विराटनगर, मोरङ

बोलपत्र खोलिने मिति/समय
२०८३/०२/२१ गते, बिहीबार दिनको ३ बजे

क्र.सं	ऋणीको नाम, ठेगाना
१.	**नाम : उर्सा हेल्थकेयर प्रा.लि** नेपाल सरकार उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय ,कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं.: २३७१०८/७६/०७७, दर्ता मिति : २०७७/०३/०१, पान नं.: ६०९७४८६१३, दर्ता मिति : २०७८/०४/१७ ठेगाना : विराटनगर वडा न .०७, मोरङ्ग, संचालकहरुको नाम : उपेन्द्र प्रसाद यादव र : सन्तोष कुमारी राय

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. **नाम : उपेन्द्र प्रसाद यादव** ना.प्र.नं. ५१६, जि.प्र.का. मोरङ्ग जारी मिति : २०४५/०१/२९ बाबुको नाम : कुलदिप लाल यादव बाजेको नाम : रसिक लाल यादव ठेगाना : टकुवा गा.वि.स. वडा न .९ ,मोरङ्ग हाल : विराटनगर वडा न .०७, मोरङ्ग	२. **नाम : संतोष कुमारी राय** ना.प्र.नं. ८३९, जि.प्र.का. मोरङ्ग जारी मिति : २०४६/०२/३२ ससुराको नाम : कुल दिप लाल यादव पतिको नाम : उपेन्द्र प्रसाद यादव ठेगाना : विराटनगर वडा न .११ ,मोरङ्ग हाल : विराटनगर वडा न .०७, मोरङ्ग
३. **नाम : रोहन यादव** ना.प्र.नं. ०५-०२-७३-०१०५२, जि.प्र.का. मोरङ्ग जारी मिति : २०७३/०३/१२ बाबुको नाम : उपेन्द्र प्रसाद यादव बाजेको नाम : कुल दिप लाल यादव ठेगाना : रंगेली वडा न .११ ,मोरङ्ग हाल : विराटनगर वडा न .०७, मोरङ्ग	४. **नाम : पुनीता कुमारी** ना.प्र.नं. १९-०१-७०-०५९६०, जि.प्र.का. सर्लाही जारी मिति : २०७०/११/१३ ससुराको नाम : उपेन्द्र प्रसाद यादव पतिको नाम : रोहन यादव ठेगाना : धनगढा. वडा न .५ ,सर्लाही हालको ठेगाना : विराटनगर वडा न .०७, मोरङ्ग
५. **रागिनी यादव** ना.प्र..नं. ०५-०२-७४-०००९२, जि.प्र.का. मोरङ्ग, जारी मिति : २०७४/०१/०८ बाबुको नाम : उपेन्द्र प्रसाद यादव, बाजेको नाम : कुल दिप लाल यादव ठेगाना : सुनवर्षी. वडा न .४ ,मोरङ्ग, हाल : विराटनगर वडा न .७, मोरङ्ग	

धितोको विवरण

उपेन्द्र प्रसाद यादवको नाममा मालपोत कार्यालय रंगेली मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला टकुवा वडा नं. ९ क स्थित कित्ता नं. ८९६,२१३ को क्षेत्रफल क्रमश: ०-२-२-०, ०-८-१५-० तथा मोरङ्ग जिल्ला टकुवा वडा नं. ४ ग स्थित कित्ता नं. २ को क्षेत्रफल ०-७-५-० मा भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९६०३६-१२
शाखा कार्यालय : विराटनगर, मोरङ फोन नं.: ०२१-५१७७७६
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

रामसाही बछारको नाति, शिव बछारको छोरा, रौतहट जिल्ला, साविक डुमरीया (म) गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ बस्ने **देवानन्द चौधरी** (ना.प्र.नं. १५८२, जारी मिति २०४६/११/२४, जि.प्र.का. रौतहट)।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. रामसाही बछारको बुहारी, शिव बछारको पत्नी, रौतहट जिल्ला, साविक डुमरीया (म) गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ बस्ने **बिदिया देवी** (ना.प्र.नं. १४८२१, जारी मिति २०३५/१२/२०, जि.प्र.का. रौतहट)।	२. शिव बछारको बुहारी, प्रमानन्द चौधरीको पत्नी, रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ बस्ने **रेणु कुमारी चौधरी** (ना.प्र.नं. ३२२०६०-३१, जारी मिति २०६८/०९/२१, जि.प्र.का. रौतहट)।
३. शिव बछारको नाति, देवानन्द चौधरीको छोरा, रौतहट जिल्ला, साविक डुमरीया (म) गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ बस्ने **संजित कुमार चौधरी** (ना.प्र.नं. ३२२०८२/१४७०, जारी मिति २०७०/०८/१७, जि.प्र.का. रौतहट)।	४. शिव बछारको बुहारी, देवानन्द चौधरीको पत्नी, रौतहट जिल्ला, साविक डुमरीया (म) गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ बस्ने **शर्मिला देवी चौधरी** (ना.प्र.नं. ३१७०, जारी मिति २०६३/०४/१६, जि.प्र.का. रौतहट)।
५. भुवन बछारको नाति, रामसाही बछारको छोरा, रौतहट जिल्ला, साविक डुमरीया (म) गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ बस्ने **शिव बछार** (ना.प्र.नं. २०/०३४/३५, जारी मिति २०३५/०३/१०, जि.प्र.का. रौतहट)।	

धितोको विवरण

बिदिया देवी (ना.प्र.नं. १४८२१, जारी मिति २०३५/१२/२०, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक डुमरीया (म) गा.वि.स. वडा नं. १ हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ स्थित कि.नं. ३१४ र ३७५ को क्षेत्रफल क्रमश: ०-०-१३ र ०-०-२१/२ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website : www.siddharthabank.com

वैदेशिक लगानीका लागि स्थिर नीति लिन आग्रह

नयाँ पत्रिका

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) आकर्षण गर्न नीतिगत स्थिरता र कानुनी सुधार आवश्यक रहेको सरोकारवालाले औँल्याएका छन्। अस्थिर नीति तथा कानुनले लगानी आकर्षण नहुने भन्दै उनीहरूले यसका लागि वर्तमान सरकारले दिगो र वास्तविक सुधार गर्नुपर्नेमा जोड दिएका हुन्।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले सोमबार काठमाडौंमा आयोजना गरेको 'नेपालमा प्रत्यक्ष विदेशी लगानीको गाँठो कसरी फुकाउने' विषयक अन्तर्क्रियाका वक्ताहरूले विदेशी लगानी तथा प्रविधि भित्र्याउन नेपालले नीतिगत, कानुनी, प्रक्रियागत तथा व्यवहारगत सुधार गर्नुपर्ने औँल्याएका हुन्।

अधिवक्ता सेमन्त दाहालले पुँजीलाई आदर (रेस्पेक्ट) गर्ने ठाउँमा मात्रै वैदेशिक लगानी आउने भन्दै त्यसतर्फ नेपालले ध्यान दिनुपर्ने बताए। 'पुँजी भन्ने कुरा डरपोक हुन्छ, डराउने भयो भने पुँजी भागिहाल्छ, डरविहीन वातावरणमा मात्रै पुँजी आकर्षित हुन्छ,' उनले भने, 'त्यसैले नेपालले विदेशी लगानी आकर्षणका लागि दिगो र वास्तविक सुधार गर्दै अनुकूल वातावरण बनाउनुपर्छ।'

बहुराष्ट्रिय कम्पनी सूर्य नेपालका उपाध्यक्ष रवि केसीले उद्योगका लागि सबैभन्दा अनुकूल ठाउँ भए पनि अपेक्षाअनुसार लगानी आकर्षित हुन नसकेको बताए। खासगरी जग्गा उपलब्ध नहुने, औद्योगिक पूर्वाधारको विकास नभएको तथा नीतिगत अस्थिरताका कारण लगानी आकर्षित हुन नसकेको उनको भनाइ थियो। 'वातावरण, बजारको सामीप्यता, हरित ऊर्जाको उपलब्धतालगायत कारणले उद्योग राख्न संसारको सबैभन्दा उपयुक्त ठाउँ नेपाल हो,' उनले भने, 'तर, लगानी किन आइरहेको छैन ? किनभने यहाँ करको झमेला छ, नीतिगत स्थायित्व हुन सकेको छैन र जग्गाको समस्या छ।'

नेपाल-इन्डिया चेम्बर अफ कमर्स (निक्की)को इन्डिया विजेन फोरम कमिटीका सहसंयोजक सैबल घोषले ट्रेडमार्क (बौद्धिक सम्पत्ति)को चोरी भएका कारणसमेत कतिपय बहुराष्ट्रिय कम्पनीले नेपालमा उत्पादन सुरु गर्न नसकेको औँल्याए। उनले आजको दिनमा विदेशी लगानीको आकारभन्दा पनि त्यसले गर्ने व्यवसाय र रोजगारीलाई ध्यान दिनुपर्ने बताए।

मूल्य समायोजनको मागसहित निर्माण व्यवसायीको धर्ना

काठमाडौं/ इन्धन तथा निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले निर्माण उद्योग प्रभावित भएको भन्दै मूल्य समायोजनको मागसहित नेपाल निर्माण व्यवसायी महासंघले आन्दोलनका कार्यक्रम सुरु गरेको छ। पूर्वनिर्धारित कार्यक्रअनुसार महासंघले सोमबार खानेपानी तथा ढल व्यवस्थापन विभाग र सहरी विकास तथा भवन निर्माण विभागमा ज्ञापनपत्र बुझाउँदै धर्ना दिएको हो। महासंघअन्तर्गतको एसोसिएट सदस्य समन्वय समितिको तर्फबाट दुई विभागका महानिर्देशकलाई ज्ञापनपत्र बुझाई आधा घण्टा धर्ना दिइएको महासंघले जनाएको छ।

एसोसिएट सदस्य समन्वय समितिका संयोजक नवराज श्रेष्ठले महानिर्देशकद्वयलाई ज्ञापनपत्र बुझाउँदै मूल्यवृद्धिका कारण निर्माण उद्योगमा देखिएको भयावह अवस्थाबारे अवगत गराए। जवाफमा महानिर्देशकद्वयले इन्धन तथा निर्माण सामग्रीमा भइरहेको मूल्यवृद्धिका कारण निर्माण उद्योग असहज अवस्थामा पुगेको स्वीकार गर्दै उपयुक्त ढंगले समस्या समाधानको पहल भइरहेको जानकारी दिए।

आफ्नो पक्षमा...

पृष्ठ १ बाट क्रमशः

१६ उजुरी परेकामा मंगलबार बिहान ८ बजेका लागि समिति बैठक बोलाइएको छ। त्यही बैठकबाट सुनुवाइ प्रक्रिया सकेर निर्णय हुने समितिले जनाएको छ। न्यायालयमा अन्योल बढेकाले शीघ्र सुनुवाइका लागि बैठक डाकिएको समिति सभापति बोधनारायण श्रेष्ठले बताए।

कामु प्रधानन्यायाधीश मल्लले दिएको आदेशमा भनिएको छ, '...प्रस्तुत विषयमा दर्ता गर्न ल्याएको निवेदन आजै (सोमबार) एक बजेभित्र सबै रिट निवेदनहरू तथा दरपीठ आदेशउपरको निवेदनसमेत दर्ता गरी भोलि मिति ०८३ जेष्ठ ५ गते मंगलबारको तारेख तोकी पेसीमा चढाई नियमानुसार गर्नू र सोको जानकारी मलाई दिनू भनी यस अदालतको मुख्य रजिस्ट्रारको नाममा यो आदेश गरिदिएको छ।'

रजिस्ट्रार र मुख्य रजिस्ट्रारले दर्तामा अलमल्याउन खोज्नु न्यायिक प्रक्रियामा अवरोध पुऱ्याउनु रहेको तथा न्यायपालिकाको स्वच्छता, निष्पक्षता, सक्षमता र स्वतन्त्रतामाथिको उदासीनता तथा अकर्मन्यता रहेको पनि उनले आदेशमा उल्लेख गरेकी छिन्।

अदालतमाथिको आस्था घटाउने प्रयास भएको भन्दै मल्लले न्याय प्रशासन ऐनको दफा ३५ र सर्वोच्च अदालत नियमावलीको नियम ७ बमोजिम आदेश गरेको जनाएकी छिन्। दफा ३५ मा प्रधानन्यायाधीशले निर्देशन दिन सक्ने व्यवस्था छ भने यसको उपदफा (३) मा निर्देशन पालना गर्नु मातहतका अदालत, निकाय वा अधिकारीको कर्तव्य हुने उल्लेख छ। त्यस्तै, नियम ७ मा मुख्य रजिस्ट्रारले प्रधानन्यायाधीशको सामान्य निर्देशन र नियन्त्रणमा रही अदालतको प्रशासकीय प्रमुखका रूपमा रही कार्य गर्ने व्यवस्था छ।

तर, कानुनका जानकारहरू न्यायालय राजनीतिको अखडा बनिसकेको भन्दै सर्वोच्चका क्रियाकलापका कारण सर्वोच्चकै इज्जतमा आँच आएको बताउँछन्। 'पहिलो त रिटलाई दरपीठ गरेकोमा त्यसविरुद्धको निवेदन दर्ता नगर्नु र यति धेरै समय लिनु गलत नै हो। यति भन्दै गर्दा कामुले च्याम्बरबाट जुन आदेश गर्नुभयो, त्यो त झन् गलत भयो,' वरिष्ठ अधिवक्ता प्रा.डा. गान्धी पण्डितले भने, 'भावी प्रधानन्यायाधीशको संसदीय सुनुवाइ प्रक्रिया चलिरहेको वेला र तीन-चार दिनमा निर्णय हुन सक्ने वेला यो किचलो आइपरेको छ। अहिले कर्मचारीले आदेशका बाबजुद रिट दर्ता गरेका छैनन्।'

न्यायाधीशले संविधानको धारा १३६ अनुसार पेसी चढाउन आदेश होइन, निर्देशनसम्म दिन सक्ने वरिष्ठ अधिवक्ता पण्डितको भनाइ छ। 'आदेश दिने इजलासबाट हो, च्याम्बरबाट हुँदैन,' उनले थपे।

सर्वोच्चका पूर्वरजिस्ट्रार नारायण पन्थी सर्वोच्च प्रशासन चेपुवामा परेको र कामु प्रधानन्यायाधीशबाट भएको आदेशका कारण विषय झनै गिजोलिएको बताउँछन्। प्रधानन्यायाधीश सिफारिसको निर्णय भययता नै मल्लको अभिव्यक्ति शोभनीय नभएको तर्क गर्दै उनले भने, 'यस्ता कुरा न्यायाधीशजस्तो मान्छेलाई शोभनीय हुँदैन। अहिले उहाँले जुन आदेश दिनुभएको छ, त्यो अभिव्यक्ति नियुक्ति सिफारिसप्रतिको असन्तुष्टिजस्तो लाग्न सक्छ। विवादमा आउनै नहुने संस्था अहिले यस्तो अवस्थामा पुगेको छ। आदेश आएपछि पालना गर्नुपर्ने मुख्य रजिस्ट्रारले नै हो। धेरै गन्जागोल भइसक्यो, संस्था कमजोर हुँदा फाइदा कसैलाई हुँदैन।'

संवैधानिक परिषद्ले वरीयतामा चौथो नम्बरमा रहेका डा. शर्मालाई २४ वैशाखमा प्रधानन्यायाधीश सिफारिस गरेको थियो। उक्त सिफारिसविरुद्ध २५ वैशाखमा सर्वोचको रिट दर्ता शाखामा रिट पेस भएका थिए।

रिट निवेदक वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी भन्छन्, '२५ वैशाखमा रिट पेस गरेपछि दिनभरि म उतै थिएँ। हेर्दै छौँ भन्नुभएको थियो। बेलुका ८ बजेचाहिँ सर्वोच्चबाट मोबाइलमा दरपीठ आदेश पठाइदिनुभयो र दर्ता हुन नसक्ने भन्नुभयो।' अर्को रिट निवेदक डा. प्रेमराज सिलवालको पनि उस्तै भनाइ छ।

त्यसपछि शनिबार र आइतबार सार्वजनिक बिदा परेका कारण रिट दर्ता भएन। २८ वैशाखमा दरपीठविरुद्धको निवेदन लिई इजलासमा पेस गर्नुपर्ने मागसहित निवेदकहरू सर्वोच्च प्रशासन पुगे। तर, सोही दिन पनि सर्वोच्च प्रशासनले अध्ययन गरिरहेको जवाफ दिएको डा. सिलवाल बताउँछन्। त्यसपछिका दिनमा पनि दरपीठविरुद्धको निवेदन दर्ता तथा इजलासमा पेस नभएपछि सोमबार आफूहरू कायमुकायम प्रधानन्यायाधीशकहाँ पुगेको उनको भनाइ छ।

'सर्वोच्च प्रशासनबाट अलमल्याउने काम मात्र भयो, अनि सोमबार बिहानै म प्रधानन्यायाधीशलाई भेट्न गएँ। संविधानको धारा १२८ र १३६ तथा न्याय प्रशासन ऐनअनुसार जान मिल्ने भएकाले त्यसैअनुसार गएको हुँ,' सिलवालले भने। आफूले गुनासो राखेपछि कामु प्रधानन्यायाधीश मल्लले न्यायाधीश र उच्च प्रशासकलाईसमेत सँगै राखी छलफल गरेर आदेश जारी गरेको उनको भनाइ छ। तर, आदेश आएको थाहा हुनेबित्तिकै दर्ताको जिम्मेवारी लिएका उच्च कर्मचारीहरू गायब भएको सिलवाल बताउँछन्। रिट निवेदकहरू आफूकहाँ आएपछि कामु प्रधानन्यायाधीश मल्लले मुख्य रजिस्ट्रारलाई बोलाएर निवेदन दर्ता नगर्नुको कारण सोधेको र मुख्य रजिस्ट्रारले प्रधानन्यायाधीशमा सिफारिस शर्माको निर्देशनमा दर्ता नगरेको आदेशमा उल्लेख गरेकी छिन्। यसअघि कानुन दिवसका दिन मल्लले आफू जीवनभर विभेद र अन्यायको लडाइँ लडिरहेको तथा अझै पनि लडाइँ बाँकी रहेको अभिव्यक्ति दिएकी थिइन्।

प्रतिनिधिसभा पनि तरंगित, सांसदहरू सवाल-जवाफमा



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

काठमाडौं/ प्रधानन्यायाधीशमा सिफारिस डा. मनोजकुमार शर्माविरुद्धका 'रिट दर्ता गर्नू' भन्ने कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लको लिखित आदेशलाई लिएर संसद् बैठकमै सवाल-जवाफ उठेको छ। रास्वपा सांसदद्वय यज्ञमणि न्यौपाने र समीक्षा बाँस्कोटाले मल्लको आदेशलाई न्यायालयको प्रशासनिक अधिकारमाथिको हस्तक्षेप भन्दै प्रश्न उठाएका हुन्। तर, सत्तारुढ दलका सांसदको उक्त प्रश्नलाई विपक्षी एमालेले न्यायपालिकामाथि संविधानविपरीत भएको हस्तक्षेप भन्दै प्रतिवाद गरेका छन्।

रास्वपा सांसद न्यौपानेले सोमबार प्रतिनिधिसभाको बैठकमा भने, 'कन्फ्लिक्ट अफ इन्ट्रेस्टको प्रिन्सिपल कता-कता आकर्षित भएर आजको दिनमा हठातुमा न्यायाधीशज्यूहरूको चेम्बरबाट कुनै आदेश हुँदै छन्। सर्वोच्च अदालतको कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लको आदेश अहिले छरपस्ट आएको छ। यो आदेश दिने इजलास संयुक्त हो कि, एकल हो कि, बृहत् हो कि पूर्ण इजलास ? संविधानको कुन धाराले गाइड गरेको इजलास हो, यहाँ देखिन्न।'

वरिष्ठ अधिवक्तासमेत रहेका न्यौपानेले अदालतबाट सम्पादन हुने न्यायिक प्रक्रियामा प्रश्न गर्नुहुँदैन भन्नेमा आफू प्रस्ट रहेको भन्दै प्रशासनिक प्रक्रिया र प्रक्रियाविहीनताको सन्दर्भमा भने प्रश्न उठ्ने दाबी गरे। उनले विधि, नियम र पद्धति छाडेर व्यक्तिगत स्वार्थका लागि देखिएको सक्रियता दुखद भएको बताए।

'आज अदालतको सक्रियता कहाँ हुनुपर्थ्यो ? सर्वोच्चमा २७ हजारभन्दा बढी मुद्दा छन्, खोइ न्यायिक सक्रियता ? आठ हजारभन्दा बढी पाँच वर्ष नाघेका मुद्दा छन्, त्यहाँ सक्रियता देखिएन। तीन हजारभन्दा बढी रिट निवेदन र फौजदारी-देवानी मुद्दा फैसला कार्यान्वयन भएका छैनन्। डरलाग्दो कुरा त एक लाख २५ हजार वर्ष कैद लगत बाँकी छ, ३१ अर्ब जरिवाना असुल हुन बाँकी छ। यतातर्फ अगाडि बढेको देखिँदैन,' उनले भने, 'तर, कन्फ्लिक्ट अफ इन्ट्रेस्टको सिद्धान्त देखिने गरी अदालतको न्याय प्रशासनको विषयभन्दा बाहिर गएर जे क्रिया हुन्छन् कि भन्ने डर नागरिकमा छ, यो कुरा नेपाली नागरिकले निर्वाचित गरेको एउटा सांसदको हैसियतले सभामुखज्यूमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण होस्।'

त्यस्तै, सांसद बाँस्कोटाले शक्ति पृथकीकरणको सिद्धान्त न्यायालयले बिर्सिएको बताइन्। 'कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले चेक एन्ड ब्यालेन्स गर्ने हो। तर, यहाँ त सत्ता कब्जा गर्ने नियतले न्यायपालिका त्यो लेबलमा उत्रेर काम गर्न थाल्यो भने यसले न्याय सम्पादन गर्न सक्दैन,' उनले भनिन्।

अधिवक्तासमेत रहेकी बाँस्कोटाले न्यायसम्पादन न्यायाधीशहरूको प्रमुख दायित्व भन्दै रिट दर्ताको आदेश दिएर कामु प्रधानन्यायाधीशले आफ्नो अधिकार नाघेको आरोप लगाइन्। 'न्याय सम्पादन नगरेर अन्य विषयमा उहाँहरूले विषयान्तर गर्नुहुन्छ भने यो सम्मानित सदनबाट यसको विशेष ध्यानाकर्षण न्यायालयलाई, सरकारलाई र सभामुखमार्फत गर्न चाहन्छु,' उनले संविधानको धारा १०५ बारे आफू जानकार रहेको बताउँदै भनिन्, 'सुन्नमा आएअनुसार कामु प्रधानन्यायाधीश आफैँले डेलिगेसन बोलाएर दरपीठ भएका रिटहरूलाई दर्ता गर्न आदेश दिनु कत्तिको न्यायोचित हो ? यो हामीले छलफल गर्नैपर्छ।'

बाँस्कोटाले कानुन दिवसको दिन कामु प्रधानन्यायाधीश मल्लले दिएको अभिव्यक्तिमा पनि प्रश्न उठाइन्। 'उहाँले सार्वजनिक रूपमा अभिव्यक्ति दिनुभएको छ कि लडाइँ अझै बाँकी छ। कोसित लडाइँ बाँकी छ ? उहाँ त न्यायमूर्ति हो, उहाँले सरकार, सत्तासित अझै लडाइँ बाँकी छ भन्नुभएको भए, म त्यो दिन स्मरण गर्न चाहन्छु, जुन दिन कानुनको विद्यार्थी हुँदा यो खेद छ भन्दै गर्दा अदालतमा दलीय हस्तक्षेप भएको र न्यायमूर्तिलाई यहीँबाट उहाँकै कामरेडको भाषामा के बुझाउन चाहन्छु भने राजनीति नै गर्न खोज्नुभएको न्यायमूर्तिहरूले हो भने कोट खोलेर आउनुहोला, हामी तयार छौँ। सत्ता कब्जा गर्न खोज्ने, प्रतिशोध साध्ने कुरा मान्य हुँदैन,' उनले भनिन्।

रास्वपा सांसदद्वय न्यौपाने र बाँस्कोटाको अभिव्यक्तिमा एमाले प्रमुख सचेतक ऐन महरले नियमापत्ति गरे। उनले प्रतिनिधिसभा नियमावलीको नियम २१(ग) मा संविधानको धारा १०५ ले बहसमा बन्देज गरेका विषयमा छलफल गर्न नहुने व्यवस्था रहेको उल्लेख गरे। संविधानको धारा १०५ मा 'नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाहरूका सम्बन्धमा न्याय निरूपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्यपालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा संघीय संसद्को कुनै सदनमा छलफल गरिनेछैन' उल्लेख छ। यही धारा सम्झाउँदै उनले भने, 'पटक-पटक यो सदनमा न्यायाधीशहरूका कामकारबाहीमाथि न्यायाधीशहरूको अपमान हुने गरी, अदालतको अपमान हुने गरी र शक्ति पृथकीकरणको सिद्धान्तलाई खण्डित हुने गरी सांसदहरूले बोलेकाले ती शब्दहरू रेकर्डबाट हटाइयोस्,' उनले भने।

संसद् सचिवालयको कानुन शाखाका एक पदाधिकारीले न्यायालयका विषयमा विगतदेखि नै सदनमा प्रश्न उठ्ने गरेको बताए। 'एमपीहरूले हिजो पनि उठाउँथे, आज पनि उठेको छ। यसरी उठेकामा प्रमाण लाग्दैन, मानहानि लाग्दैन भन्ने छ,' ती अधिकारीले भने, 'आजको विषय हेर्दा कामु प्रधानन्यायाधीशले पनि प्रशासनिक अधिकारमा हस्तक्षेप गरेर, इजलास होइन, व्यक्तिगत अधिकारको नाममा ट्र्याकबाहिर गएर काम गरिन्। यता (संसद्मा) पनि त्यसरी नै विषय उठ्यो। परिस्थितिअनुसारै विषय उठेको देखिन्छ।'

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनले भने मल्लको आदेशपछि पनि रिट दर्ता नभएपछि विरोध गरेको छ। मंगलबार कानुन व्यवसायीले दिउँसै लालटिन बालेर विरोध गर्ने कार्यक्रम तय गरेका छन्। वरिष्ठ अधिवक्ता तथा नेपाल बारका महासचिव केदारप्रसाद कोइरालाका अनुसार दिउँसो सवा १ बजे बारको प्रांगणमा लालटिन बालेर अदालत प्रशासनको 'अनपेक्षित क्रियाकलाप र हर्कतको विरोधसहित न्याय, विवेक र स्वच्छ प्रक्रियाको खोजी गर्ने' जनाएको छ। साथै, सल्लाहकार तथा बारका इकाइहरूबाट प्राप्त सुझावअनुसार थप विरोधका कार्यक्रम गर्ने बारको योजना छ।

संसद्मा रास्वपा सांसदको अभिव्यक्तिलाई बारले भन्यो- उन्मादी अभिव्यक्तिको अन्त्य पश्चात्तापबाट हुन्छ

नेपाल बार एसोसिएसनले सोमबार संसद्मा रास्वपा सांसदहरूले दिएको अभिव्यक्ति तथा टिप्पणीमाथि गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। आकस्मिक बैठकपछि बारका महासचिव केदारप्रसाद कोइरालाले जारी गरेको विज्ञप्तिमा उक्त मन्तव्य संसदीय अभिलेखबाट हटाउनसमेत माग गरिएको छ।

'अदालतमा विचाराधीन विषयमा संसद्मा छलफल गर्न बन्देज गर्ने प्रावधान संविधानको धारा १०५ मा लेखिएको विषयलाई नजरअन्दाज गरी खुलेआम आजको संसद् बैठकमा छलफल गरिएको विषय अत्यन्त दुःखद रहेको छ,' विज्ञप्तिमा छ, 'आवेशप्रेरित एवं दम्भमा आधारित उन्मादी अभिव्यक्तिको अन्त्य पश्चात्तापबाट हुने कुरामा नेपाल बार एसोसिएसन स्पष्ट छ।'

साथै सांसदका यस्ता मन्तव्य संसदीय अभिलेखबाट हटाउन तथा पुनः यस्ता घटनाहरू दोहोरिन नदिन स्पष्ट आदेश हुन सभामुखसमक्ष बारले अनुरोध गरेको छ। साथै, कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लबाट भएको आदेश अवज्ञा गर्नुले प्रशासनको रवैया असाधारण र अप्राकृतिक मात्र नभई अभिलेखीकरण हुने, विस्मृतिमा नजाने ऐतिहासिक भूल तथा प्रचलित कानुन आकर्षित हुने घटनासमेत रहेको ठहर बारको छ।

बारले भनेको छ, 'सर्वोच्च अदालतसमक्ष परेको दरपीठउपरको निवेदन विनाकारण दर्ता नगरी त्यत्तिकै राख्नु स्पष्टतः प्रशासनको अधिकारबाहिरको र न्यायमार्गमा अवरोध पुऱ्याउने कार्य भएको नेबाए ठहर गर्दछ।' यसअघि पनि बारले ३० वैशाखमा विज्ञप्ति जारी गर्दै रिटहरू दर्ता वा दरपीठ दुवै नहुने गरेको तथा निवेदन दर्तामा आलटाल गरेको भन्दै न्याय प्रशासन निष्पक्ष हुनुपर्ने र न्यायको प्रवाह निरन्तर होस् भनी माग गरेको थियो।

प्रस्तावित प्रधानन्यायाधीश शर्माको संसदीय सुनुवाइ आज



काठमाडौं/ प्रधानन्यायाधीशमा सिफारिस सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्माको संसदीय सुनुवाइ आज हुँदै छ। संसदीय सुनुवाइ समितिका सभापति बोधनारायण श्रेष्ठले न्यायालयमा अन्योल बढेकाले शीघ्र सुनुवाइ हुन लागेको बताए।

'प्रधानन्यायाधीशको नियुक्तिलाई लिएर न्यायालयमा अन्योल बढेको देखियो। हामीबाट सुनुवाइमा ढिलाइ हुँदा देश नै अप्ठ्यारो ठाउँमा नजाओस् भन्ने निष्कर्षमा पुगेर प्रक्रियाबाटै शीघ्र सुनुवाइ गर्ने निर्णयमा पुगेका छौँ,' उनले भने।

सभापति श्रेष्ठका अनुसार मंगलबार बिहान ८ बजे शर्माविरुद्ध परेका उजुरी खोलिनेछ। सांसदहरूलाई वितरण गरिनेछ। ९:४५ मा उजुरीकर्तासँग छलफल गरिनेछ। 'उजुरीकर्तासँग कति समय लाग्छ, त्यसपछि सुनवाइ हुन्छ,' उनले भने, 'अनुमोदन हुने वा नहुने जे भए पनि समिति निर्णयमा पुग्छ।'

शर्माविरुद्ध १६ उजुरी

प्रस्तावित प्रधानन्यायाधीश शर्माविरुद्ध संसदीय सुनुवाइ समितिमा १६ उजुरी परेका छन्। २५ वैशाखमा १० दिनको समय दिएर उजुरी आह्वान गरिएकोमा सोमबार कार्यालय समयभित्र १६ उजुरी परेका समितिकी उपसचिव सावित्रा शर्माले जानकारी दिइन्। समितिले शर्माको कार्यकुशलता, कार्यदक्षता, कार्यसम्पादन, आचरणसँग जोडिएका विषयमा ४ जेठसम्म उजुरी आह्वान गरेको थियो। संवैधानिक परिषद्ले २४ वैशाखमा शर्मालाई प्रधानन्यायाधीश पदमा सिफारिस गरेको थियो। अब सुनुवाइपछि अनुमोदन भए राष्ट्रपतिले शर्मालाई प्रधानन्यायाधीश नियुक्त गर्नेछन्।

होल्डिङ सेन्टरमा...

पृष्ठ १ बाट क्रमशः

धेरै नै त्रसित छन्। उनीहरूले मानसिक स्वास्थ्यमा पनि सरकारले ध्यान दिन जरुरी रहेको माग गरेका छन्।

संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकाल नेतृत्वको टोली होल्डिङ सेन्टर पुगेपछि त्यहाँको वातावरण एकाएक भावुक बन्यो। सरकारी टोली देख्नासाथ धेरैले आफ्ना कथा सुनाए। कोही डाको छाडेर रोए। कसैले बालबालिकाको मानसिक अवस्था सुनाए, कसैले रोजगारी गुमेको पीडा पोखे।

वृद्धवृद्धा, बिरामी र स्कुले बालबालिकाको भविष्यमाथि अन्योल छाएको भन्दै उनीहरूले राज्यसँग मानवीय व्यवहारको माग गरे। बर्सौंदेखि बस्दै आएको ठाउँबाट हटाएर सरकारले अव्यवस्थित रूपमा राखेको तथा औषधिसमेत खान नपाएको दुःखेसो पोखे। होल्डिङ सेन्टरमा बसेकाहरू भन्दै थिए, 'डोजर चलेपछि बच्चाहरू बोल्नै छाडे, हामीलाई अनागरिकझैँ व्यवहार भएको छ।'

'हामीलाई त्यहाँबाट निकाल्दा नेपाली नागरिक होइनजस्तो व्यवहार गरियो। सरकारी जग्गा हडपेको भन्दै अपमान अनेकौँ चिन्ता थपिएका छन्।'

होल्डिङ सेन्टरमै बस्दै आएकी एक महिलाले औषधि खान नपाएको सुनाइन्। 'प्रेसरको औषधिसमेत छुटेको छ। दुःख गरेर खाइरहेका थियौँ। खोइ काम र दबाई खाने पैसा ?' उनले प्रश्न गरिन्।

हाल यहाँ ३९ परिवारका ११२ जनालाई राखिएको छ। उनीहरूलाई खान बस्नलगायतका सुविधा सरकारले दिएको छ। तर, बालबालिकाको शिक्षामा भने अन्योलता छ। यहाँ करिब १५/२० जना स्कुल जाने बालबालिका छन्। 'विद्यालय पठाउन चुनौती छ। स्थायी रूपमा उनीहरू कहाँ जान्छन् भनेर अहिले विद्यालय पठाउन सकिरहेका छैनौँ,' रेडक्रस जनशक्ति विकास प्रतिष्ठानका विभागीय प्रमुख रश्मि श्रेष्ठले भनिन्, 'पोसाकविना पठाउँदा फरक व्यवहार होला भनेर विद्यालय लैजान सकेका छैनौँ।'

समिति सभापति ढकालले समस्या सरकारसमक्ष राखिने बताए। 'यहाँ देखिएका समस्या र गुनासा सम्बोधनका लागि सरकारलाई अनुरोध गर्छौँ,' उनले भने, 'फेरि बैठक बस्छौँ र सरकारलाई सुझाव तथा निर्देशन दिन्छौँ।'

काठमाडौं उपत्यकाका नदीकिनारबाट हटाइएकाहरूको



गरियो,' एक किशोरीले सुनाइन्, 'अस्थायी रूपमा ठिकै छ, तर स्थायी रूपमा कहाँ जाने हो, चिन्ता छ। सरकारले छिटो टुंगो लगाओस्।' उनले सरकारले लालपुर्जा दिए नेपाली नागरिक भएको महसुस हुने सुनाइन्।

सेन्टरमा बस्दै आएका अर्को परिवारका एक सदस्यले संसदीय समितिसमक्ष सुनाए, 'डोजर चलाइसकेपछि बच्चाहरूको बिजोग भएको छ। बच्चाहरू महासुकमवासी भएका छन्। उनीहरूको मनमा त्रास छ। घर भत्काउनुभन्दा पहिले बोल्ने बच्चा अहिले बोल्दैनन्। बच्चाहरूको मानसिक स्वास्थ्यमै गम्भीर असर परेको छ।'

सेन्टरमै रहेकी योमाया तामाङले छोराको चिन्ता सुनाइन्। उनले टहरामा डोजर चलेदेखि छोराले काम गर्न र बोल्न छाडेको सुनाइन्। 'भत्काउने दिनसम्म काम गरिरहेको बच्चा अहिले केही गर्न सक्दैन। उसलाई त्यस दिनदेखि मनमा डर छ,' तामाङले सुनाइन्, 'उसलाई

पहिचान कार्य अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले गरिरहेको छ। यो सक्न कम्तीमा एक महिना लाग्ने देखिएको छ। हालसम्म दुई हजार ६१६ घरपरिवारका ११ हजार एक सुकुमवासी सरकारको सम्पर्कमा छन्।

सरकारले १२ वैशाखदेखि उपत्यकाभित्रका नदीकिनारका अव्यवस्थित तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका बस्ती हटाउन सुरु गरेको थियो। तर, पूर्वतयारी र विकल्पविनै बस्ती भत्काइएको भन्दै चौतर्फी विरोध भएपछि हाल स्थगित गरिएको छ।

नदीकिनार क्षेत्रका विभिन्न बस्तीबाट हटाइएकामध्ये जम्मा ४० परिवारका ९३ जना सुकुमवासीलाई तारकेश्वरको इचंगुनारायणस्थित अपार्टमेन्टमा राखिएको छ। तर, त्यहाँ सबैलाई ठाउँ पुग्दैन। अन्यलाई स्थायी रूपमा कहाँ राख्ने भनेर सरकारी टोलीले ठाउँ खोजिरहेको छ।

समस्याग्रस्त...

पृष्ठ १ बाट क्रमशः

अनुसार पहिलो चरणमा १० हजार रुपैयाँभन्दा मुनिका बचतकर्ताको रकम फिर्ता सुरु भएको छ। २३ सहकारीमा यस्ता बचतकर्ताको संख्या ६ हजारहाराहारी छ। सुरुको चरणमा तीन सहकारीका ३७८ बचतकर्ताको १३ लाख ९९ हजार रुपैयाँ फिर्ता गरिएको समितिका सदस्य सचिव रविन ढकालले बताए। उनका अनुसार रकम फिर्ता निरन्तर चल्नेछ। 'पहिलो चरणमा १० हजारभन्दा मुनिका बचतकर्ताको रकम फिर्ता हुन्छ, त्यो सकिएपछि अन्यको थाल्छौँ,' उनले भने। समितिका अनुसार पहिलो दिन कान्तिपुर सहकारीका २१५, शिव शिखर बहुउद्देश्यीय सहकारीका १५६ र पशुपति सहकारीका सात बचतकर्ताको रकम फिर्ता गरिएको छ। बाँकी एक हजार बचतकर्ताको सूची तयार भएको र उनीहरूको नामावली रकम फर्स्योटका लागि अघि बढिसकेको समितिको भनाइ छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले रकम फिर्ता स्थापित चक्रीय कोषको कार्यविधिअनुसार पीडितले रकम फिर्ता पाउन थालेको बताइन्। 'समस्याग्रस्त सहकारीका पीडितलाई उनीहरूको बचत फिर्ता थालिएको छ। पहिलो चरणमा १० हजारमुनि बचत गरेकाले रकम पाएपछि क्रमशः अन्यले पाउनेछन्,' उनले भनिन्।

सरकारले चक्रीय कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८३ जारी गरेसँगै समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले पीडितलाई रकम फिर्ता दिन थालेको हो। कोषमा सरकारले पहिलो चरणमा २५ करोड रुपैयाँ निकासा गरेको छ। समितिले अन्य रकम भने ऋणीबाट ऋण असुल्दै पीडितलाई फिर्ता दिनेछ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको तथ्यांकअनुसार संघअन्तर्गत मुलुकभर २३ सहकारी समस्याग्रस्त घोषणा भएका छन्। त्यसमा आइडल यमुना हाम्रो बहुउद्देश्यीयबाहेक २२ सहकारीमा ५८ हजार २८८ बचतकर्ता पीडित छन्। उनीहरूको ३५ अर्ब ४५ करोड ३१ लाख ६० हजार ९०६ रुपैयाँ फिर्ता गर्न बाँकी छ।

बचतकर्ताको रकम फिर्तासँगै समितिले ऋण असुली कार्य पनि थालेको छ। तथ्यांकअनुसार समस्याग्रस्त २२ सहकारीका १३ हजार ७५ ऋणीबाट २३ अर्ब ६२ करोड ९६ लाख ५८ हजार ७९४ ऋण उठाउन बाँकी छ। ऋण भुक्तानीका लागि समितिले मंगलबार नै सूचना निकालेको छ। ऋण भुक्तानी नगर्ने ऋणीको धारा, बिजुली, सिफारिसजस्ता सार्वजनिक सेवा बन्द गर्ने भनिएको छ। त्यसबाहेक उनीहरूको नाम कालोसूचीमा चढाई सार्वजनिक गरिनेछ। सम्पत्ति लिलाम हुनेछ र कैद एवं जरिवानासमेत तोकिनेछ।

यसरी असुल गरिएको ऋण कोषमा दाखिला गरिनेछ। त्यसबाहेक ठगीमा संलग्न सहकारीका सञ्चालक, कर्मचारी, बोर्ड सदस्यबाट रकम असुल गरिनेछ। त्यसमध्ये केही रकम सरकारलाई शोधभर्ना गरिनेछ भने बाँकी रकम बचतकर्तालाई फिर्ता गरिनेछ। समितिका अनुसार सम्बन्धित सहकारीबाट उठेको रकम सोही सहकारीको बचतकर्तालाई फिर्ता गरिनेछ।

Nepal Investment Mega Bank Limited
Invites Sealed-Bid for Supply of Desktop Computer
(First date of Publication: 19th May, 2026)

Nepal Investment Mega Bank Limited invites sealed-bid from interested dealers and suppliers for supply of Desktop Computer.

Terms and Conditions:

- A copy of Firm/Companies Registration, VAT/PAN and Tax Clearance Certificate to be submitted along with the proposal.
- The bidder should have prior experience of supplying Desktop Computer to the Bank at least in three "A" Class Commercial Bank of Nepal.
- A complete set of Request for Proposal (RFP) document with details of work to be carried out can be purchased from General Service Department upon submission of deposit slip for NPR 2,500 (Non-refundable) in account number 001093701001 (A/C Payable Sundry Cr. Misc.) from any branch of Nepal Investment Mega Bank Limited.
- The bidders have to submit Bid Bond Guarantee issued by an "A" Class Commercial Bank of Nepal with minimum amount being 5% of the total bid value and valid for minimum 90 days.
- Bid document should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank Limited, Durbarmarg, Kathmandu, Nepal latest by 2nd June, 2026 by 4:30 PM.
- In case the last date of submission is declared a public holiday, the sealed -bid can be submitted on the next working day. Bid documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender.

Nepal Investment Mega Bank Limited reserves the right to accept or reject the proposal(s) without declaring any reason whatsoever.

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Nepal Investment Mega Bank Limited
Durbarmarg, Kathmandu, Nepal
Phone No.: 01-5328229
Email: info@nimb.com.np
Website: www.nimb.com.np

बीमित महानुभावहरूका लागि महत्वपूर्ण जानकारी !

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२५

यस सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा जीवन बीमा गराई कम्पनीसँग आवद्ध हुनु भएकोमा सम्पूर्ण बीमित महानुभावप्रति सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीको तर्फबाट हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछौं । तपाईंले यस कम्पनीमा बीमा सम्बन्धी कारोबार गर्दा निम्न कुराहरुमा ध्यान दिनु हुन जानकारी गराइन्छ ।

१	बीमा दावी सम्बन्धी जानकारी :	• पूर्ण वा आंशिक परिपक्व (Full/Partial Maturity Claim) मिति अगावै दाबी रकम लिन कम्पनीमा समयमै सम्पर्क गर्नुहोस्। • बीमा परिपक्व मिति (Maturity Date) तथा अन्य जानकारी तपाईंको बीमालेखको कागजात वा SuryaJyoti Mobile App मार्फत प्राप्त गर्न सक्नुहुनेछ। • दावी भुक्तानी कम्पनीको कुनै पनि शाखा मार्फत प्राप्त गर्न सक्नुहुनेछ।
२	बीमाशुल्क भुक्तानी सम्बन्धी जानकारी	• बीमा सुरक्षा कायम राख्न र बिलम्बशुल्क (Late Fee) बाट बच्न समयमै बीमाशुल्क भुक्तानी गरी बीमालेख नविकरण गर्नुहोस्। • बीमाशुल्क विभिन्न Online माध्यमहरू (Esewa, Khalti, Connect IPS, Fonepay, NIC Asia MoBank, Cellpay) तथा कम्पनीको वेबसाइट (services.suryajyotilife.com) मार्फत भुक्तानी गर्न सक्नुहुनेछ। • रु. १ लाखभन्दा बढीको बीमाशुल्क कम्पनीले नगद लिन नमिल्ने कानुनी व्यवस्था रहेको छ। • भुक्तानी गरेपछि रसिद लिन नभुल्नुहोस् र भुक्तानीको विवरण SMS बाट प्राप्त भएको सुनिश्चित गर्नुहोस्। • भुक्तानी तपाईंको आफ्नै वा एकाघरको परिवारका सदस्यको बैंक वा Online खाताबाट मात्र गर्नुहोस्।
३	बीमा तथा व्यक्तिगत विवरण सम्बन्धी जानकारी	• बीमालेख र तपाईंको व्यक्तिगत विवरण SuryaJyoti Mobile App मार्फत हेर्न सक्नुहुनेछ। • तपाईंको व्यक्तिगत विवरण (मोबाइल नम्बर, ठेगाना, इमेल आदि) फरक परेमा तुरुन्त कम्पनीमा सम्पर्क गर्नुहोस्।
४	बीमालेख अन्तर्गत कर्जा सम्बन्धी जानकारी।	• बीमालेख धितोमा ऋण लिनु भएको भए, ब्याज नियमित रूपमा भुक्तानी गर्नु पर्नेछ। • भुक्तानी गर्नुपर्ने ऋण र ब्याजको विवरण SuryaJyoti Mobile App बाट हेर्न सक्नुहुनेछ। • ऋण र ब्याजको कुल रकम बीमालेखको समर्पण मूल्यभन्दा बढी भएमा बीमालेख स्वतः जफत हुनेछ र जफत बीमालेखमा कम्पनीको कुनै पनि दायित्व रहने छैन। • ऋण र ब्याज रकम Online माध्यमहरु बाट भुक्तानी गर्न सक्नुहुनेछ।
५	सम्पर्क र सहायता को लागि	माथि उल्लेखित अनुसार अथवा अन्य कुनै पनि जानकारीको लागि निम्न माध्यमबाट कम्पनीमा सम्पर्क गर्न सक्नुहुनेछ। • Mail: support@suryajyotilife.com • WhatsApp / Viber: ९८०२३३२९०१ • SuryaJyoti Life को Facebook Page वा Facebook Messenger • Landline: ०१-४५४५९४१ / ४५४५९४२ • Toll–Free: १६६०-०१६-०००० • नजिकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयः

SuryaJyoti जीवनको लागि

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२
इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०

सन्दीपको विश्वकीर्तिमानमा नेपाल पाँचौँ स्थानमा उक्लियो

अस्ट्रेलियन तीव्र गतिका बलर मिचेल स्टार्कले ७७ एकदिवसीय खेलमा १५० विकेट लिएका थिए। नेपालका सन्दीप ७३ खेलमै उनको रेकर्ड भंग गर्न सफल रहे।



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

लेग स्पिनर सन्दीप लामिछानेले एकदिवसीयमा कम खेलमा एक सय ५० विकेट लिने विश्वकीर्तिमान राखेका दिन नेपालले सोमबार आइसिसी विश्वकप लिग-२ मा शीर्ष स्थानको स्कटल्यान्डमाथि ६ विकेटको सानदार जित निकालेको छ। सन्दीपले ७३ खेलमै विश्वकीर्तिमान रचेका हुन्। उनकै नाममा एकदिवसीय फर्म्याटमा कम खेलमा सय विकेट रेकर्ड छ। सय विकेट लिन उनले केवल ४२ खेल खेलेका थिए।

स्कटल्यान्डमाथिको जितसँगै नेपाल २२ अंकका साथ शीर्ष पाँचमा उक्लिएको छ। नेपालले एकैपटक दुई स्थान सुधार गरेको हो। नेपालले घरेलु मैदानमा भएको पछिल्लो सातमध्ये पाँच खेल जितेर अंकतालिकामा सुधार गरेको हो। नेपालको २७ खेलबाट २२ अंक छ। स्कटल्यान्ड ३१ खेलबाट ३८ अंकसहित शीर्ष स्थानमा छ। अब, नेपालले शुक्रबार अमेरिकासँग अन्तिम खेल खेल्नेछ। त्रिवि क्रिकेट मैदानमा चलिरहेको विश्वकप लिग-२ मा लगातार दोस्रो जित हात पार्ने क्रममा नेपालका लागि बलिङद्वय स्पिनर ललित राजवंशीले चार र सन्दीपले तीन विकेट लिएका थिए।

ब्याटिङका क्रममा कप्तान रोहितकुमार पौडेल र ईशान पाण्डेले अर्धशतकीय इनिङ्स खेल्दा नेपालले खेल सकिन ७१ बलअघि जित निकाल्यो। टस जितेर पहिले ब्याटिङ गरेको स्कटल्यान्डले ३९.१ ओभरमा सबै विकेट गुमाएर एक सय ९४ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले ३८.१ ओभरमा चार विकेट गुमाउँदै सानदार जित हात पारेको थियो। लक्ष्य पछ्याएको इनिङ्समा नेपालका ओपनर कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि ६.४ ओभरमा ५८ रन जोडेका थिए।

नेपालले दुवै ओपनर केवल पाँच बलको अन्तरमा गुमाएको थियो। शेख ६.४ र कुशल ७.२ ओभरमा आउट भएका थिए। कुशलले २७ बलमा २८ रन तथा शेखले १७ बलमा २९ रनको योगदान दिए। कप्तान रोहित र ईशानले तेस्रो विकेटका लागि एक सय ३६ बलमा एक सय चार रनको साझेदारी गर्दै नेपालको जित सहज बनाए। ईशानले पहिलोपटक एकदिवसीय खेलमा अर्धशतकीय रूपमा ६१ बलमा ५५ रन बनाए। नेपालको जितमा महत्त्वपूर्ण योगदान दिएका रोहितले ९८ बलमा ७४ रन जोडे। २८ वर्षीय बायाँहाते ईशानले अमेरिकाविरुद्ध अघिल्लो खेलमा डेब्यु गर्दा २० रन बनाएका थिए।

अझै राम्रो गर्न सकूँ

● **सन्दीप लामिछाने**, लेग स्पिनर, नेपाल

विश्व कीर्तिमान बनाउँदा खुसी लागेको छ। त्रिवि मैदानमा पहिलोपटक पाइला टेक्दा देशका लागि राम्रो सपना देखेको थिएँ। यो क्षणलाई कसरी बयान गरूँ ? राम्रो लाग्छ। कसैले पहिलो दिन त्रिवि मैदानमा पाइला टेक्दा देशका लागि केही गर्ने एउटा सपना देखेको थियो। तपाईं राम्रो सोचले अगाडि बढ्नुहुन्छ भने राम्रो हुँदै जान्छ। यो सफलतामा धेरैजनाको साथ-सहयोग छ। टिमवर्क उत्कृष्ट भएकाले नै पछिल्ला खेलमा राम्रो नतिजा आइरहेका छन्, अझै आगामी दिनमा राम्रो गर्न सकूँ।



सन्दीपले तोडे अस्ट्रेलियन स्टार्कको रेकर्ड

सात वर्षअघि अस्ट्रेलियाका फास्ट बलर मिचेल स्टार्कले ७७ खेलमा एकदिवसीय खेलमा छिटो एक सय ५० विकेट लिएका थिए। सन्दीपले ७३ खेलमै स्टार्कको रेकर्डलाई पाखा लगाए। स्टार्कको तुलनामा सन्दीपले पाँच खेल कम खेलेका छन्। स्कटल्यान्डको ब्याटिङ इनिङ्सको १९.६ ओभरमा सन्दीपले ब्रान्डन म्याकमुलेन इरानबाट क्याच आउट गराउँदै एक सय ५० विकेट पूरा गरे। यसअघि सन्दीपले ११.३ ओभरमा मुन्सीको विकेट लिँदै एक सय ४९ विकेट संख्या बनाएका थिए।

उनले २१.४ ओभरमा क्रोसलाई आउट पारे। सन्दीपले आठ ओभरमा ३२ रन दिए। एकदिवसीय फर्म्याटमा सन्दीप, स्टार्कपछि कम खेलमा एक सय ५० विकेट लिने बलर पाकिस्तानका सक्लिन मुस्ताक हुन्। उनले ७८ खेलमा, अफगानिस्तानका रसिद खानले ८० तथा भारतका मोहमद सामीले ८० खेलमै एक सय ५० विकेट लिएका थिए। विश्व न्युजिल्यान्डका ट्रेन्ट बोल्टले ८२ तथा अस्ट्रेलियाका ब्रेट लीले ८४ खेलमा एक सय ५० विकेट हात पारेका थिए।

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
स्कटल्यान्ड	३१	१६	९	३८	०.७६
अमेरिका	२६	१८	८	३६	०.८२
ओमान	२८	१४	११	३१	०.०१
नेदरल्यान्ड्स	२४	१३	९	२८	०.१६
नेपाल	२७	१०	१५	२२	-०.०८
नामिबिया	२८	१०	१६	२२	-०.४९
क्यानडा	२४	९	१२	२१	-०.२०
युएई	२४	७	१७	१४	-१.०१

नेपाल स्पिनरका घातक बलिङ

त्रिवि क्रिकेट मैदानमा पहिलो ब्याटिङ गरेजेको स्कटल्यान्डले नेपालका स्पिनरविरुद्ध उत्कृष्ट प्रदर्शन गर्न सकेन। विशेष गरी स्कटल्यान्डका ब्याट्सम्यानले स्पिनरद्वय सन्दीप र ललितका धारिला बलिङ सामना गर्न सकेनन्। दुवैले समग्रमा सात विकेट लिए। ललितले आठ ओभरमा ३२ रन खर्चेर चार विकेट हात पारेका थिए र दीपेन्द्रसिंह ऐरीले आफ्नो नाममा एक विकेट लेखाए। स्कटल्यान्डको इनिङ्समा ब्रान्डन म्याकमुलन र माइकल ईम्लिसले अर्धशतक बनाए। म्याकमुलनले ४४ बलमा समान ६ चौका र छक्काको सहयोगमा सर्वाधिक ७३ रन बनाए। उनले ओपनर जर्ज मुन्सेसँग ४९ रनको साझेदारी गरे। मुन्से ३१ बलमा २१ रनमा आउट भए। माइकल ईम्लिसले ७२ बलमा ५१ रनको योगदान दिए। उनले चार चौका र एक छक्का हिर्काए।

नेपालले मलेसियासँग दुईवटा टी-२० आई खेल्ने

नयाँ पत्रिका

राष्ट्रिय महिला क्रिकेट टोलीले मलेसियासँग दुईवटा टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखला खेल्ने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले सोमबार महिला टोलीले मलेसियामै दुईवटा अन्तर्राष्ट्रिय टी-२० आई खेल खेल्ने जानकारी दिएको हो। दुई राष्ट्रबिचको खेल २० मे र २२ मेमा मलेसियामा हुने क्यानका प्रवक्ता छुम्बी लामाले बताए। नेपालले एसिसी महिला प्रिमियर कप र २०औँ एसियन खेलकुद प्रतियोगिताको छनोट खेलअघि मलेसियासँग शृंखला खेल्न लागेको हो।

महिला टोलीले गत वैशाखमा रुवान्डामा भएको आइसिसी महिला च्यालेन्ज कपमा प्रतिस्पर्धा गरेको थियो। दोहोरो रोउन्ड रोबिन लिगअनुसार भएको प्रतिस्पर्धामा नेपाल दोस्रो स्थानमा रहँदै उपविजेता बनेको थियो। नेपालले त्यसबेलामा उपाधि विजेता अमेरिकालाई मात्र पराजित गर्न सकेन।

च्यालेन्ज कपमा प्रदर्शन गरेका आधारमा क्यानले एसिसी प्रिमियर कप र एसियाडका लागि खेलाडी छनोट गरेको छ। इन्दु वर्माको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरिएको थियो। यसपटक सिनियर खेलाडी सीता रानामगरले पुनरागमन गरेकी छिन्। सिमाना केसी र सोनी पाखिन भने टोलीमा अटाएका छन्।



हेड टु हेडमा नेपाल बलियो

नेपाल र मलेसियन महिला क्रिकेट टोलीले एकै वर्ष टी-२० आईको मान्यता पाएका थिए। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले दुवै राष्ट्रलाई सन् २०१८ मा टी-२० आई मान्यता प्रदान गरेको थियो। त्यसयता यी दुई टोलीबिच १६ अन्तर्राष्ट्रिय खेल भएका छन्। जसमा नेपालले मलेसियामाथि १० खेलमा जित निकालेको छ। मलेसियाले नेपालमाथि ६ खेलमा हराएको छ। सन् २०१९ को १३ जनवरीमा मलेसिया र नेपालबिच पहिलो टी-२० आई भएको थियो। जसमा नेपालले मलेसियामाथि ६ विकेटको जित निकालेको थियो। अन्तर्राष्ट्रिय टी-२० आईमा मलेसियाले नेपालमाथि चौथो भेटमा हराएको थियो। सन् २०२३ को २९ मेमा नेपाल मलेसियासँग पहिलोपटक पाँच विकेटले पराजित भयो। यी दुई राष्ट्रबिच सबैभन्दा जितअन्तर तीन रन रहेको छ। सन् २०२५ को अक्टोबर २ मा मलेसियाले नेपालमाथि तीन रनले पाखा लगाएको थियो। नेपालले मलेसियालाई लक्ष्य पछ्याएको इनिङ्समा सात विकेटको जित अहिलेसम्मकै बृहत् हो। नेपालले मलेसियालाई सन् २०२३ मा क्वालालम्पुरमा पाँच रनले हराएको थियो।

वरीयतामा नेपाल २१औँ र मलेसिया २७औँ स्थानमा

आइसिसीको टी-२० आई वरीयतामा नेपाल २१औँ र मलेसिया २७औँ स्थानमा छन्। नेपालको तुलनामा मलेसियाले धेरै टी-२० आई खेलेको छ। मलेसियाले अहिलेसम्म १०७ टी-२० आई खेलेको छ, जसमा मलेसियाले ४५ जित र ६० खेलमा हारको सामना गरेको छ। यस वर्ष मलेसियाले १३ टी-२० आई खेल्दा ११ हार र एकमा जित निकालेको छ। यसैगरी, नेपाली महिला टोलीले ९२ टी-२० आई खेलेको तथ्यांक छ, जसमा नेपालले ५३ जित र ३८ खेलमा हार नतिजा निकालेको छ।

Nepal Investment Mega Bank Limited
Invites Sealed-Bid for Upgradation of Firewall
(First date of Publication: 19th May, 2026)

Nepal Investment Mega Bank Limited invites sealed-bid from interested dealers and suppliers for Upgradation of Firewall.

Terms and Conditions:

- A copy of Firm/Companies Registration, VAT/PAN and Tax Clearance Certificate to be submitted along with the proposal.
- The bidder should have prior experience of Upgradation of Firewall of the Bank at least in three "A" Class Commercial Bank of Nepal.
- A complete set of Request for Proposal (RFP) document with details of work to be carried out can be purchased from General Service Department upon submission of deposit slip for NPR 2,500 (Non-refundable) in account number 001093701001 (A/C Payable Sundry Cr. Misc.) from any branch of Nepal Investment Mega Bank Limited.
- The bidders have to submit Bid Bond Guarantee issued by an "A" Class Commercial Bank of Nepal with minimum amount being 5% of the total bid value and valid for minimum 90 days.
- Bid document should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank Limited, Durbarmarg, Kathmandu, Nepal latest by 2nd June, 2026 by 4:30 PM.
- In case the last date of submission is declared a public holiday, the sealed -bid can be submitted on the next working day. Bid documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender.

Nepal Investment Mega Bank Limited reserves the right to accept or reject the proposal(s) without declaring any reason whatsoever.

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Nepal Investment Mega Bank Limited
Durbarmarg, Kathmandu, Nepal
Phone No.: 01-5328229
Email: info@nimb.com.np
Website: www.nimb.com.np

बार्सिलोनाले जित्यो सबै घरेलु १९ खेल

एजेन्सी

बार्सिलोनाले स्पेनिस ला लिगामा नयाँ रेकर्ड स्थापित गरेको छ। बार्सिलोनाले यस सिजनको ला लिगामा घरेलु मैदान क्याम्प नोउमा भएका सबै १९ खेल जितेको छ। ला लिगामा होम एन्ड अवे खेल हुन्छ। लिगमा सहभागी सबै टोलीले एकपटक आफ्नो घरेलु र अर्कोपटक विपक्षीको अवे मैदानमा प्रतिस्पर्धा गर्छन्। बार्सिलोनाले सन् २०२५/०२६ सिजनको ला लिगाअन्तर्गत घरेलु मैदानमा कुनै पनि खेलमा हारको सामना गरेन। यस्तो रेकर्ड बनाउने बार्सिलोना ११औँ स्पेनिस क्लब बनेको छ।

प्रतिस्पर्धाको आइतबार राति बार्सिलोनाले रियल बेटिसलाई ३-१ ले हरायो। यो खेलमा बार्सिलोनाका लागि राफिन्हाले दुई गोल गरेका थिए। बार्सिलोनले यसअघि नै ला लिगाको उपाधि रक्षा गरिसकेको थियो। गत आइतबार बार्सिलोनाले एल क्लासिकोमा रियल म्याड्रिडलाई हराउँदै उपाधि जितेको थियो। क्याम्प नोउमा ब्राजिलियन स्ट्राइकर राफिन्हाले २८औँ मिनेटमा १-० को अग्रता दिलाएका थिए।

उनले ६२औँ मिनेटमा बार्सिलोनालाई २-० को अग्रता दिलाए। खेलको ६९औँ मिनेटमा रियल बेटिसका इस्कोले पेनाल्टीमा गोल गर्दै टोलीलाई २-१ को गोलअन्तरमा ल्याए। खेलको ७४औँ मिनेटमा जाआओ कान्सेलोले बार्सिलोनालाई ३-१ को जित पक्का पारे। सन् १९८५-८६ को सिजन ला लिगामा ३४ खेल हुँदा रियल म्याड्रिडले सान्टिएगो बर्नाबेउको घरेलु मैदानमा सबै १७ खेल जितेको थियो। बार्सिलोनाले सन् १९५९-६० मा ला लिगामा ३० खेल हुँदा सबै घरेलु मैदानमा भएका १५ खेल जितेको थियो। यस सिजनमा बार्सिलोनाले पाँच खेलमा मात्र हार सामना गरेको छ। उसले ३७ खेलमा सर्वाधिक ९४ अंक जोडेको छ। पछिल्लो ६ खेलमा बार्सिलोनाले पाँचमा जित निकालेको छ। दोस्रो स्थानमा रहेको रियल म्याड्रिडले ३७ खेलमा ८३ अंक जोडेको छ। रियलले २६ जित, पाँच बराबर तथा ६ खेलमा हार निकालेको छ। तेस्रो स्थानको भिल्ला रियलले ३७ खेलमा ६९ अंक जोडेको छ।

> स्पेनिस ला लिगाको इतिहासमा घरेलु मैदानमा सबै खेलमा अपराजित रहने बार्सिलोना ११औँ क्लब

बार्सिलोनाबाट लेवान्डोस्कीको बिदाइ

पोल्यान्डका स्ट्राइकर रोबर्ट लेवान्डोस्कीले बार्सिलोना छाड्ने भएका छन्। उनले यस सिजनमा मात्र बार्सिलोनामा रहने घोषणा गरिसकेका थिए। सन् २०२२ मा बार्सिलोनासँग आबद्ध भएका लेवान्डोस्कीले सिजनको अन्त्य घरेलु मैदानमा सानदार रूपमा गरेका छन्। उनले बार्सिलोनाबाट एक सय ९१ खेलमा एक सय १९ गोल गरेका छन्। यस सिजनमा उनले बार्सिलोनासँग सम्झौता नवीकरण गरेनन्। अन्तर्राष्ट्रिय मिडियाका अनुसार सम्भवतः उनी साउदी प्रो लिगमा जान सक्छन्। यद्यपि, युरोप, अमेरिका र अन्य शीर्ष डिभिजन लिगबाट उनलाई प्रस्ताव आइरहेको छ। तर, पछिल्लो समयमा राम्रो कमाइ गर्ने थलोका रूपमा साउदी प्रो लिग बनिरहेका छन्। करिअरको उत्तरार्द्धमा पुगेका चर्चित खेलाडीहरू साउदी प्रो लिगमै आबद्ध छन्।



यस सिजन च्याम्पियन्स लिगमा हार

स्पेनिस ला लिगामा सानदार प्रदर्शन गरेको बार्सिलोनाले युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगितामा मात्र हारको सामना गरेको छ। च्याम्पियन्स लिगअन्तर्गत लिग चरणमा साबिक विजेता पेरिस सेन्ट जर्मेन (पिएसजी)सँग बार्सिलोना घरेलु मैदानमा पराजित भएको थियो। त्यसपछि क्वार्टरफाइनलअन्तर्गत घरेलु मैदानमा भएको प्रतिस्पर्धामा स्पेनिस प्रतिद्वन्द्वी एट्लेटिको म्याड्रिडसँग बार्सिलोना स्तब्ध भयो। अब बार्सिलोनाले यस सिजनको अन्तिम लिग खेल आगामी शनिबार भ्यालेन्सियाको मैदानमा खेल्नेछ।

सूर्य नेपाल च्यालेन्ज आजदेखि

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गतको सातौँ प्रतियोगिता सूर्य नेपाल च्यालेन्ज मंगलबारदेखि रोयल नेपाल गल्फ क्लबमा आयोजना हुँदै छ। यो प्रतियोगिता आगामी शुक्रबारसम्म चल्नेछ।

७२ होलको प्रतियोगितामा ३९ जना व्यावसायिक (प्रोफेसनल) तथा १२ जना एमेच्योर गल्फरले भाग लिँदै छन्। पहिलो ३६ होलपछि कट लागू गरिनेछ। त्यसपछि उत्कृष्ट १८ प्रोफेसनल तथा प्रोफेसनल कट पार गर्ने एमेच्योर खेलाडीले अन्तिम ३६ होलमा स्थान बनाउनेछन्। सूर्य नेपाल च्यालेन्जलाई लक्षित गर्दै गल्फ कोर्सको अवस्था विशेष रूपमा सुधार गरिएको छ। जसमा अधिकांश खेलाडी प्रतियोगिताअघि अभ्यास राउन्डमार्फत कोर्सको अवस्थासँग अभ्यस्त भइरहेका छन्। प्रमुख दाबेदारका रूपमा यस सिजन तीन उपाधि जितिसकेका भुवन नगरकोटी, विजेता नीरज तामाङ, शुक्रबहादुर राई, दिनेश प्रजापति तथा जयराम श्रेष्ठ रहेका छन्। एमेच्योरतर्फ सूर्य नेपाल सेन्ट्रल ओपनका विजेता राहुल विश्वकर्मा पनि दाबेदार मानिएका छन्।प्रतियोगिताको कुल पुरस्कार राशि सात लाख १० हजार रहेको छ। विजेताले एक लाख ३० हजार प्राप्त गर्नेछन्।

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशन मिति २०८३/०२/०५)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

धितो लिलाम बिक्री हुने मिति :- २०८३ साल असार महिना ५ गते मंगलबार दिनको १२ बजे देखि ३ बजे सम्म
सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय पोखरा पृथ्वीचोक । लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि. शाखा कार्यालय पोखरा पृथ्वीचोक ।
ग्राहकको नाम : पाँच पोखरी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. (संचालक :- जितेन्द्र सिग्देल)
दर्ता भएको कार्यालय : नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौ ।
फर्म/कम्पनिको दर्ता नं : १५३०३५/०७३/०७४, दर्ता मिति : २०७३।०४।१८, पान नं. : ६०४२५७०४६

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	म.न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
सरल ठेक्का कर्जा तथा जमानत सुविधा (फोर्स लोन)	ज्ञानेन्द्र प्रसाद सिग्देल	कास्की	पोखरा	१३	१२१	१३८१. ५५ ब.मी.

प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण:

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
जितेन्द्र सिग्देल	पोखरा- १३, कास्की	६२५२	कास्की /२०४९/१२/२२/ जिल्ला प्रशासन कार्यालय	ज्ञानेन्द्र प्रसाद सिग्देल	रमानाथ सिग्देल
जंग बहादुर गुरुङ	गौरीशंकर- ६, दोलखा	१२२१२-३५११	दोलखा / २०५५।०८।२९ / जिल्ला प्रशासन कार्यालय	कोमल बहादुर गरुङ	रण बहादुर गरुङ

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
जितेन्द्र सिग्देल	पोखरा- १३, कास्की	६२५२	कास्की / २०४९/१२/२२/ जिल्ला प्रशासन कार्यालय	ज्ञानेन्द्र प्रसाद सिग्देल	रमानाथ सिग्देल
ज्ञानेन्द्र प्रसाद सिग्देल	पोखरा- १३, कास्की	४०३६	कास्की / २०४९/०७/१३/ जिल्ला प्रशासन कार्यालय	रमानाथ सिग्देल	तुलसी प्रसाद सिग्देल
सुधा सिग्देल	पोखरा- १३, कास्की	११९२७८	कास्की / २०५८/०६/२६/ जिल्ला प्रशासन कार्यालय	जितेन्द्र सिग्देल	ज्ञानेन्द्र प्रसाद सिग्देल
जंग बहादुर गुरुङ	गौरीशंकर- ६, दोलखा	१२२१२-३५११	दोलखा / २०५५।०८।२९ / जिल्ला प्रशासन कार्यालय	कोमल बहादुर गरुङ	रण बहादुर गरुङ

शर्तहरु :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, कठमाण्डौं ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com